# कुश्मा नगरपालिका

## दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९





कुश्मा नगरपालिका
गण्डकी प्रदेश, पर्वत, कुश्मा

# कुश्मा नगरपालिका

## दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९



**कुश्मा नगरपालिका**

गण्डकी प्रदेश, पर्वत, कुश्मा

कुश्मा नगरपालिका

दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९

प्रतिलिपि अधिकार @ कुश्मा नगरपालिका

गण्डकी प्रदेश, पर्वत, कुश्मा

प्रकाशक: कुश्मा नगरपालिका

फोन: ९७७-०६७-४२०१४१

ईमेल: kushmamun@gmail.com

वेब: kushmamun.gov.np

प्राविधिक सहयोग: Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resource in Nepal Project

JOINT SDG FUND

UNITED NATIONS NEPAL

U N D P

कुश्मा नगरपालिका
पर्वत

# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

## मन्तव्य

सङ्घीयतामा प्रवेश गरेसँगै नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई उत्तरदायी सरकारको रुपमा स्थापित गरेको छ। संविधान र कानून बमोजिम यी तीन वटै तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरिएको छ। मूलतः देशको आर्थिक विकास र समृद्धिका लागि नेपालले पनि संयुक्त राष्ट्र संघका अन्य सदस्य राष्ट्रहरुले जस्तै दिगो विकासका लक्ष्यहरुलाई आफ्नो देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए अनुसार यसको कार्यान्वयन गर्दै अगाडी बढिरहेको यथार्थतालाई हामीले धेरै सकारात्मक रुपमा लिएका छौं।

दिगो विकासका लक्ष्यहरुले लिएका गन्तव्यहरुलाई निश्चित समय भित्र पुरा गर्न यसको स्थानीयकरण गर्नु अहिलेको प्रमुख आवश्यकता रहेको वास्तविकतालाई हामी सवैले गम्भिर रुपमा मनन गरेका छौं। तर यो कसरी संभव हुन सक्छ भन्ने मुख्य प्रश्न हो। स्थानीय तहमा विद्यमान सिमित आर्थिक श्रोत र जन साधन मार्फत असिमित योजनाहरु सम्पन्न गर्नु निकै चुनौतीपूर्ण विषय छ। यस विषयमाथि समय-समयमा विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरिए पश्चात, नगरपालिका तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरणको अभियानलाई मूर्तरूप दिनका लागि सर्वप्रथम नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरी अगाडी बढ्नु पर्ने ठोस निष्कर्षमा पुगिएको हो।

माथि उल्लेखित पृष्ठभमिबाट अगाडि बढ्दै हामीले उक्त प्रतिवेदन तयार पार्न आर्थिक तथा प्राविधिक सहयोगका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग लिखित आग्रह गरेका थियौं। हाम्रो आग्रहलाई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्वन्धित निकायका महानुभावहरुले समेत सकारात्मक रुपमा ग्रहण गरी आर्थिक तथा प्राविधिक सहयोगको प्रतिवद्धता जाहेर गर्नु भएको थियो। आज हामी माझ हाम्रो कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य स्वच्छिक पुनरावलोकन प्रतिवेदन तयार भएको छ। यो संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्वन्धित निकायका महानुभावहरुको आर्थिक तथा प्राविधिक सहयोगको प्रतिफल हो भन्दा अतिसयोक्ती नहोला। यो एउटा प्रतिवेदन मात्र नभएर दिगो विकास लक्ष्यको स्थानीय तहमा आन्तरिकीकरणको पहिलो महत्वपूर्ण खुट्किला समेत रहेको विश्वास दिलाउन चाहन्छु।

तसर्थ, हाम्रो यस कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्ने हेतुले दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्न अध्ययनका लागि प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार डा. गिरिधारी शर्मा पौडेल लगायत अन्य राष्ट्र संघीय निकायहरु र ती निकायका प्रतिनिधीहरु, यस अध्ययनका लागि प्राविधिक सहयोग स्वरुप सहजीकरण गरी प्रतिवेदन तयार पार्न महत्वपूर्ण सहयोग पुऱ्याउने ट्रान्सेण्ड भिजन नेपाल तथा उक्त संस्थाबाट यस नगरपालिकामा सहजीकरणका लागि आउनु भएका परामर्शदाता व्यक्तित्वहरु क्रमशः डा. तुलसी थपलिया र श्री आर्यक रन्जन बराललाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, यस प्रतिवेदनलाई यस तहसम्म ल्याई पुर्याउनका लागि हर संभव सहयोग गर्ने यस नगरपालिकाका तमाम जनप्रतिनिधिहरु तथा कर्मचारी मित्रहरुले, आफ्ना अमूल्य राय, सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु, र स्थानीय सरोकारवाला समुहका साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

रामचन्द्र जोशी
नगर प्रमुख

रामचन्द्र जोशी
नगर प्रमुख

कुशमा नगरपालिका
पर्वत

# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

## मन्तव्य

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग संविधान र कानून बमोजिम यी तीन वटै तहले गर्ने व्यवस्था गरेको छ। यस अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार संवन्धी विषयमा कानून बनाउने, नीति तथा कार्यक्रम र वार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ । यसो गरिरहँदा देशको विकास, सुशासन, शान्ति र समृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य एवं प्रतिवद्धतालाई कार्यान्वयनं गर्न स्थानीय तहका नीति, कार्यक्रम तथा बजेट सहयोगी हुनुपर्ने हुन्छ । नेपालले संयुक्त राष्ट्र संघका अन्य सदस्य राष्ट्रहरुले जस्तै दिगो विकास लक्ष्यलाई आफ्नो देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए अनुसार यसको कार्यान्वयनमा स्थानीय तहको पनि अहम् भूमिका रहने कुरामा दुईमत छैन ।

दिगो विकास लक्ष्यले लिएका गन्तव्यहरुलाई निश्चिति समयभित्र पूरा गर्न यसलाई स्थानीयकरण गरी स्थानीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने र कार्यान्वयनमा लैजाने काम गाउँ तथा नगरपालिकाले गर्दै आएका छन् । अहिलेसम्म दिगो विकासका कार्यक्रम संचालन गरी लक्ष्यमा पुग्ने आधा समय गुज्रिसकेको छ ।सन् २०३० सम्ममा हासिल गरिसक्नु पर्ने लक्ष्यहरु मध्ये कतिपय लक्ष्यमा राष्ट्र पछि परिरहेको यथार्थ हाम्रो सामू छ।अझ कतिपय स्थानीय तह त दिगो विकासमा राष्ट्रिय औसत रुपमा हासिल भएका उपलव्धी भन्दा पनि पछि परेका छन्। यस पृष्ठभूमिमा अहिले सम्मका उपलव्धीहरुलाई स्वेच्छिक पुनरावलोकन तथा मूल्यांकन गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यको पृष्ठपोषण लिन यो स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ।

यो पुनरावलोकन प्रतिवेदनको विश्वसनीयता, निष्पक्षता तथा स्तरीयता कायम गर्न सम्वन्धित क्षेत्रका विभिन्न सरोकारवालाहरुसँग छलफल, अन्तरकृया तथा संवादका माध्यमवाट सहभागिता सुनिश्चित गरिएको थियो । नगरपालिकाका पदाधिकारीहरु, विषयगत समितिहरु, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रका प्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधीहरु, पत्रकार, युवा, महिला, र स्थानीय बुद्धिजीविहरुसँग सघन छलफल गरी यो प्रतिवेदन तयार पारिएकाले स्थानीय सवै सरोकारवालाको यसमा स्वामीत्व रहेको छ । दिगो विकास लक्ष्य हासिल गर्ने क्रममा हालसम्म भएका उपलव्धीलाई सुदृढ गर्दै यो प्रतिवेदनले औंल्याएका थप विषयहरु आगामी वर्षहरुमा नगरपालिकाले कार्यान्वयन गर्दै जानेछ।

यो प्रतिवेदन तयार गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग लिखित आग्रह गरिएकोमा हाम्रो आग्रहलाई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्बन्धित निकायका महानुभावहरुले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।तदानुरुप आज हामी माझ हाम्रो नगरपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार भएको छ । खासगरी यो प्रतिवेदन तयार पार्ने कार्यका लागि प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार डा. गिरिधारी शर्मा पौडेल लगायत अन्य राष्ट्रसंघीय निकायहरु तथा प्रतिनिधीहरु, यस अध्ययनका लागि प्राविधिक सहयोग तथा सहजीकरण गरी प्रतिवेदन तयार पार्न महत्वपूर्ण सहयोग पुर्याउने ट्रान्सेण्ड भिजन नेपाल लगायत सहजीकरणका लागि आउनु भएका परामर्शदाता व्यक्तित्वहरु क्रमश डा. तुलसी थपलिया र श्री आर्यक रन्जन बराललाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, यस प्रतिवेदनलाई यस तहसम्म ल्याई पुर्याउनका लागि हर संभव अग्रसर कुश्मा नगरपालिकाका नगर प्रमुख ज्यू, तमाम जनप्रतिनिधिहरु तथा कर्मचारी मित्रहरु लगायत आफ्ना अमूल्य राय, सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु र स्थानीय सरोकारवालाहरु प्रति हार्दिक आभारी छु।

स्वस्थानी रिजाल
उप-प्रमुख

स्वस्थानी रिजाल
उप-प्रमुख

# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

कुश्मा नगरपालिका
पर्वत

गण्डकी प्रदेश, नेपाल

## प्राक्कथन

स्थानिय तह जनताको नजिकको सरकार हो । नेपालको संविधानले स्थानीय तहलाई अनुसूची ८ बमोजिम २२ वटा अधिकार प्रदान गरेको छ । साथै अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था छ । स्थानीय तहले आफ्नो अधिकार सूची र साझा अधिकार सूचीका विषय सम्बन्धमा कानून नीति तथा कार्यक्रम र वार्षिक बजेट बनाउन र त्यसको कार्यान्वयन गर्ने गर्दछ । यी कायर्हरु गर्दा दिगो विकास लक्ष्य पूरा गर्न सहयोग गर्दछ । स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रम र वार्षिक बजेट मार्फत दीगो विकासका लक्ष्य हासिल गर्न प्रयास गर्दै आएको छ । दिगो विकास लक्ष्य, २०३० हासिल गर्ने समय आधा पूरा भएको छ भने बाँकी आधा समय रहेको छ । यस पृष्ठभूमिमा अहिले सम्मका उपलब्धीहरुलाई पुनरावलोकन तथा मूल्याङ्कन गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यको पृष्ठपोषण लिन यस स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदनको विश्वासनीयता, निश्पक्षता तथा स्तरीयता कायम गर्न सम्बन्धित क्षेत्रका विभिन्न सरोकारवालाहरुसँग छलफल अन्तर्क्रिया तथा संवादका माध्यमबाट सहभागिता साथै हालसम्मका उपलब्धीहरुलाई सुदृढ गर्दै यो प्रतिवेदनले औंल्याएमा थप विषयहरु आगामी वर्षहरुमा यस नगरपालिकाले कार्यान्वयन गर्दै जानेछ ।

यो प्रतिवेदन तयार गर्न आर्थिक तथा प्राविधिक सहयोगकालागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग लिखित आग्रह गरिएकोमा हाम्रो आग्रहलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्बन्धित निकायका महानुभावहरुले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिवद्धता जाहेर गर्नु भएको थियो । तदानुरुप आज हामी माझ हाम्रो नगरपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार भएको छ ।खासगरी यो प्रतिवेदन तयार पार्ने कार्यकालागि प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार डा. गिरिधारी शर्मा पौडेल लगायत अन्य राष्ट्र संघीय निकायहरु र ती निकायका प्रतिनिधीहरु, यस अध्ययनका लागि प्राविधिक सहयोग स्वरुप सहजीकरण गरी प्रतिवेदन तयार पार्न महत्वपूर्ण सहयोग पुर्याउने ट्रान्सेण्ड भिजन नेपाल तथा उक्त संस्थावाट यस नगरपालिकामा सहजीकरणका लागि आउनु भएका परामर्शदाता व्यक्तित्वहरु क्रमश डा. तुलसी थपलिया र श्री आर्यकरन्जन बरालालाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, यस प्रतिवेदनलाई यस तहसम्म ल्याई पुर्याउनका लागि हर संभव सहयोग गर्ने यस नगरपालिकाका प्रमुख ज्यु, उपप्रमुख ज्यु, वडा अध्यक्ष ज्यु एवं जनप्रतिनिधि र कर्मचारी मित्रहरु, आफ्ना अमूल्य राय सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु र स्थानीय सरोकारवाला समुहका साथीहरुप्रति उहाँहरुको सुझाव तथा सल्लाहको लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकिय अधिकृत

कुमान सिंह गुरूङ
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

**कार्यकारी सारांश** ........ **१३**

**अध्याय १: नगरपालिका परिचय** ........ **५**

१.१ नगरपालिका परिचय ........ ५

१.२ नगरपालिकाको कार्यक्षेत्र ........ ५

१.३ नगरपालिका सञ्चालनसम्बन्धी संघ तथा प्रदेशले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि ........ ६

१.४ नगरपालिका सञ्चालनसम्बन्धी नगरपालिका आफैले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि ........ ६

१.५ नगरपालिकामा योजना तथा बजेट तर्जुमा प्रक्रिया ........ ७

१.६ नगरपालिकामा क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण ........ ८

१.७ नगरपालिकाको क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनाको प्रदेश तथा संघीय योजनासँगको सम्बन्ध . ८

१.८ दिगो विकास लक्ष्य स्थानीयकरण गर्न नेपाल सरकारले बनाएका रणनीति, कार्यनीति, दीग्दर्शन तथा स्रोत पुस्तिका र तीनको प्रयोग ........ ९

१.९ मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण ........ ९

१.१० नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण ........ १०

१.११ नगरपालिकाको प्रथम आवधिक विकास योजनाका प्राथमिकता ........ ११

**अध्याय २: प्रतिवेदनका उद्देश्य र विधि** ........ **१३**

२.१ नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य ........ १३

२.२ नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन बनाउनुको औचित्य ........ १३

२.३ प्रतिवेदन तयार गर्ने विधि ........ १४

२.४ सङ्कलित सूचनाको विश्लेषण र प्रयोग ........ १६

२.५ प्रतिवेदनमाथि छलफल, सुधार र स्वीकृति ........ १६

२.६ प्रतिवेदन तयार गर्न आवश्यक सूचना सङ्कलनका स्रोत ........ १७

**अध्याय ३: दिगो विकास लक्ष्यअनुसार सूचकहरूको अवस्था र भावी योजना** ........ **१९**

३.१ दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने प्रक्रिया, अवस्था र राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका असल अभ्यासहरू ........ १९

३.२ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकाले गरेका प्रयास ........ २०

३.३ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकाले सञ्चालन गरेको नयाँ तथा नवप्रवर्तनीय कार्यक्रम तथा क्रियाकलाप ........ २१

३.४ नगरपालिकाको विगत तीन वर्षको आम्दानी तथा खर्चको विश्लेषण ........ २१

३.५ दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चका प्राथमिकता ........ २२

३.६ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकाले आन्तरिक स्रोत परिचालनमा गरेको प्रयास ........ २४

३.७ दिगो विकास लक्ष्यका सूचकको अवस्था ........ २६

३.८ कसैलाई पनि पछि नछोड्ने ..... ४३

३.९ लक्ष्य र प्रगतिको तुलना ..... ४४

३.१० एक लक्ष्य र अर्को लक्ष्यबीचको सम्बन्ध र परिपूरकता ..... ४४

३.११ दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजीकरण गर्ने पक्ष ..... ४४

३.१२ दिगो विकास लक्ष्य कार्यान्वयनमा बाधा पुर्‍याउने पक्ष ..... ४५

**अध्याय ४: दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनुपर्ने पक्ष ..... ४७**

४.१ नगरपालिकामा अपनाउनुपर्ने दिगो विकास लक्ष्यमैत्री योजना र बजेट तर्जुमा प्रक्रिया ..... ४७

४.२ दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचक प्राप्त गर्न नगरपालिकाले ध्यान दिनुपर्ने पक्ष ..... ४७

४.३ स्रोतहरूको आधार र विनियोजन पुनः प्राथमिकीकरण गर्ने तरिका ..... ४८

४.४ दिगो विकास लक्ष्य प्राप्त गर्न चाहिने वित्तीय र मानवीय स्रोतहरू परिचालन विधि ..... ४९

४.५ राजनीतिक र विकास एजेन्डाबीच समन्वय र सन्तुलन कायम गर्ने विधि ..... ४९

४.६ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रमबीच सन्तुलन गर्ने विधि ..... ५०

४.७ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रममा लगानीका प्राथमिकता तोक्ने विधि ५०

४.८ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकालाई प्रोत्साहनको व्यवस्था ..... ५०

४.९ स्रोत परिचालन गर्न पालिकाको समुदाय, गैह्रसरकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्था, प्रदेश सरकार र संघीय सरकारसँगको सम्बन्ध ..... ५१

४.१० प्रस्तावित कार्य कार्यन्वयनको लागि अनुगमन तथा मूल्याङ्कनको व्यवस्था ..... ५१

**अनुसूचीहरू ..... ५३**

**सन्दर्भसूची ..... ६१**

# कार्यकारी सारांश

## परिचय

पृथ्वीको धान्नसक्ने क्षमताको सीमाभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका नै दिगो विकास लक्ष्य हुन्। नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादाम्यता मिलाउने कार्य गरिसकेको छ। कुश्मा नगरपालिकाले नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति, दिगो विकास लक्ष्य र दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता हुने गरी आफ्नो आवधिक, वार्षिक नीति तथा कार्यक्रमहरू र मध्यमकालीन खर्च संरचना तयार गरेको छ।

## स्वैच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य र औचित्य

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा नगरपालिकाले आफ्नो स्वैच्छिक स्थानीय पुनरावलोकन प्रतिवेदन तयार गर्नुको मुख्य उद्देश्य दिगो विकास लक्ष्यलाई नगरपालिकास्तरमा स्थानीयकरण गर्नु हो। यस प्रतिवेदन तयार गर्नुको मुख्य औचित्यहरू नगरपालिकास्तरमा दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूको आधाररेखा तय गर्नु, नगरपालिकामा उपलव्ध दिगो विकास लक्ष्यसम्बन्धी आधारभूत सूचना सङ्कलन गरी हालसम्म लक्ष्य र सूचकहरूमा भएको प्रगतिको समीक्षा गर्नु, नगरपालिकाले प्रत्यक्ष हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यका सूचकहरूको तथ्याङ्क संकलन विधि पहिचान गरि संकलन प्रणाली विकास गर्नु, दिगो विकास लक्ष्य प्राप्त गर्न उपलब्ध स्रोत साधनहरू र अपूग भएका स्रोत साधनहरूको आँकलन गर्नु र स्रोतको उपलव्धता र आवश्यकताबीचको अन्तर पहिचान गरी दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक कार्यदिशा निर्धारण गर्नु रहेका छन्।

## प्रतिवेदन तयारी विधि

कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्ने चरणहरूमा विभिन्न तथ्याङ्क र सूचना सङ्कलन उपकरण/औजारहरू प्रयोग गरी आवश्यक परिमाणात्मक र गुणात्मक तथ्याङ्क, हालसम्मको लक्ष्य प्राप्ति समीक्षा, नगरपालिकाको वार्षिक बजेट र कार्यक्रममा दिगो विकासका लक्ष्यअनुसार विनियोजनको खण्डीकृत तथ्याङ्कलाई एकीकृत गरि दिगो विकास लक्ष्यअनुसारका सूचना सङ्कलन गरिएको छ। संकलित सूचनाहरूको आधारमा दिगो विकास लक्ष्य प्राप्तिमा स्रोतको आवश्यकता र विनियोजनबीच स्रोत कमीको (Gap) पहिचान र विश्लेषण गरिएको छ। प्रतिवेदन तयार गर्ने क्रममा नगरपालिकामा रहेको विषय गत समिति तथा सरोकारवालाहरू सँग छलफल गरी आवश्यक सुझाव संकलन गरियो। यसरी तयार भएको मस्यौदा प्रतिवेदनमाथि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सुझाइएका विषयहरूलाई सम्बोधन गरी कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ।

## दिगो विकास लक्ष्यका सूचकहरूको अवस्था

कुश्मा नगरपालिकाले **"समृद्ध सुन्दर कुश्मा नगर"** भन्ने दीर्घकालीन सोचसहित आफ्नो आवधिक तथा वार्षिक कार्यक्रमहरूमा दिगो विकास लक्ष्य हासिल गर्ने कार्यक्रमहरू समावेश गरी त्यस्ता कार्यक्रमहरू संचालन गर्न आवश्यक कानूनी दस्तावेजहरू निर्माण र मध्यमकालीन खर्च संरचना मार्फत दिगो विकासमैत्री कार्यक्रमहरूको प्राथमिकीकरण र आर्थिक प्रक्षेपण गरी एक असल अभ्यास को सुरुवात गरेको छ। नगरपालिकामा दिगो विकास लक्ष्यअनुसारका सूचकहरूको अवस्था निम्नअनुसार रहेको छ।

**दिगो विकास लक्ष्य १** ले नेपालको हरेक क्षेत्रमा रहेका सबै स्वरुपका गरीवीको अन्त्य गर्ने सोच बनाएको छ। यस नगरपालिकामा गरीवीको रेखामुनि रहेका जनसङ्ख्या ५ प्रतिशत, ३० मिनेटको पैदल यात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू ५० प्रतिशत र औपचारिक वित्तीय सेवाद्वारा समेटिएका घरधुरी शतप्रतिशत रहेका छन।

**दिगो विकास लक्ष्य २** ले भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस नगरपालिकामा कूल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या १५ प्रतिशत रहेको छ भने नगरपालिकामा प्रतिव्यक्ति खाद्यान्न उत्पादन वार्षिक ३०० किलो ग्राम रहेको छ। नगरपालिकामा हाल कायम रहेको ३६,५७९ हेक्टर कृषिभूमि मध्ये वर्षैभरि सिँचाई सुविधा पुगेको खेतीयोग्य भूमि ४० प्रतिशत रहेको छ।

**दिगो विकास लक्ष्य ३** ले सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस नगरपालिकामा दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्म ८४ प्रतिशत छ। नगरपालिकामा प्रोटोकलअनुसार प्रसूति पूर्व ४ पटक स्वास्थ्य सेवा लिने महिलाहरू ३६ प्रतिशत रहेका छन् भने घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरधुरीको प्रतिशत ७८ रहेको छ।

**दिगो विकास लक्ष्य ४** ले सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइ अवसरहरूको प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस नगरपालिकामा प्राथमिक विद्यालयमा विद्यार्थी खुद भर्नादर ९८.१२ प्रतिशत छ भने कक्षा ५ सम्मको सिकाई उपलब्धि ६१.७७ प्रतिशत रहेको छ। नगरपालिकाका शतप्रतिशत विद्यालयहरूमा इन्टरनेट सुविधा उपलब्ध छ र वास (wash) सुविधा भएका विद्यालयहरूको संख्या २४.४४ प्रतिशत रहेको छ।

**दिगो विकास लक्ष्य ५** ले लैंगिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने लक्ष्य लिएको छ। यस नगरपालिकामा विशेषतः रोजगारी, सम्पत्ति तथा राजनैतिक अवसरमा महिलाहरूको पहुँच पुरुषको तुलनामा कम रहेको छ।

**दिगो विकास लक्ष्य ६** ले सबैका लागि स्वच्छ पिउने पानी र सरसफाइको दिगो व्यवस्थापन र उपलब्धता सुचिश्चित गर्ने लक्ष्य लिएको छ। नगरपालिकाका करिव ८७ प्रतिशत घरपरिवारले पाइपबाट वितरण हुने पानीको उपभोग गरिरहेका छन् भने अझै पनि मूलको पानी प्रयोग गर्ने घरपरिवार करिब १२ प्रतिशत रहेका छन्। यस नगरपालिकाको ग्रामीण क्षेत्रमा अझै पनि फ़ोहोर मैला व्यवस्थापनमा कठिनाई हुँदै आईरहेको छ। शौचालय प्रयोग गर्ने जनसङ्ख्या ९५ प्रतिशत रहेका छन्।

**दिगो विकास लक्ष्य ७** ले सबैका लागि खर्चले धान्ने, भरपर्दो, दिगो र आधुनिक ऊर्जाको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। जलविद्युत उत्पादनका लागि यस नगरपालिकामा कालीगण्डकी, मोदी खोला, रति खोला, फाप्रे खोला, सुन्दरे खोला आदि रहेका छन्। नगरका सबै वडाका सबै वस्तीहरू विद्युतीकरण भईसकेका छन्।

**दिगो विकास लक्ष्य ८** ले भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने लक्ष्य लिएको छ। नगरपालिकामा वित्तीय सेवाहरूमा पहुच रहेका जनसंख्या ८० प्रतिशत, ३० मिनेटको पैदलमा सहकारीमा पहुँच रहेका घरधुरी २५ प्रतिशत रहेको छ।

त्यसैगरी महिला र पुरूष कामदारको घण्टाको औसत कमाइ रु १४५ रहेको छ भने बेरोजगारी दर ६ प्रतिशत रहेको अनुमान गरिएको छ।

**दिगो विकास लक्ष्य ९** ले उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समोवशी तथा दिगो औद्योगिकीकरणको प्रवर्धन र नवप्रर्वतनलाई प्रेरित गरी जनतालाई नवप्रर्वतनले ल्याएका प्रविधि उपभोग गर्ने अधिकार प्रत्याभूति गर्ने कार्यमा जोड दिएको छ। नगरपालिकामा पचास किलोमीटर प्रतिवर्ग किलोमीटर सडक घनत्व रहेको छ भने कालोपत्रे सडकको घनत्व १.३५ वर्ग कि.मि. रहेको छ।

**दिगो विकास लक्ष्य १०** ले देशभित्र तथा देशहरूबीचको असमानता हटाउने लक्ष्य लिएको छ। नगरपालिकाले आफ्नो क्षेत्र भित्रका वासिन्दाहरू बीचको असमानता घटाउन आगामी आर्थिक वर्ष देखि कार्यक्रमहरू संचालन गर्ने लक्ष्य लिएको छ।

**दिगो विकास लक्ष्य ११** ले शहर तथा मानव बसोबास समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउँदै नेपाली नागरिककलाई पर्याप्त र सुरक्षित आवासको अधिकार प्रत्याभूति गर्ने लक्ष्य लिएको छ। कुश्मा नगरपालिकामा सुकुम्वासी वस्ती रहेको छैन र ९३.७ प्रतिशत नगरवासीहरू सुरक्षित घरमा बस्दै आएका छन्।

**दिगो विकास लक्ष्य १२** दिगो उपभोग र उत्पादन ढाँचाको सुनिश्चितता गर्नेतर्फ उन्मुख छ। यस नगरपालिकामा ३० प्रतिशत भूमि कृषि उत्पादनको लागि प्रयोग हुँदै आएको छ।

**दिगो विकास लक्ष्य १३** ले जलवायु परिवर्तन र यसको असर नियन्त्रण गर्न तत्काल कदम चाल्ने लक्ष्य लिएको छ। यस नगरपालिका आर्थिक वर्ष २०७८/०७९ मा विपदका कारण करीव रु ८५ लाख बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको थियो भने विपदबाट प्रत्यक्ष प्रभावित व्यक्तिहरू, बेपत्ता व्यक्तिहरू र मृतकको सङ्ख्या ५० रहेको थियो।

**दिगो विकास लक्ष्य १५** ले स्थलीय पर्यावरणको संरक्षण, पुनःस्थापना र दिगो व्यवस्थापन, मरुभूमिकरण र भूक्षयको नियन्त्रण र जैविक विविधताको संरक्षण गरी नेपाली जनताले वन-जङ्गल, सिमसार, हिमाल तथा सुख्खा भूमिको संरक्षण र दिगो उपयोग गर्ने अधिकार प्रवर्धन गरेको छ। यस नगरपालिकाको २९.८ प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ भने १५ प्रतिशत वनक्षेत्र सामुदायिक व्यवस्थापन अन्तर्गत रहेका छन्। नगरपालिकाको संरक्षित वनक्षेत्रमा ५ प्रतिशत लोपोन्मुख जडिबुटीहरू (औषधीय र वास्नादार बोटविरूवाहरू) रहेको तथ्याङ्क छ।

**दिगो विकास लक्ष्य १६** ले दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने ध्येय राखेको छ। सार्वजनिक निकायहरूका नीतिनिर्माण पदहरूमा ३३ प्रतिशत महिलाहरू रहेको कुश्मा नगरपालिकामा उपप्रमुखको नेतृत्वमा न्यायिक समिति रहेको छ र यस न्यायिक समितिले छिटो, छरितो र निष्पक्ष रुपमा न्याय सम्पादन गर्ने गरेको छ।

**दिगो विकास लक्ष्य १७** ले दिगो विकास लक्ष्य कार्यान्वयनका उपायहरू सुदृढ गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारीलाई जीवन्त तुल्याउदै देशको आत्मनिर्णयको अधिकार प्रत्याभूति गर्ने प्रयास गरेको छ। नगरपालिकाको कूल बजेटको ७६.६३ प्रतिशत रकम संघीय र प्रादेशिक सरकारमार्फत् प्राप्त भएको छ। त्यस्तै राजस्व बाँडफाँटबाट १५ प्रतिशत स्रोत सृजना भएको छ। नगरपालिका यस विषयमा सजग छ र आफ्न आन्तरिक स्रोतको दायर फराकिलो पर्न गृहकार्य गरिरहेको छ।

यस नगरपालिकाले दिगो विकास लक्ष्यको “कसैलाई पनि पछि नछोड्ने” नीतिअनुसार “गर्भवती एवं सुत्केरी सँग उपप्रमुख भेटघाट कार्यक्रम” अन्तर्गत “सुत्केरी आमा पोषिलो खाना” भन्ने नाराका साथ वडा कार्यालय मार्फत सुत्केरीलाई रु २,००० बराबरको पोषण सामग्री उपलब्ध गराउने नीति कार्यान्वयन गर्दै आएको छ।

## दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्ष

नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न आगामी दिनमा चाल्नुपर्ने कदमहरू बारेमा यस प्रतिवेदनको अध्याय ४ म चर्चा गरिएको छ। मूलतः नगरपालिकाले ध्यान दिनुपर्ने पक्ष निम्नबमोजिम छन्:

१. नगरपालिकाले दिगो विकास लक्ष्य को समष्टिगत क्षेत्रहरूलाई समेटी आगामी आर्थिक वर्षदेखि आफ्ना वार्षिक कार्यक्रमहरू र बजेटलाई दिगो विकास लक्ष्यअनुसार सांकेतीकरण गर्दै जानुपर्ने आवश्यकता महसुश गरेको छ। हालसम्म नगरपालिकाले दिगो विकास लक्ष्य ४ र ९ अन्तर्गत गुणस्तरीय शिक्षा र पूर्वाधारको क्षेत्रमा आफ्ना कार्यक्रमहरू र बजेट विनियोजन केन्द्रित गरेको देखिन्छ। नगरपालिकाले योजना तथा बजेट तर्जुमा गर्दा योजनाको लाभ र लागत बिष्लेषण गरी दिगो प्रतिफल दिने खालको योजना छनौट गर्न विशेष जोड दिनुपर्ने आवश्यकता छ।


२. नगरपालिकाले आगामी दिनमा आन्तरिक तथा बाह्य रोजगारीमा गएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने, वैदेशिक रोजगारमा जानेहरूका लागि अभिमुखीकरण र परामर्श सेवा उपलब्ध गराउने र विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनशील कार्यमा लगानी गर्ने वातावरण बनाउनेतर्फ ध्यान दिन जरूरी देखिन्छ।

३. नगरपालिकाले आफ्नो आन्तरिक आय विस्तार गर्नका लागि करका दायराहरू फारकिलो बनाउदै जानुपर्ने आवश्यकता महसुस गरिएको छ।

४. दिगो विकास लक्ष्य हासिल गर्न कुश्मा नगरपालिकाको लक्ष्यअनुसारको प्रगति मापन गर्न आफ्नो क्षेत्राधिकार भित्रका विषयगत ऐन, कानुन, नियम, निर्देशिका, कार्यविधि निर्माण गर्दा अनुगमन तथा मूल्यांकनको व्यवस्थासहित निर्माण गर्ने, आयोजना तथा कार्यक्रमको वर्गीकरण गरी प्राथमिकताअनुसार अनुगमन तथा मूल्यांकनको अवधि तोक्दै अघि बढ्नु पर्ने आवश्यकता महसुस गएको छ।

# अध्याय १ः नगरपालिका परिचय

## १.१ नगरपालिका परिचय




संविधान २०७२ को भाग ५ दफा ५६ मा राज्यको संरचनासम्बन्धी व्यवस्था छ जसअनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनी उल्लेख छ। सोही बमोजिम नेपाल सरकारले २०७३ साल फाल्गुन २२ मा नेपालभर ७५३ स्थानीय तह रहने निर्णय गर्यो। प्रदेश नं. ४ (गण्डकी प्रदेश) अन्तर्गत पर्ने पर्वत जिल्लामा साविकमा रहेका पाङ, खुर्कोट, दुर्लुङ, शिवालय, चुवा, पकुवा, पिपलटारी र कटुवाचौपारी समेतका ८ गाविसहरूलाई समावेश गरी मिति २०७१ वैशाख २५ गते गठन भएको १८ वडा सहितको साविक कुश्मा नगरपालिकामा २०७३ साल फागुन ३० गतेको निर्णयअनुसार ठूलीपोखरी, खौलालाँकुरी, आर्थर डाँडाखर्क गाविस समावेश गरी १४ वडामा विभाजित कुश्मा नगरपालिका गठन भयो। राष्ट्रिय जनगणना २०७८ अनुसार ३८,७७४ जनसङ्ख्या र ९,७४० घरधुरी रहेको यस नगरपालिका २८° १२' ०५" देखि २८° १६' २२" उत्तरी अक्षांस र ८३° ३६' ४०" देखि ८३° ४८' ३३" पूर्वी देशान्तरमा अवस्थित छ। कूल क्षेत्रफल ८,४१२.१४ हेक्टर रहेको कुश्मा नगरपालिकाको ३०.०१ प्रतिशत भूभाग खेत, २६.३० प्रतिशत भूभाग पाखेबारी, २९.८० प्रतिशत भूभाग वन जङ्गल र १३.८८ प्रतिशत भूभाग घर बाँझो तथा अन्यले ओगटेको छ। यहाँको ६० प्रतिशत जमिन कृषिमा प्रयोग भएको छ।

## १.२ नगरपालिकाको कार्यक्षेत्र

कुश्मा नगरपालिका जनतासँग प्रत्यक्ष सरोकार राखेर सेवा प्रवाह गर्ने स्थानीय सरकार हो। संविधानतः आधारभूत स्वास्थ्य, विद्यालयतहको शिक्षा, कृषि तथा पशुपालन बिस्तार, खानेपानी, सरसफाइ, कृषि सडक, सिँचाई, नहर, जस्ता स्थानीय पूर्वाधार विकास लगायतका कार्य, सेवा प्रवाह यस नगरपालिकाको कार्यक्षेत्रमा पर्दछन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची ८ र ९ मा उल्लेखित अधिकार अन्तर्गत स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यकताअनुरूप संघीय तथा गण्डकी प्रदेश कानुनको अधीनमा रही स्थानीय तहको भूमि व्यवस्थापन, सञ्चार र यातायात सेवा उपयोगी नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुमति नवीकरण र नियमन गर्न सक्ने गरी कार्यक्षेत्र तोकिएको छ।

नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएर सेवाप्रवाह गर्नुपर्ने भएकाले स्थानीयस्तरबाट दिगो विकास लक्ष्य प्राप्तिमा कुश्मा नगरपालिकाको भूमिका महत्वपूर्ण छ। नगरपालिकाले अनुसूची १ मा प्रस्तुत स्थानीय तहको एकल तथा साझा अधिकारहरूको सूचीमा उल्लेख

भएका कार्यक्षेत्र बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न र संघ तथा प्रदेशबाट हस्तान्तरित योजना तथा कार्यक्रमहरूलाई जनतामाझ पुर्याउन आवश्यकताअनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गरिरहेको छ। यसका अलावा नगरपालिकाले वडास्तरमा जन्मदर्ता, मृत्युदर्ता तथा सिफारिससम्बन्धी कार्यहरू गर्दै आएको छ। त्यसैगरी, नगरपालिकाको विभिन्न वडामा रहेका दलित, अल्पसङ्ख्यक, आदिवासी एकल महिला तथा सीमान्तकृतत नागरिकहरू पहिचान गर्दै उनीहरूको आर्थिक विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुका साथै आर्थिक अनुदान समेत प्रदान गर्दै आएको छ।

## १.३ नगरपालिका सञ्चालनसम्बन्धी संघ तथा प्रदेशले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि

दिगो विकासको अवधारणाअनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखिनै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न संविधानले अधिकार सम्पन्न स्थानीय तहको परिकल्पना गरेको छ।

संविधानले सुनिश्चित गरेको अधिकार, कार्यक्षेत्रको अधीनमा रही स्थानीय सरकार सञ्चालन गर्न संघ र प्रदेशहरूले कानुन, ऐन, नियम तथा कार्यविधि, निर्देशिका र नियमावलीहरू बनाएका छन्। संघले स्थानीय तह सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जस्ता ऐन, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ लगायतका दस्तावेजहरू जारी गरेको छ। नेपाल सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० हासिल गर्न अन्तरराष्ट्रिय प्रतिवद्धता जनाए अनुसार राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२), दिगो दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०) जस्ता कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

गण्डकी प्रदेश सरकारले हालसम्म प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५, प्रदेश सुशासन ऐन, २०७६ लगायतका ९ वटा ऐन, गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९, गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८, विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ जस्ता ११ भन्दा बढी निर्देशिका, गण्डकी प्रदेश लोकसेवा आयोग नियमावली, २०७८, प्रदेश सुशासन नियमावली, २०७७ लगायतका ९ वटा नियमावली र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९, आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७६ जस्ता कानुनी दस्तावेज निर्माण गरी स्थानीय सरकारहरूको कार्यसम्पादन र सेवा प्रवाहमा मार्गदर्शन प्रदान गर्दै आएका छन्। संघ र गण्डकी प्रदेश सरकारले हालसम्म बनाएका कानुन, ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि र अन्य दस्तावेजहरूको पूर्णसूची क्रमशः अनुसूची २ र अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

## १.४ नगरपालिका सञ्चालनसम्बन्धी नगरपालिका आफैले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधिहरू

संविधान, संघीय तथा गण्डकी प्रदेश कानुनको अधीनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारबमोजिम यस कुश्मा नगरपालिकाले आफ्नो सञ्चालनसम्बन्धी विभिन्न कानुन, ऐन, नियम तथा कार्यविधिहरू बनाएको छ। हालसम्म नगरपालिकाले ८ वटा ऐन, ३ वटा नियमावली, २५ वटा कार्यविधि र एकवटा आचार संहिता तयार गरी लागू गरेको छ।

नगरपालिकाको आर्थिक विनियोजन ऐनले नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई दिगो विकास लक्ष्य अनुरूप आर्थिक स्रोत परिचालन प्रणाली विकास गर्न मद्दत गरेको छ। नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ ले विकासको वातावरणीय पक्ष सम्बोधन गर्दै दिगो विकास लक्ष्य

१३ हासिल गर्न मार्गदर्शन प्रदान गरेको छ। न्यायिक समिति (कार्यविधि) ऐन, २०७६ ले नगरपालिकामा सामाजिक न्यायको अधिकार सुनिश्चित गर्दै लक्ष्य १६ को स्थानीयकरण प्रारम्भ गरेको छ। यस्तैगरी, कुश्मा नगरपालिकाको घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६, सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७७ जस्ता कानुनी दस्तावेजले नगरपालिकाको आन्तरिक स्रोत व्यवस्थापन प्रणालीको विकास गरी दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग गरेका छन्।

कुश्मा नगरपालिकाले हालसम्म निर्माण गरी लागू गरेका यस्ता कानुनी दस्तावेजहरूले दिगो विकास लक्ष्यको "कसैलाई पनि पछि नछोड्ने" मूल मर्मलाई आत्मसात गरी कुश्मा नगरवासी सबै वर्ग र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गर्न मद्दत गर्दै आएको छ। त्यसैगरी, आगामी दिनमा प्रतिपादन गरी लागू गरिने यस्ता कानुनी दस्तावेजहरूले नगरपालिकास्तरमा दिगो विकास लक्ष्यको थप आन्तरिकीकरण गर्न सहयोग गर्ने छन्। यस नगरपालिका आफैंले हालसम्म बनाएका कानुन, ऐन, नियम तथा कार्यविधिहरू र अन्य दस्तावेजहरूको विस्तृत सूची अनुसूची ४ मा प्रस्तुत गरिएको छ।

## १.५ नगरपालिकामा योजना तथा बजेट तर्जुमा प्रक्रिया

संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धमा गरेका व्यवस्थाहरूलाई एकीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) जारी भएका छन्। संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, आर्थिक ऐन, र संघीय र गण्डकी प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरूको आधारमा नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रमहरू तयार गरी त्यसका लागि आवश्यक बजेट तर्जुमा र विनियोजन गर्दै आएको छ। यसका अलावा जनप्रतिनिधिहरूले नगरको विकासका लागि आफ्ना घोषणा पत्रमा उल्लेख भएका कार्यक्रमहरू छनौट गरी कार्यान्वयन गर्ने गरेका छन्।

कुश्मा नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रक्रिया अन्तर्गत बस्ती, टोल, गाउँ र वडास्तरका योजना छनौट गर्दा सो क्षेत्रका सबै वर्ग र समुदाय- महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृतत, अल्पसङ्ख्यक, युवा, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका समुदायको आवश्यकतालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले नगरपालिका तथा वडास्तरमा सञ्चालन गर्न अत्यावश्यक देखिएका आयोजना तथा कार्यक्रम तथा वडा समितिबाट प्राथमिकीकरण भई आएका योजना समेतको प्राथमिकता तय गरी अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रयास गरिन्छ। यसरी तयार भएको स्थानीय आवश्यकताअनुसारको योजना तथा कार्यक्रम, संघ र प्रदेश सरकारको समानीकरण, समपूरक र सशर्त अनुदानबाट सञ्चालित नगरपालिका स्तरीय आयोजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिन आवश्यक रकमको प्रक्षेपण गरी बजेट सीमा निर्धारण गरी संघ तथा गण्डकी प्रदेश सरकार समक्ष पेश गरिन्छ।

संघीय र गण्डकी प्रदेश सरकारबाट वार्षिक वित्तिय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त भएपछि उक्त खाका, मार्गदर्शनअनुसारका योजना एवम् स्रोत तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सीमा समेतको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिने गरिन्छ। बजेट तथा कार्यक्रम तर्जुमा समितिले नगरपालिका तथा वडास्तरमा सञ्चालन गर्न आवश्यक देखिएका आयोजना/कार्यक्रम तथा वडा समितिबाट प्राथमिकीकरण भईआएका आयोजना/कार्यक्रमहरू

समेतका आधारमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास योजनाहरूको सूची तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिन्छ।

## १.६ नगरपालिकामा क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

नेपाल सरकारको दिगो विकास लक्ष्य हासिल आफ्नो चौधौं योजनादेखिनै सुरू गरी पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादाम्यता मिलाउने कार्यलाई मार्गदर्शन मान्दै यस नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य अनुरूप आन्तरिकीकरण गर्ने प्रयासको थालनी गरिसकेको छ। कुश्मा गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा योजनाहरू परम्परागत तवरले ५ विषय क्षेत्रगत विकास क्षेत्र (आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत) समेटी तयार गर्ने गरेकोमा हालै निर्माण भएको आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा भने योजनाहरूलाई दिगो विकास लक्ष्य अनुरूप आन्तरिकीकरण गर्ने प्रयास गरिएको छ।

"समृद्ध सुन्दर कुश्मा नगर" दीर्घकालीन सोच निर्धारण गरी कृषि तथा पर्यटन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि र विपद् जोखिम व्यवस्थापनलाई केन्द्रमा राखी शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर सहितको आर्थिक तथा सामाजिकरुपले उत्थानशिल समाज निर्माण गर्ने लक्ष्यका साथ कुश्मा नगरपालिका अघि बढिरहेको छ। आवधिक योजनामा विशेषतः यस नगरपालिकामा रहेका ५ विषय क्षेत्रगत समिति अन्तर्गतका उपक्षेत्रहरू मार्फत् दिगो विकास लक्ष्य आन्तरिकीकरण गर्ने प्रयास गरिएको छ।

नगरपालिकाले आफ्नो प्रथम मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) निर्माण गर्दा समेत दिगो विकास लक्ष्य हासिल गर्न सहज हुनेगरी योजनाहरूको प्राथमिकता र अपेक्षित नतिजा खाका तयार गरेको छ। आवधिक योजना र माध्यकालीन खर्च संरचना अन्तर्गत रही नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने छ। अनुसूची ४ मा प्रस्तुत गरिएका नगरपालिकाका कानुनी दस्तावेजहरूले दिगो विकास लक्ष्य आन्तरिकीकरणमा सहयोग गर्दै आएका छन्।

वार्षिक योजनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्ने प्रयासस्वरुप गरीवीको अन्त्य, शून्य भोकमरी, स्वस्थ जीवनको सुनिश्चितता, सबैका लागि शिक्षा, लैङ्गिक समानता, खानेपानी तथा सरसफाई, पूर्वाधार तथा विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा नगरपालिकाले कार्यक्रमहरू छनौट गरी बजेट विनियोजन गर्दै आएको छ। नगरपालिकामा तरकारी खेती प्रोत्साहन कार्यक्रम, मौरीपालन व्यवसाय विशेष कार्यक्रमअन्तर्गत बीउबिजक तथा फलफूलका विरुवा वितरण गरी रोजगारीको अवसर प्रदान गर्दै गरीवी निवारण विशेष योजना सञ्चालनमा रहेका छन्। यस्तै लक्ष्य २: भोकमरीको अन्त्य लक्षित कार्यक्रम अन्तर्गत रैथाने वाली प्रवर्धन कार्यक्रम, केरा खेती बिस्तार कार्यक्रम, कागती खेती बिस्तार कार्यक्रम आदि कार्यक्रमहरू सञ्चालित छन्। प्रत्येक लक्ष्यअनुसारका कार्यक्रमहरूको बारेमा यस प्रतिवेदनको अध्याय ३ को ३.७ खण्डमा चर्चा गरिएको छ।

## १.७ नगरपालिकाको क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनाको प्रदेश तथा संघीय योजनासँगको सम्बन्ध

नगरपालिकाका क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनाहरूको प्रदेश तथा संघीय योजनासँग परिपूरक र समपूरक सम्बन्ध रहन्छ। संघलाई प्रदेशले र प्रदेशलाई स्थानीय तहहरूले पछ्याइ रहेका हुन्छन्। नगरपालिका स्तरीय योजना तथा बजेट तर्जुमा गर्दा प्रदेश तथा संघीय निकाय र समुदाय गरी दुईतर्फबाट प्राप्त हुने सूचनाहरूको कुशल व्यवस्थापन गर्नुपर्ने हुन्छ। संघीय निकायबाट राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता,

बजेटको सीमा, मार्गदर्शन, कार्यक्रम कार्यान्वयनको खाका आदि प्राप्त भएको हुन्छ भने समुदाय तहबाट सहभागितामूलक प्रणालीमा स्थानीय समुदायका माग र आवश्यकताको सूचना प्राप्त भएको हुन्छ।

जनताको नजिक रहेर जनताका दैनिक आवश्यकता पूरा गर्ने, समस्या समाधान गर्ने र स्थानीय विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी कार्यहरू नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ। नगरपालिकाले आफ्ना योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा संघ र प्रदेशका प्राथमिकतामा परेका कार्यक्रम खाकाको अधीनमा रही बनाउन पर्ने भएकाले आफ्नो परिवेश र जातीय विविधतालाई मध्यनजर गर्दै संघ र प्रदेशको कानुनसँग नबाझिने गरी नीतिनियमहरू बनाई अति-विपन्न, सीमान्तकृत वर्गहरू लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। दिगो विकास लक्ष्यसँग तादाम्यता कायम गर्ने सम्बन्धमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराको सुझावअनुसार तादाम्यता कायम गर्ने प्रयास गरिएको छ।

नगरपालिकास्तरीय योजनाहरूलाई नगरपालिकाको आफ्नो आन्तरिक स्रोत अपूग हुने, संघीय र प्रादेशिक स्रोतमै निर्भर हुनुपर्ने भएकाले यस नगरपालिकाले बनाउने क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनाहरू प्रायः संघ तथा प्रदेशका योजनाहरूको वरिपरि रहेर बनाउनु पर्ने हुन्छ। योजनाको परिमाणात्मक लक्ष्य हासिल गर्न संघ र गण्डकी प्रदेश सरकारले तय गरेका सूचकअनुसार वर्तमान अवस्था तथा लक्ष्यहरूलाई नगरपालिकाको अवस्था र सूचकहरूमा तुलनीय बनाउन प्रयास गरेको छ।

## १.८ दिगो विकास लक्ष्य स्थानीयकरण गर्न नेपाल सरकारले बनाएका रणनीति, कार्यनीति, दिग्दर्शन तथा स्रोत पुस्तिका र तिनको प्रयोग

दिगो विकास लक्ष्य स्थानीयकरण भनेको राष्ट्रिय लक्ष्यलाई प्रदेश र स्थानीय तहसम्म सान्दर्भिक बनाएर प्राथमिकीकरण गर्ने र सोही अनुरूप नीति, कार्यक्रम तर्जुमा, समन्वय र कार्यान्वयन गर्ने कुरा हो। दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य तथा सूचकहरू हासिल गर्ने योजना कार्यान्वयनलाई तीव्रता दिन नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू अवलम्बन गर्दै संस्थागत तथा वित्तीय व्यवस्था गरेको छ। यस प्रक्रियामा सम्बन्धित सरोकारवालाहरूलाई संलग्न गरेर दिगो विकास लक्ष्यहरू हासिल गर्न धेरै पहलहरू भइरहेका छन्।

कुश्मा नगरपालिकाको आफ्नो पञ्चवर्षे आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३० जस्ता प्रकाशित दस्तावेजले सुझाइएका विधि तथा प्रक्रियाहरू अवलम्बन गर्दै दिगो विकास लक्ष्य स्थानीयकरण अभ्यासको लनी गरेको छ। यस्तै, नगरपालिकाको प्रथम मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/०८२) तर्जुमा गर्दा पनि यिनै दस्तावेजसहित स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका (संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७७), दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, २०७७ जस्ता प्रकाशनहरूको मार्गनिर्देशलाई आधार मानिएको छ। हाल पाँच विकास क्षेत्रअनुसार वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिरहेको अवस्थालाई परिमार्जन गर्दै आगामी दिनहरूमा राष्ट्रियस्तरमा स्थापित भएका महत्वपूर्ण दिगो विकास लक्ष्यमैत्री रणनीति कार्यन्वयनलाई थप सहजीकरण गर्न प्रकाशित प्रमुख दस्तावेजहरूको प्रभावकारी प्रयोग गर्दै नतिजामूलक स्थानीयकरण गर्न नगरपालिका उन्मुख छ।

## १.९ मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

सरकारले लिएको प्राथमिकताका क्षेत्रमा स्रोत सुनिश्चितता गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने प्रयास स्वरुप यस कुश्मा नगरपालिकाको प्रथम

मध्यमकालीन खर्च संरचना २०७९/८०-२०८१/८२ तयार भएको छ। यसमा प्रस्तुत नतिजाखाकाले दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आवद्ध गर्दै दीर्घकालीन सोचतर्फ उन्मुख प्रक्रियालाई टेवा पुर्‍याउँछ भन्ने अपेक्षा नगरपालिकाको छ।

संघीय शासन प्रणालीमा संघ, प्रदेश र स्थानीय तह सबै सरकारहरूलाई दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने खालको आयोजना तथा कार्यक्रम तर्जुमा गरी सोही अनुरुप आवश्यक बजेट विनियोजन गर्नु आवश्यक छ। यही उद्देश्य परिपूर्ति गर्न र आगामी वर्षहरूमा दिगो विकासका लक्ष्यहरूलाई स्थानीय नीति निर्माणदेखि योजना तर्जुमा र कार्यान्वयनसम्म स्थानीयकरण गर्न सहयोग पुग्ने अपेक्षासहित कुश्मा नगरपालिकाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरेर कार्यान्वयनमा ल्याएको हो।

दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको यस मध्यमकालीन खर्च संरचनाका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपता कायम गर्ने प्रयास गरिएको छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन्। दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के-कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ। मध्यमकालीन खर्च संरचना निर्माणको क्रममा समस्या र चुनौतीहरूको विश्लेषण गर्दै दिगो विकास लक्ष्य प्राप्त गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ। हरेक वर्ष समयानुकूल र अध्यावधिक गर्दै लगिने यस मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## १.१० नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन र मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। कुनै पनि योजना अपेक्षित गति, गुणस्तर र दिशामा अग्रसर भइरहेको छ भन्ने कुरा योजना कार्यान्वयनकै अवधिमा थाहा पाउन सके सम्बन्धित योजना तथा कार्यक्रमहरूलाई आवश्यकताअनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ।

कुश्मा नगरपालिका प्राथमिकताका साथ आफ्ना नीति, कार्यक्रम तथा योजनाहरू दिगो विकास लक्ष्यमैत्री बनाउँदै दिगो विकास लक्ष्यको सबल आन्तरिकीकरण गर्न प्रयासरत छ। नगरपालिकाले अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा दिगो विकास लक्ष्यको आन्तरिकीकरणको प्रयासअन्तर्गत आफ्नो प्रथम आवधिक विकास योजनामा अनुगमन तथा मूल्याङ्कन योजना समावेश गरेको छ। उक्त योजनामा अनुगमनको विधि र खाका सुझाइएको छ। अनुगमन विधि अन्तर्गत स्थलगत अनुगमन, वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना, आवधिक विकास योजनाको लक्ष्य र प्रगतिबीच तुलना, नागरिक अनुगमन, कार्यान्वयन योजनामा आधारित क्रियाकलाप अनुगमन र सोच तालिकामा आधारित प्रतिफल अनुगमन, कार्यान्वयन योजना र सोच तालिकामा आधारित मध्यावधि समीक्षा र तेस्रो पक्षबाट सहभागितामूलक अन्तिम मूल्याङ्कन र समीक्षा विधि तोकिएको छ। त्यसैगरी, अनुगमन खाका अन्तर्गत आवश्यकताअनुसार, मासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक कार्यक्रम वा प्रक्रिया अनुगमन, प्रतिफल अनुगमन, असर तह अनुगमन र प्रभाव तह मूल्याङ्कन गर्न सुपरिवेक्षण

तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय, गैसस, नगर कार्यपालिका र तेस्रो पक्ष तोकिएको छ।

विकास प्रक्रियाका सबै चरणमा नतिजा सुनिश्चित गर्ने, कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्याङ्कनलाई नतिजासँग आवद्ध गर्ने, नतिजा मापनका लागि सरल सूचकहरू एवम् फारमको प्रयोग गर्ने, लगानी तथा क्रियाकलापलाई नतिजासँग आवद्ध गर्ने, हासिल भएका नतिजाबाट शिक्षा लिई निर्णय गर्ने विषय र प्रक्रियाहरूलाई आवधिकरुपमा मापन गरी परिष्कृत गर्दै लैजाने अनुगमन तथा मूल्याङ्कन पद्दतीको विकास गर्न कुश्मा नगरपालिका प्रयासरत छ। दिगो विकास लक्ष्यको नतिजामूलक अनुगमन र तथ्यमा आधारित निर्णयका लागि खण्डीकृत तथ्याङ्कको अभिलेख सुनिश्चित गर्न नगरपालिका कार्यरत छ। नगरपालिकाले हालसम्म प्रतिपादन गरेका कतिपय विषयगत कानुन, ऐन, नियम तथा कार्यविधिहरूमा अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिएको भएतापनि तिनलाई परिमार्जन गर्दै समय सान्दर्भिक बानाउँदै लगिनेछ।

## १.११ नगरपालिकाको प्रथम आवधिक विकास योजनाका प्राथमिकता

कुश्मा नगरपालिकाले "समृद्ध सुन्दर कुश्मा नगर" भन्ने दीर्घकालीन सोचसहित आफ्नो प्रथम आवधिक योजना कार्यान्वयनमा ल्याएको छ। नगरपालिकामा उपलब्ध संसाधनहरूको उचित तथा नियोजित प्रयोगको माध्यमबाट दिगो विकास लक्ष्य हासिल गरी आम नगरवासीहरूको सशक्तीकरण, वातावरण संरक्षण, भौतिक पूर्वाधार र आवश्यक सेवाहरूको समान वितरणका साथ सन्तुलित शहरको विकास गर्ने लक्ष्य लिएको छ। नगरपालिकाले दिगो विकास लक्ष्यले समेटेका आर्थिक, सामाजिक तथा भौतिक सूचकहरूको आर्थिक वर्ष २०७६/०७७ लाई आधार मानी आर्थिक वर्ष २०८०/०८१ सम्म प्रक्षेपित लक्ष्य हासिल गर्ने गरी कार्यक्रमहरू प्राथमिकीकरण गरी कार्यान्वयन गर्दै आएको छ। यस आवधिक योजनामा नगरपालिकाले आधार वर्ष २०७६/०७७ मा दिगो विकास लक्ष्यहरूको सूचकको अवस्था पहिचान गरी आर्थिक वर्ष २०८०/०८१ सम्मका प्रक्षेपित लक्ष्य निर्धारण गरेको छ। नगरपालिकाले उक्त लक्ष्य हासिल गर्ने उद्देश्यका साथ आफ्ना वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। उदाहरणको लागि दिगो विकास लक्ष्य ४ अन्तर्गतको सूचक उच्च शिक्षामा कूल भर्नादर आधार वर्ष २०७६/०७७ मा १४ प्रतिशत रहेकोलाई आर्थिक वर्ष २०८०/०८१ सम्म २५ प्रतिशत पुर्याउने लक्ष्य लिएको छ।

# अध्याय २: प्रतिवेदनका उद्देश्य र विधि:

## २.१ नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य

पृथ्वीको धान्न सक्ने क्षमताको सीमाभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका नै दिगो विकास लक्ष्य हुन्। दिगो विकासलाई एक पृथक अवधारणाको रूपमा नलिई यसलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाको रूपमा लिनुपर्ने हुन्छ। दिगो विकास लक्ष्यलाई सम्बन्धित देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको छ।

नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौं योजनादेखि नै आन्तरिकीकरण गर्न शुरु गरेको हो। राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य कार्यान्वयन गरी लक्ष्य हासिल गर्न पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादाम्यता मिलाउने कार्य गरिसकेको छ। पन्ध्रौं योजनाले दिगो विकासको सन्दर्भमा राष्ट्रिय विकासका आकांक्षा निर्धारण गरेको छ।

दिगो विकास लक्ष्य स्थानीयकरण गर्नु भनेको स्थानीय विकासको सन्दर्भमा यी लक्ष्यहरूलाई दुरुस्त अवलम्बन गर्नु नभई तिनका सिद्धान्त र सारलाई आत्मसात् गरी स्थानीय वस्तुस्थिति र आवश्यकताअनुसार परिमार्जन गर्दै लैजानु हो। दिगो विकास लक्ष्यको स्थानीयकरणले राष्ट्रिय, प्रादेशिक र स्थानीय आवधिक योजनाबीच अन्तरसम्बन्ध कायम गराउन योगदान पुऱ्याउने अपेक्षा गरिन्छ।

यसै सन्दर्भमा दिगो विकास लक्ष्य हासिल गर्न हालसम्म भएका राष्ट्रिय आकाङ्क्षाअनुसारको कार्य प्रगतिको स्थिति र लक्ष्य तथा सूचकहरूको अवस्था यकिन गरी आधाररेखा तय गर्नु नै यस स्वैच्छिक पुनरावलोकन प्रतिवेदनको मूल उद्देश्य हो। दिगो विकास लक्ष्यलाई नगरपालिकास्तरसम्म स्थानीयकरण गर्ने सम्बन्धमा तयार भएका कार्यविधि तथा निर्देशिकाहरूको अध्ययन गरी नगरपालिकाको कार्यक्षेत्र पहिचान र दिगो विकास लक्ष्य कार्यन्वयन गर्न आवश्यक भूमिका र दायित्वको संक्षिप्त विवरण तयार गर्नु पनि यस स्वैच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य हो।

## २.२ नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन बनाउनुको औचित्य

दिगो विकास लक्ष्य कार्यान्वयनको विषयमा यस नगरपालिकाको अधिकार र जिम्मेवारीको अध्ययन तथा सोसम्बन्धी कार्य प्रक्रियालाई मार्गदर्शन गर्ने संवैधानिक र हालसम्म जारी भएका संघीय, प्रादेशिक र स्थानीय तहका कानुनी दस्तावेज, नीति तथा निर्देशिका र कार्यक्रमहरू अध्ययन पुनरावलोकन गरी नगरपालिकाको कार्यक्षेत्रको पहिचान र दिगो विकास लक्ष्य कार्यन्वयन गर्न नगरपालिकाको भूमिका र दायित्व पहिचान र आवश्यक कार्यदिशा तय गर्नु नै यस प्रतिवेदनको औचित्य हो। यो प्रतिवेदन तयार गर्नुको थप औचित्य निम्नानुसार छन्:

क) दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूमा भएका प्रगतिको बारेमा आधारभूत सूचना सङ्कलन गरी नगरपालिकामा हालसम्म लक्ष्य र सूचकहरूमा भएको प्रगतिको समीक्षा गर्न,

ख) नगरपालिकाको दिगो विकास लक्ष्यको सन् २०२५ र २०३० को लक्ष्य निर्धारण गर्न,

ग) दिगो विकास लक्ष्य प्राप्त गर्न उपलव्ध स्रोत साधनहरू र अपूग भएका स्रोत साधनहरूको आँकल गर्न र

घ) स्रोतको उपलव्धता र आवश्यकताबीचको खाडल पहिचान गरी दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक कार्यादिशा निर्धारण गर्न।

## २.३ प्रतिवेदन तयार गर्ने विधि

दिगो विकास लक्ष्य कार्यन्वयनका लागि हालसम्म भएका प्रमुख प्रकाशनहरू, दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका, दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदन, स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका लगायतका दस्तावेजलाई आधार मानी यस कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ।

**अवलम्बन गरिएका प्रक्रिया र अपनाइएको विधि**

यस प्रक्रियामा विभिन्न तथ्याङ्क र सूचना सङ्कलन उपकरण/औजारहरू प्रयोग गरी दिगो विकास लक्ष्यअनुसारका आवश्यक परिमाणात्मक र गुणात्मक तथ्याङ्क, हालसम्मको लक्ष्य प्राप्ति समीक्षा, नगरपालिकाको वार्षिक बजेट र कार्यक्रममा दिगो विकासका लक्ष्यअनुसार विनियोजनको खण्डीकृत तथ्याङ्कलाई एकीकृत गरी दिगो विकास लक्ष्यअनुसारका सूचना सङ्कलन गर्ने प्रयास गरिएको छ। निम्न बमोजिमका प्रक्रिया अवलम्बन गरी यो प्रतिवेदन तयार गरिएको छः

**१. प्राविधिक सहयोगका लागि परामर्शदाता टोली परिचालनः**

कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले छनौट गरी पठाएको विज्ञ परामर्शदाता टोली सदस्यहरू २५ भाद्र देखि १ असोज २०७९ सम्मको कार्ययोजनासहित नगरपालिकालाई सहयोग गर्न परिचालन भएको थियो। विज्ञ परामर्शदाताले नगर कार्यपालिकाको कार्यालयमा नगर उप-प्रमुख, तथा प्रमुख प्रशासकीय अधिकृतसँग भेटेर प्रतिवेदन निर्माण तयारीको जानकारी, उद्देश्य तथा दिगो विकास लक्ष्य सम्बन्धित विषयमा यस नगरपालिकामा भएका कामकारवाहीको छोटो जानकारी लिएको थियो।

**२. दिगो विकास लक्ष्यसम्बन्धी परामर्श बैठकः**

यस नगरपालिकाको निर्देशनमा परामर्शदाताले नगर प्रमुख, वडा अध्यक्षहरू, अन्य जनप्रतिनिधि तथा कर्मचारी सम्मिलित परामर्श बैठक आयोजना गरेको थियो। यस सत्रमा जनप्रतिनिधिहरूको निर्देशिका, नीति तथा कार्यक्रमहरूको बारेमा बुझाई र तिनको कार्यान्वयनको बीचमा देखिएको अन्तरको पहिचान गर्ने र कार्यन्वयन गर्न उनीहरूको भूमिका र दायित्वको बारेमा छलफल भएको थियो। परामर्श बैठकमा निर्वाचित जनप्रतिनिधि, कर्मचारीहरू, विषयगत समितिका प्रतिनिधि तथा अन्य सरोकारवाला सम्मिलित अभिमुखीकरण कार्यशाला गोष्ठीका लागि सम्भावित सहभागीहरूको पहिचान, जानिफकार पहिचान, त्यस्ता कार्यक्रमहरूको मिति, स्थान, समय आदिको टुङ्गो लगाउने, कार्यक्रमहरूको लागि चाहिने आवश्यक सामाग्रीहरूको व्यवस्थापन सम्बन्धमा छलफल गरी निर्णय भएको थियो। परामर्श बैठकमा यस प्रतिवेदन तयारीकालागि परामर्शदाता र नगरपालिका सम्मिलित कार्यदल गठन गरी कार्ययोजनासहित कार्य गर्न नगरपालिकाका कर्मचारीहरूलाई निर्देशन भएको थियो।

**३. दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयारी कार्ययोजना तर्जुमाः**

नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्नका लागि अपनाउनु पर्ने विधि, आवश्यक औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो।

बैठकमा यस नगरपालिकाका कर्मचारी र परामर्शदाता टोली संलग्न थिए। छलफलका आधारमा दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरी छलफलमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा नगरपालिकाको स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयारी कार्ययोजना तर्जुमा गरियो।

**४. सन्दर्भ सामग्री सङ्कलन, कानुनी दस्तावेज अध्ययन र समीक्षाः**

कुश्मा नगरपालिकाको मार्गनिर्देशनमा परामर्शदाताबाट नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको पूर्ण अधिकार तथा अनुसूची ९ बमोजिमको स्थानीय, प्रादेशिक तथा संघीय सरकारको साझा अधिकार सूचीको आधारमा स्थानीय तहको अधिकार क्षेत्रभित्रका कार्यक्षेत्र र दायरा पुनरावलोकन गरी दिगो विकास लक्ष्यसँग सोको पङ्क्तिबद्धता अध्ययन गरियो। साथै नगरपालिका, प्रादेशिक तथा संघीय सरकारले जारी गरेका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरूको अध्ययन र नगरपालिकामा दिगो विकास लक्ष्यको आन्तरिकीकरणको अवस्था एवम् सो लक्ष्य प्राप्तिका लागि चालिएका कदमहरूको पुनरावलोकन गरियो। नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन २०७३, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, योजना वर्गीकरण मापदण्ड २०७६, दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका २०७७, स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका २०७९ र कुश्मा नगरपालिकाका सान्दर्भिक नीति, कानुन तथा प्रगति प्रतिवेदन लगायतका प्रकाशनहरूको अध्ययन गरियो।

**५. स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयारी अभिमुखीकरण कार्यशाला गोष्ठी सञ्चालनः**

नगरपालिकाको मार्गनिर्देशनमा परामर्शदाताबाट पर्वत वाणिज्य महासंघको सभाकक्षमा निर्वाचित जनप्रतिनिधि, नगरपालिकाका कर्मचारीहरू, विषयगत समितिका प्रतिनिधि तथा अन्य सरोकारवाला सम्मिलित अभिमुखीकरण कार्यशाला गोष्ठी सञ्चालन गरियो। यस अभिमुखीकरण कार्यशाला गोष्ठीमा प्रत्येक दिगो विकास लक्ष्यको व्याख्या र दिगो विकासका लागि २०३० एजेन्डा पूरा गर्न समुदाय, निजी क्षेत्र र स्थानीय सरकारको भूमिकाबारे सघन छलफल गरी साझा बुझाइ तयार गरियो। त्यसैगरी, अभिमुखीकरण कार्यशाला गोष्ठीका सदस्यहरूले नगरपालिकास्तरमा सूचना र तथ्याङ्क सङ्कलनका क्रममा प्रयोग गर्ने परिमाणात्मक र गुणात्मक औजार, अवलम्बन गर्ने विधिलगायत अन्य प्रक्रियागत विषयहरूको बारेमा आवश्यक जानकारी प्राप्त गर्नुभयो। अन्त्यमा विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो।

**६. दिगो विकास लक्ष्य र सूचाङ्कअनुसारको सूचना सङ्कलनः**

नगरपालिकाको स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयारी कार्यदल र परामर्शदाता सम्मिलित टोलीबाट नगरपालिकास्तरमा उपलव्ध सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्य गरियो। तथ्याङ्क तथा सूचना उपलव्धताको विश्लेषण गर्दा, नगरपालिकासँग सम्बन्धित तर नगरपालिकामा प्रत्यक्षरुपमा उपलव्ध नभएका दिगो विकास लक्ष्यका सूचकहरूलाई चाहिने परिमाणात्मक तथ्याङ्क अभिलेख, विभिन्न जिम्मेवार निकायहरू जस्तै, स्थानीय स्वास्थ संस्था, विद्युत कार्यालय, प्रहरी कार्यालय आदिसँग समन्वय गरी सङ्कलन गरियो।

७. **सम्बन्धित स्थानीय तह, सरोकारवाला संस्था तथा व्यक्तिहरूसँग बैठकः**

नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका विभिन्न विभागका कर्मचारीहरू र जानिफकारहरूसँग अन्तरक्रिया बैठक गरेर नगरपालिकाको यस स्वैच्छिक स्थानीय पुनरावलोकन प्रतिवेदन निर्माणलाई आवश्यक सहयोग र भूमिका बारेमा छलफल गरियो। दिगो विकास लक्ष्यको **"कसैलाई पनि पछि नछाड्ने"** लक्ष्यअनुसार दलित, महिला, अपाङ्गता तथा सीमान्तकृतत वर्गहरू लक्षित नवीनतम कार्यक्रमहरू साथै नगरपालिकामा सञ्चालन भएका अन्य कार्यक्रमहरू र उक्त कार्यक्रमहरूको लागि भएका आवश्यक स्रोत परिचालनबारे पनि छलफल गरियो। बैठकमा नगरपालिकाको योजना तर्जुमा, योजना कार्यान्वयनको अवस्था, बजेट विनियोजन र कार्यान्वयनको अवस्था र दिगो विकास लक्ष्यसम्बन्धी भए गरेका प्रगति जस्ता विषयमा तथ्याङ्कहरूको अध्ययन, समीक्षा गरी सङ्कलन गरिएको परिमाणात्मक सूचनाका आधारमा गहन छलफल गरी थप गुणात्मक सूचना सङ्कलन गरियो।

## २.४ सङ्कलित सूचनाको विश्लेषण र प्रयोग

सङ्कलित सूचनाको निम्न बमोजिम विश्लेषण र प्रयोग गरियोः

१. स्थानीयस्तरमा दिगो विकास लक्ष्य प्राप्तिमा स्रोतको आवश्यकता र विनियोजनबीच स्रोत कमीको (Gap) पहिचान र विश्लेषण गरियो;

२. स्थानीय विकास र नगरपालिकास्तरमा दिगो विकास लक्ष्यहरूबीचको समन्वय र पूरकतामा कुन दिगो विकास लक्ष्यले प्रभावकारीरूपमा योगदान गरिरहेको छ भन्ने मूल्याङ्कन र पहिचान गरियो;

३. आधारभूत स्वास्थ्य, आधारभूत शिक्षा, खानेपानी तथा सरसफाइ, विद्युतीकरण, सामाजिक तथा वातावरण संरक्षण, साना पूर्वाधार र आर्थिक विकास जस्ता नगरपालिकाको कार्यक्षेत्रलाई विशेष ध्यान दिएर मूल्याङ्कन गरी दिगो विकास लक्ष्यको उपलब्धिमा भएको प्रगतिको तुलना गरियो;

४. दिगो विकास लक्ष्य हासिल गर्न हाल प्राथमिकतामा परेका योजनाहरू र पुनःप्राथमिकीकरणको आवश्यकता विश्लेषण।

## २.५ प्रतिवेदन माथि छलफल, सुधार र स्वीकृति

दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन तयारीका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले स्वीकृत गरेको प्रारम्भिक प्रतिवेदनले सुझाएको ढाँचामा प्रथम मस्यौदा प्रतिवेदन तयार भएपछि, प्रतिवेदन माथि नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका विभिन्न विभागका कर्मचारीहरू, प्रतिवेदन तयारी कार्यदल सदस्यहरू बैठक बसी आन्तरिक छलफल गरी सुझाव सङ्कलन गरियो। सङ्कलित राय सुझावको सूची तयार गरी विज्ञ परामर्शदातासँग समेत छलफल गरियो। प्रत्यक्षरुपमा परामर्श गर्न नसकिएका सरोकारवालाहरूबाट पनि जानकारी लिने प्रयास गरियो र सान्दर्भिक सुझाव र टिप्पणीहरू सम्बोधन गरी मस्यौदा प्रतिवेदनमाथि आवश्यक परिमार्जन गरियो। यस क्रममा मस्यौदा प्रतिवेदनमा नपुग भएका आवश्यक सूचना तथा तथ्याङ्कहरू विभिन्न शाखाहरूबाट सङ्कलन गरी परिमार्जित दोस्रो मस्यौदामा समावेश गरियो।

त्यसैगरी, तयार भएको दोस्रो मस्यौदा प्रतिवेदन माथि थप राय सुझाब प्राप्त गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँग विभिन्न चरणमा बैठक बसी उक्त मस्यौदा माथि छलफल गरियो। छलफलमा सुझाइएका विषयहरूलाई सम्बोधन गरी कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरियो र सो प्रतिवेदन प्रकाशन गर्न स्वीकृत गरियो।

## २.६ प्रतिवेदन तयार गर्न आवश्यक सूचना सङ्कलनका स्रोत

यस कुश्मा नगरपालिकाको स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्न आवश्यक दिगो विकास लक्ष्यका सूचकअनुसारका सूचना तथा तथ्याङ्क मूलतः यस नगरपालिकाका विषयगत शाखाहरूमा उपलव्ध भए सम्म सङ्कलन गरियो। नगरपालिकाले हालसम्म प्रकाशन गरेका आवधिक योजना, मध्यमकालीन खर्च संरचना, राजस्व सुधार कार्ययोजना लगायतका अन्य प्रकाशित र अप्रकाशित अभिलेखहरू, सरोकारवाला सरकारी, गैर-सरकारी र निजी संघ संस्थाका अभिलेखहरूको अध्ययन गरी उपलव्ध सङ्ख्यात्मक तथ्याङ्क हासिल गरियो। यस्तै राष्ट्रिय र प्रादेशिकस्तरमा प्रकाशित स्वैच्छिक पुनरावलोकन प्रतिवेदनहरूको अध्ययन गरी दिगो विकास लक्ष्यका नगरपालिकामा प्रत्यक्ष लागू हुने सूचकहरूको उपलव्ध सङ्ख्यात्मक तथ्याङ्क हासिल गरियो। पहिचान गरिएका दोस्रो स्रोतहरू जस्तै केन्द्रिय तथ्याङ्क विभाग, विषयगत मन्त्रालयमा उपलव्ध प्रशासनिक तथ्याङ्कको अध्ययन गरी उपलव्ध सङ्ख्यात्मक तथ्याङ्क हासिल गरियो।

# अध्याय ३ः दिगो विकास लक्ष्यअनुसार सूचकहरूको अवस्था र भावी योजना

## ३.१ दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने प्रक्रिया, अवस्था र राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका असल अभ्यास

दिगो विकास लक्ष्यको स्थानीयकरण भनेको विश्वव्यापी सन्दर्भमा तय भएका दिगो विकास लक्ष्य अन्तर्गत परिमाणात्मक लक्ष्य र सूचकहरूलाई स्थानीय स्रोत र साधनअनुसार उपयुक्त ढङ्गबाट परिमार्जन गर्दै स्थानीय योजना बनाउँदा तिनीहरूको मूल प्रवाहीकरण गर्नु हो। दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने प्राथमिक दायित्व सरकार कै हो। तर गैरसरकारी तथा निजी पक्षको पनि महत्वपूर्ण भूमिका रहन्छ। लक्ष्य कार्यान्वयनको लागि सरकारले आवश्यक स्रोतसाधनको व्यवस्था गर्नुपर्छ भने त्यसका लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्ने काम पनि सँगसँगै लैजानु पर्छ। राष्ट्रिय योजना र दिगो विकास लक्ष्य तथा निर्दिष्ट लक्ष्यहरूलाई एकअर्कामा समन्वय गर्ने काम महत्वपूर्ण हुन्छ। यसपछि दिगो विकास प्रक्रियामा सहयोग पुर्याउने संस्थाहरूको पहिचान गर्ने र उनीहरूबीच साझेदारीको विकास गराउने काम गर्नुपर्छ। यससँगै लक्ष्य कार्यान्वयनका लागि उपयुक्त जवाफदेही प्रणालीको विकास गर्नुपर्छ।

नेपाल संघीय संरचनामा प्रवेश गरिसकेको सन्दर्भमा संघीय संरचना अन्तर्गत राजनीतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय सन्तुलन कायम गराउँदै दिगो विकासका लक्ष्यहरू हासिल गर्न अपनाइने मौलिक प्रयासहरूनै दिगो विकास लक्ष्यको स्थानीयकरणका औजारहरू हुन्। यसका लागि नागरिकको जीवनस्तर माथि उकास्ने खालका वास्तविक कार्यनीतिहरू र तिनीहरूको सहज र सबल कार्यान्वयनका लागि दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण अत्यन्तै जरुरी हुन्छ। यस परिप्रेक्ष्यमा स्थानीय तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्न सहयोगी हुने उद्देश्य अनुरुप राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, २०७७ तयार गरेको छ। यस पुस्तिकाले स्थानीय तहमा आवधिक विकास योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरी नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएका दिगो विकास लक्ष्यसम्बन्धी प्रतिबद्धता पूरा गर्न सहयोग पुगेको छ।

स्थानीय सरकारकारुपमा रहेका स्थानीय तहहरूबाट स्थानीयकरण प्रयासमा जनताका प्राथमिकता सम्बोधन गर्दै सार्वजनिक सेवाप्रवाहसम्बन्धी थुप्रै उत्साहप्रद, नौला र मननयोग्य कामहरू भएका छन्। वडीमालिका नगरपालिका बाजुरा, हिमा नगरपालिका जुम्लाजस्ता हिमाली क्षेत्रका स्थानीय तहहरूले शिक्षाको गुणस्तर र शिक्षक व्यवस्थापनमा उदाहरणीय काम देखाएका छन्। डोटीको जोरापाल नगरपालिकाको अभिलेख व्यवस्थान, पर्वतको महाशिला नगरपालिकाको एक घर एक रोजगार कार्यक्रम, सूर्योदय नगरपालिका, इलामको पर्यटनलाई आर्थिक पक्षसँग जोड्न कन्यामक्षेत्र केन्द्रित पर्यटकीय उपक्रमहरूको कार्यान्वयन, कन्काई नगरपालिकाको मजदुर हितकोष तथा विमा कार्यक्रमबाट उत्साहप्रद परिणामको अपेक्षा गर्न सकिन्छ। चितवनको राप्ती नगरपालिकाले प्रयोगमा ल्याएको विभिन्न चरणमा १२ जना पदाधिकारीहरूको हस्ताक्षरयुक्त प्रतिवेदनपश्चात् मात्र भुक्तानी हुने प्रणाली र कर्णाली प्रदेशको रास्कोट नगरपालिकाको श्रम बैङ्कको अवधारणालाई बिस्तार गर्ने प्रशस्त ठाउँ छ। स्थानीय तहमा भएका यी केही प्रतिनिधि कामका उदाहरण मात्र हुन्। जनताको जीवनस्तरमा प्रत्यक्ष सुधार देखिने खालका उत्पादनमूलक क्षेत्र बिस्तार, रोजगारी सृजना, आन्तरिक राजस्व वृद्धि, चुस्त बजेट निर्माण र खर्चलाई प्रभावकारी बनाउने तर्फ केही

स्थानीय तहहरूले प्रशंसनीय कामहरू गरेका छन्। यस नगरपालिकामा पनि यस्ता नमूना कार्यको अनुशरण गरी अगाडि बढ्ने क्रममा घर-घरमा प्राङ्गारिक मल उत्पादन र प्रयोग गर्न सहयोग एवम् सचेतना मूलक कार्यक्रमकालागि बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन भइरहेको छ। त्यस्तै, किसान लक्षित कृषि नीतिका निमित्त कृषक वर्गीकरण र परिचयपत्र वितरण कार्यको सुरुवात भएको छ।

## ३.२ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकाले गरेका प्रयास

दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्न तथा बजेटका प्राथमिकताहरूलाई दिगो विकास लक्ष्यसँग आवद्ध गर्न कुश्मा नगरपालिका प्रयासरत छ। नगरपालिकाले हालसम्म गरेको प्रयासलाई निम्नानुसार रहेका छन्ः

१. **कुश्मा नगरपालिकाको आवधिक योजनाः**

कुश्मा नगरपालिकाले नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति दिगो विकास लक्ष्य र दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता हुने गरी आवधिक विकास योजना तर्जुमा गरेको छ। नगरपालिकाले आवधिक विकास योजना पूर्णरुपमा कार्यान्वयन गर्नको लागि प्रदेश र नगरपालिकाबीचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसात गरेको छ। यसको अतिरिक्त नगरपालिकाले आवधिक विकास योजना कार्यान्वयन गर्नका लागि नगरस्तरीय राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघ संस्थाहरूसँग साझेदारी र सहकार्य गर्दै आएको छ। नगरपालिकाका निर्वाचित पदाधिकारीहरू र कार्यरत कर्मचारीहरूको क्षमता विकास गरी उनीहरूको इमान्दारिता र कार्यदक्षता अभिवृद्धि गरी छिटो, छरितो, पारदर्शी र उत्तरदायीपूर्ण तरिकाले कार्यान्वयन गर्न आवश्यक हुन्छ। कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त गर्न लक्षित वर्गहरू जस्तै महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्तिहरू, दलित, जनजाति, विपन्न, ज्येष्ठ नागरिक आदिको सक्रिय सहभागितालाई सुनिश्चित गरी उनीहरूको अपनत्व अभिवृद्धि गर्दै आईरहेको छ।

२. **कुश्मा नगरपालिकाको मध्यमकालीन खर्च संरचनाः**

यस नगरपालिकाले २०७९/०८०-२०८१/०८२ का लागि मध्यमकालीन खर्च संरचनाले तर्जुमा गरेको छ। यसबाट नगरपालिकाको आवधिक योजना अनुरुपका समृद्धिको संवाहक र प्राथमिकता प्राप्त कार्यक्रमहरूमा लगानी सुनिश्चित हुने विश्वाश गरिएको छ। बहुवर्षीय आयोजना र दिगो विकासमैत्री कार्यक्रमहरूको कार्यान्वयनको माध्यमद्वारा दीगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुर्‍याउने हेतुले यसको तर्जुमा गरिएको हो। यस खर्च संरचनाले नगरपालिकाले तय गरेको दीर्घकालीन सोच *'समृद्ध सुन्दर कुश्मा नगर"* तथा नेपाल सरकार र गण्डकी प्रदेशले निर्धारण गरेका समृद्धिका दीर्घकालीन लक्ष्यहरू प्राप्तिमा समेत योगदान पुर्‍याउने विश्वास लिइएको छ। मध्यमकालीन खर्च संरचनाले प्राथमिकतामा राखेका कार्यक्रमहरू यस प्रतिवेदनको खण्ड ३.४ मा प्रस्तुत गरिएको छ।

३. **कुश्मा नगरपालिकाले विभिन्न समयमा तयार गरी लागू गरिएका ऐन तथा कार्यविधिः**

दिगो विकास लक्ष्य हासिल गर्न नगरपालिकाले विभिन्न समयमा बनाएका ऐन तथा कार्यविधिले सहयोग गर्दै आएका छन्। उदाहरणकोस लागि कुश्मा नगरपालिका सहकारी ऐन २०७५ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभाताई स्वावलम्बन पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित लोकतान्त्रिक, स्वायत्त र सुशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक

न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगोरुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरूको दर्ता सञ्चालन एवम् नियमनसम्बन्धी व्यवस्था गर्ने लक्ष्य लिएको छ। यस ऐनले दिगो विकास लक्ष्य ८ हासिल गर्न मद्दत गर्दै आएको छ। नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न सहयोग गर्दै आएका नगरपालिकाका कानुनी दस्तावेजहरूको सूची अनुसूची १.४ मा प्रस्तुत गरिएको छ।

विभिन्न जातजाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरणको माध्यमबाट सबल नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ नगरपालिकास्तरबाट कामहरू भईरहेका छन्। यसका साथै योजनाहरूको कार्यान्वयन गर्ने क्षमता विकास, त्यसका लागि आवश्यक उपयुक्त वातावरण निर्माण र प्रविधिको आवश्यकतालाई पनि कुश्मा नगरपालिका सम्बोधन गर्दै जानेछ।

## ३.३ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकाले सञ्चालन गरेको नयाँ तथा नवप्रवर्तनीय कार्यक्रम तथा क्रियाकलाप

नगरपालिकाले आफ्नो दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउनु पर्ने हुन्छ। यसरी योजना निर्माण गर्दा दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य तथा सूचकहरूलाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ। तथ्याङ्क व्यवस्थापनका लागि नगरपालिकाले वस्तुगत विवरण अध्यावधिक गर्ने कार्य भइरहेको छ। आवधिक विकास योजना तयार भएको छ।

नगरपालिकाले हालसम्म विकास विषयक्षेत्र गत तवरले सञ्चालित योजना तथा कार्यक्रमहरूमा नै व्यस्तताका साथ लागिरहेको छ। यस्ता कार्यक्रमहरूले पनि प्रत्यक्ष वा परोक्ष कुनै न कुनै दिगो विकास लक्ष्य प्राप्त गर्न मद्दत गरेका छन्। नगरपालिकाले घर-घरमा प्राङ्गारिक मल उत्पादन र प्रयोग गर्न सहयोग एवम् सचेतनामूलक कार्यक्रम, किसान लक्षित कृषि नीतिका निमित्त कृषक वर्गीकरण र परिचयपत्र वितरण, कोभिड-१९का कारण प्रभावित माझी, कुमाल, घर्ती, भुजेल, दलितलगायत विपन्न परिवारका सदस्यहरूका लागि आयआर्जन र रोजगारीका कार्यक्रम सञ्चालन गर्दै कृषि रोजगारी अभिवृद्धितर्फ कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। त्यसैगरी पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सहकार्य वृद्धि गर्न स्थानीय उत्पादन सञ्जालीकारण एप निर्माण गरी गत आर्थिक वर्ष २०७८/८९ देखि सञ्चालनमा आएको छ। यसले पर्यटन क्षेत्रको दिगो विकासबाट नगरवासीहरूको आर्थिक अवस्थामा सुधार ल्याउने अपेक्षा गरिएको छ।

## ३.४ नगरपालिकाको विगत तीन वर्षको आम्दानी तथा खर्चको विश्लेषण

कुश्मा नगरपालिकाको विगत तीन वर्षको स्रोत विनियोजन र खर्चको विश्लेषण गर्दा वार्षिक बजेटको आकारमा क्रमिक वृद्धि देखिन्छ। तालिका ३.१ मा प्रस्तुत विगत तीन आर्थिक वर्षको आय विवरण प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७६/०७७ मा नगरपालिकाको कूल आय करिब ७३ करोड रुपैंया रहेको थियो। आयको मुख्य स्रोत संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण रहेको थियो भने कूल आयको ७३ प्रतिशत रकम संघीय सरकारबाट प्राप्त भएको थियो। उक्त आर्थिक वर्षमा प्रदेश सरकारले कूल आयको ३ प्रतिशत रकम योगदान गरेको थियो। त्यसैगरी, कूल आयमा नगरपालिकाको आन्तरिक आयको अंश करिब ५ प्रतिशत रहेको थियो। कूल आम्दानीको करिब १९ प्रतिशत रकम राजस्व बाँडफाँटबाट प्राप्त भएको देखिन्छ। आर्थिक वर्ष २०७८/०७९ मा नगरपालिकाको आय अघिल्लो वर्षको तुलनामा करिब १५ प्रतिशतले वृद्धि भएको थियो। आन्तरिक आयको कुरा गर्दा अघिल्लो आर्थिक वर्षको तुलनामा यस वर्ष ३ प्रतिशतले वृद्धि भएको थियो।

तालिका ३.१ः कुश्मा नगरपालिकाको विगत तीन वर्षको विनियोजन र खर्च (रु. लाखमा):

| स्रोतको किसिम | आ.व २०७६/०७७ | | आ.व २०७७/०७८ | | आ.व २०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| आन्तरिक स्रोत | ३४०.१६ | २३२.४५ | ३७४.५० | ३६८.०६ | ७०९.०० | ५७५.८० |
| प्रदेश सरकार | २२५.३३ | १७५.३३ | २८३.२० | २१९.१७ | २८४.६२ | १८८.३० |
| राजस्व बाँडफाँड | १,३६५.१८ | ८०५.२१ | १,१२२.४२ | १,०७७.२२ | १,२७३.६७ | १,१८३.९१ |
| सङ्घीय सरकार | ५,३२८.८४ | ४,८३५.८५ | ५,६१५.०८ | ५,२०९.६७ | ६,२१९.३७ | ५,६५७.३२ |
| जम्मा | ७,२५९.५१ | ६,०४८.८४ | ७,३९५.२० | ६,८७४.१२ | ८,४८६.६६ | ७,६०५.३३ |

*स्रोतः कुश्मा नगरपालिका आर्थिक शाखा*

पालिकाको विगत तीन वर्षको खर्चको विश्लेषण गर्दा वार्षिक खर्च क्षमतामा एकरूपता देखिँदैन। आर्थिक वर्ष २०७६/०७७ मा विनियोजनको ८३ प्रतिशत खर्च भएको थियो भने २०७७/०७८ मा ९३ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७८/०७९ मा भने ९० प्रतिशत हाराहारीमा खर्च भएको थियो। यसले नगरपालिकाको खर्च प्रणालीमा एकरुपता ल्याउनु पर्ने साथै खर्च गर्ने क्षमता बढाउनुपर्ने देखिन्छ। नगरपालिका यस विषयमा सचेत रहेको छ।

## ३.५ दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चका प्राथमिकता

### ३.५.१. विगत तीन आर्थिक वर्षको बजेट विनियोजन तथा दिगो विकास लक्ष्यअनुसार खर्चको विवरणः

नगरपालिकाको विगत तीन आर्थिक वर्षहरूको वार्षिक विनियोजन र खर्चका प्रथकमिकतालाई दिगो विकास लक्ष्यअनुसार पुनःवर्गीकरण गरी विश्लेषण गर्दा नगरपालिकामा सञ्चालन हुँदै आएका कार्यक्रमहरू मुलतः संघीय सरकारको वित्तीय हस्तान्तरणबाट प्राप्त रकममा निर्भर रहेको देखिन्छ।

तालिका ३.२ः दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्च (रु. लाखमा)

| क्रम संख्या | दिगो विकास लक्ष्य | आ.व २०७६/०७७ | | | | आ.व २०७७/०७८ | | | | आ.व २०७८/०७९ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३१.३ | ०.४ | २९.२ | ९३.२ | – | – | – | – | ३१.० | ०.४ | २६.७ | ८६.० |
| २ | शुन्य भोकमरी | २८३.८ | ३.९ | २३९.० | ८४.२ | २४६.८ | ३.३ | २२९.७ | ९३.१ | २४८.९ | २.९ | २२०.८ | ८८.७ |
| ३ | स्वस्थ्य जीवन | ६९१.५ | ९.५ | ४८८.३ | ७०.६ | ५५२.३ | ७.५ | ५०५.२ | ९१.५ | ७१०.९ | ८.४ | ६३४.१ | ८९.२ |
| ४ | गुणस्तरीय शिक्षा | ३,३०४.० | ४५.५ | ३,२०३.६ | ९७.० | ३,४०५.० | ४६.० | ३,३५६.६ | ९८.६ | ३,६६१.० | ४३.१ | ३,६००.२ | ९८.३ |
| ५ | लैंगिक समानता | ९५.८ | १.३ | ५०.० | ५२.२ | ५८.४ | ०.८ | ४२.९ | ७३.५ | १३१.० | १.५ | १०७.२ | ८१.८ |
| ६ | सफा पानी र स्वच्छता | २१९.६ | ३.० | १३१.९ | ६०.१ | ७२.० | १.० | ४६.६ | ६४.७ | ६३.२ | ०.७ | ४२.५ | ६७.२ |
| ७ | आधुनिक उर्जामा पहुँच | १२.५ | ०.२ | १२.० | ९५.८ | २७.२ | ०.४ | २७.१ | ९९.६ | ३७.५ | ०.४ | ३७.४ | १०० |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ५०.२ | ०.७ | २६.८ | ५३.४ | ३००.२ | ४.१ | १५४.७ | ५१.६ | ४१२.९ | ४.९ | ३१९.५ | ७७.४ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ९५७.९ | १३.२ | ६२९.७ | ६५.७ | ९००.७ | १२.२ | ८१०.४ | ९०.० | ८५६.९ | १०.१ | ६८३.६ | ७९.८ |
| १० | असमानता न्यूनीकरण | – | – | – | – | – | – | – | – | – | – | – | – |
| ११ | दिगो शहर र समुदाय | २५२.७ | ३.५ | १५५.१ | ६१.४ | ११०.५ | १.५ | १०५.८ | ९५.८ | ६३४.९ | ७.५ | ३४५.५ | ५४.४ |
| १२ | दिगो उपभोग र उत्पादन | – | – | – | – | ४०.० | ०.५ | २७.७ | ६९.२ | ३३.५ | ०.४ | ३३.५ | ९९.९ |
| १३ | जलबायु परिवर्तन अनुकूलन | ५.२ | ०.१ | ४.६ | ८८.५ | ४०.५ | ०.५ | २९.८ | ७३.६ | २.० | – | १.९ | ९५.० |
| १४ | पानी मुनीको जीवन | – | – | – | – | – | – | – | – | – | – | – | – |
| १५ | जमीन माथिको जीवन | – | – | – | – | – | – | – | – | १५.० | ०.२ | ९.३ | ६२.१ |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | १,३५५.० | १८.७ | १,०७८.७ | ७९.६ | १,६४१.७ | २२.२ | १,५३७.६ | ९३.७ | १,६४८.१ | १९.४ | १,५४३.३ | ९३.६ |
| १७ | दिगो विकासका लागि साझेदारी | – | – | – | – | – | – | – | – | – | – | – | – |
| जम्मा | | ७,२५९.५ | १०० | ६,०४८.८ | ८३.३ | ७,३९५.२ | १०० | ६,८७४.१ | ९३.० | ८,४८६.७ | १०० | ७,६०५.३ | ८९.६ |

*स्रोतः नगरपालिकामा उपलव्ध आर्थिक तथ्याङ्कलाई दिगो विकास लक्ष्यअनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको*

कूल वार्षिक बजेटमा आन्तरिक स्रोतको हिस्सा १० प्रतिशतभन्दा कम रहेकोले नगरपालिकाले आफ्ना एकल अधिकार क्षेत्रभित्र परेका जनभावना अनुरुप कार्यक्रमहरूको लागि आवश्यक बजेट विनियोजन गर्न कठिनाइ भइरहेको छ।

विगत ३ वर्षको स्रोत विनियोजन विश्लेषण गर्दा नगरपालिकाको पहिलो प्राथमिकतामा लक्ष्य ४: गुणस्तरीय शिक्षा राखेर कूल बजेटको ४६ प्रतिशतसम्म विनियोजन भएको देखिन्छ। यस्तै लक्ष्य ९: उद्योग, नविन खोज र पूर्वाधारमा १३.२ प्रतिशतसम्म, लक्ष्य ३: स्वस्थ जीवनमा ९.५ प्रतिशतसम्म, लक्ष्य २: शून्य भोकमरीमा ३.९ प्रतिशतसम्म, लक्ष्य ११: दिगो शहर र बस्तीमा ७.५ प्रतिशतसम्म र अन्य लक्ष्यहरूमा न्यून रकम विनियोजन भएको देखिन्छ। लक्ष्य १६: शान्ति न्याय र सबल संस्थामा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चसहित २२.२ प्रतिशतसम्म विनियोजन भएको देखिन्छ। आर्थिक वर्ष २०७८/०७९ मा भने स्रोत विनियोजनम दिगो विकास लक्ष्यका अधिकांश लक्ष्यहरू समेट्ने प्रयास भएको छ तथापि पारम्परिक तवरले विनियोजन भएको बजेटबाट यहाँ सञ्चालन योजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यअनुसार वर्गीकरण गरी विश्लेषण गर्दा लक्ष्य १० र १७ लाई सम्बोधन गर्ने खालका विशेष कार्यक्रमहरू सञ्चालन सञ्चालन भएका छैनन।

त्यस्तै, विगत ३ वर्षको खर्चतर्फ यहाँ सञ्चालित योजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यअनुसार वर्गीकरण गरी विश्लेषण गर्दा, कूल विनियोजित स्रोतको ९३ प्रतिशतसम्म खर्च भएको छ। प्राथमिकताका आधारमा लक्ष्य ४: गुणस्तरीय शिक्षामा विनियोजित स्रोतको ९८.६ प्रतिशतसम्म खर्च भएको देखिन्छ। यस्तै लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधारमा ९० प्रतिशतसम्म, लक्ष्य ३: स्वस्थ जीवनमा ९१.३ प्रतिशतसम्म, लक्ष्य २: शून्य भोकमरीमा ९३.१ प्रतिशतसम्म, लक्ष्य ११: दिगो शहर र बस्तीमा ९५.८ प्रतिशत रकम खर्च देखिन्छ। लक्ष्य १६: शान्ति, न्याय र सवल संस्थामा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चसहित ९३.७ प्रतिशतसम्म विनियोजित रकम खर्च भएको छ।

### ३.५.२. दिगो विकास लक्ष्यका आधारमा आगामी तीन आर्थिक वर्षको प्रक्षेपित खर्चः

कुश्मा नगरपालिकाको समष्टिगत विकास योजना पूरा गरी दिगो विकास लक्ष्य हासिल गर्न हाल प्राथमिकतामा परेका क्षेत्रसहित अन्य लक्ष्यहरूलाई पनि साथ-साथै लैजानु पर्ने हुन्छ। नगरपालिकालको आवधिक योजना अन्तर्गतका योजना तथा कार्यक्रम समेटी नगरपालिकाको आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित तयार भएको मध्यमकालीन खर्च संरचना (२०७९/०८०—२०८१/०८२)मा सबै लक्ष्यहरूलाई सम्बोधन गर्ने कोसिस गरिएको छ। यस नगरपालिकाको मध्यमकालीन खर्च संरचनाले नगरपालिकासँग उपलब्ध स्रोतसाधन र सम्भावित आयको वस्तुनिष्ठ आङ्कलन गरी आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा मध्यम अवधिको लागि कुशलतापूर्वक बाँडफाँट गरेको छ। नेपाल सरकारले विभिन्न अन्तराष्ट्रिय मञ्चहरूमा व्यक्त गरेका दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक योजना तथा कार्यक्रमहरूका लागि खर्च सुनिश्चित गर्ने औजारका रुपमा मध्यमकालीन खर्च संरचनालाई यस नगरपालिकाले उपयोग गर्दै आएको छ। नगरपालिकाको मध्यमकालीन खर्च संरचनाले दिगो विकास लक्ष्य हासिल गर्न सहयोग गर्नुका साथै स्थानीय आवश्यकताका आयोजना तथा कार्यक्रमका लागि पहिलो आर्थिक वर्षको वास्तविक बजेट र खर्चको अनुमान गरी त्यसपछिका दुई आर्थिक वर्षका लागि सम्भाव्य स्रोत र खर्चको प्रक्षेपण गरिएको छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धिहरूको समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको लागि नयाँ प्रक्षेपण गरिने लक्ष्य लिईएको छ। आगामी वर्षहरूमा संघ र प्रदेश सरकारहरूको मार्गनिर्देश र समन्वयमा थप परिमार्जित र परिष्कृत गर्दै लगिने छ।

तालिका ३.४: दिगो विकास लक्ष्यका आधारमा आगामी तीन वर्षको प्रक्षेपित खर्चको विवरण *(रु. लाखमा)*

| क. स | दिगो विकास लक्ष्य | आयोजन कार्यक्रम संख्या | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरीबीको अन्त्य | ४ | २३१.८२ | २.५८ | २४३.४१ | २.५८ | २५५.५८ | २.५८ |
| २ | शून्य भोकमरी | २ | ७१.९४ | ०.८० | ७५.५३ | ०.८० | ७९.३१ | ०.८० |
| ३ | स्वस्थ जीवन | ६ | ८११.७१ | ९.०३ | ८५२.२९ | ९.०३ | ८९४.९१ | ९.०३ |
| ४ | गुणास्तरिया शिक्षा | ९ | ३,७३४.३४ | ४१.५४ | ३,९२१.०५ | ४१.५५ | ४,११७.११ | ४१.५३ |
| ५ | लैंगिक समानता | ६ | २६९.७० | ३.०० | २८३.१९ | ३.०० | २९७.३४ | ३.०० |
| ६ | स्वच्छ पनि र सरसफाई | १ | २६९.७० | ३.०० | २८३.१९ | ३.०० | २९७.३४ | ३.०० |
| ७ | आधुनिक ऊर्जामा पहुँच | २ | ३७.७६ | ०.४२ | ३९.६५ | ०.४२ | ४१.६३ | ०.४२ |
| ८ | समाबेसी आर्थिक बृद्धि र मर्यादित काम | ४ | ११५.५९ | १.२९ | ११९.७० | १.२७ | १२९.१० | १.३० |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | २ | १७.४८ | ०.१९ | १७.७८ | ०.१९ | १९.८५ | ०.२० |
| १० | असमानता न्यूनीकरण | ३ | १३८.९२ | १.५५ | १४५.८६ | १.५५ | १५३.१६ | १.५४ |
| ११ | दिगो शहर र बस्ती | ११ | १,५४९.५९ | १७.२४ | १,६२७.०७ | १७.२४ | १,७०८.४२ | १७.२३ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | ३८.९४ | ०.४३ | ४०.८८ | ०.४३ | ४२.९३ | ०.४३ |
| १३ | जलवायु परिबर्तन अनुकुलन | ४ | ८९.४१ | ०.९९ | ९३.८८ | ०.९९ | ९८.५८ | ०.९९ |
| १४ | सामुद्रिक श्रोतको उपयोग | ० | - | - | - | - | - | - |
| १५ | भूसतह श्रोतको उपयोग | ४ | १८३.१५ | २.०४ | १९२.३० | २.०४ | २०१.९२ | २.०४ |
| १६ | शांति न्याय र सबाल संस्था | ३ | १,३३३.४५ | १४.८३ | १,४००.१२ | १४.८४ | १,४७०.१३ | १४.८३ |
| १७ | दिगो बिकासको लागि साझेदारी | ४ | ९६.५२ | १.०७ | १०१.३५ | १.०७ | १०६.४१ | १.०७ |
| कुल जम्मा | | ६६ | ८,९९०.०२ | १०० | ९,४३७.२५ | १०० | ९,९१३.७२ | १०० |

*स्रोतः कुश्मा नगरपालिकाको मध्यमकालीन खर्च संरचना २०७९/८०-२०८१/८२*

नगरपालिकाको मध्यमकालीन खर्च संरचनाले आगामी तीन वर्षको अवधिमा सम्पन्न गर्नुपर्ने दिगो विकासमैत्री कार्यक्रमहरूको प्राथमिकीकरण गर्दै उक्त कार्यक्रमहरू सम्पन्न गर्न लाग्ने आर्थिक लागत अनुमान गरेको छ। स्थानीय आवश्यकता मध्यनजर गर्दै वार्षिक ५ प्रतिशतको खर्च वृद्धिदर अनुमान गरी तयार गरिएको मध्यमकालीन खर्च संरचनामा कूल ६६ वटा दिगो विकासमैत्री कार्यक्रमको आर्थिक लागत प्रक्षेपण गरेको छ। यस खर्च संरचनाले सबैभन्दा बढी रकम दिगो विकास लक्ष्य ४ अन्तर्गत गुणस्तरीय शिक्षाको क्षेत्रमा प्रक्षेपण गरेको छ। त्यसैगरी दिगो विकास लक्ष्य ११ अन्तर्गत दिगो शहर र समुदायतर्फ कूल बजेटको करिब १७ प्रतिशत रकम विनियोजन गरी प्राथमिकतामा राखेको छ। अन्य दिगो विकास लक्ष्यहरूमा पनि यथार्थपरक र वस्तुनिष्ठ खर्चको प्रक्षेपण गर्ने प्रयत्न गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि अधिकतमरुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## ३.६ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकाले आन्तरिक स्रोत परिचालनमा गरेको प्रयास

कुश्मा नगरपालिकाको आयस्रोत भनेको संघ, प्रदेश र राजश्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक स्रोतबाट सङ्कलित रकम नै हो। स्थानीय स्रोत जुटाउने सम्बन्धमा यस नगरपालिका भित्रबाट कूल विनियोजनको ९ देखि २५ प्रतिशतसम्म आन्तरिक स्रोत जुटेको थियो। नगरपालिकाको प्रमुख आन्तरिक आयको स्रोत भनेको घरजग्गा रेजिस्ट्रेशन दस्तूर, भूमिकर/मलपोत र राजस्व बाँडफाँटबाट प्राप्त रकम रहेको छ।

### तालिका ३.५: आन्तरिक आय *(रु. लाखमा)*

| क. स. | स्रोत | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ |
|---|---|---|---|---|
| आन्तरिक आय | | | | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १९.३८ | १७०.५१ | ११४.४० |
| २ | भुमिकर/मालपोत | ५१.०७ | ७५.५३ | ६८.०१ |
| ३ | घरवहाल कर | १९.५३ | १७.१८ | २०.९१ |
| ४ | सवारी साधन कर (साना सवारी) | ०.०१ | - | - |
| ५ | अन्य कर | ५४.६५ | २०.११ | ८.७८ |
| ६ | अन्य सेवा शुल्क तथा बिक्री | - | २.६४ | २.५१ |
| ७ | नक्सापास दस्तुर | १४.१२ | १९.६० | ८.२० |
| ८ | सिफारिश दस्तुर | १०.४१ | ५.८३ | ४.२१ |
| ९ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.९६ | १.८७ | १.६४ |
| १० | नाता प्रमाणित दस्तुर | २.५६ | ६.६९ | १.३० |
| ११ | अन्य दस्तुर | २५.४३ | २५.९० | १२.८० |
| १२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | - | - | १५.३१ |
| १३ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.४३ | ०.१० | १.०० |
| १४ | अन्य राजस्व | ५६.९३ | ३०.४४ | १४२.६५ |
| १५ | व्यवसाय कर | १५.८४ | १६.४४ | ७.०९ |
| १६ | बैंक मौज्दात | ३६.१६ | - | - |
| जम्मा आन्तरिक आय | | ३०७.४९ | ३९२.८४ | ४०८.८२ |
| बाँडफाँड भई प्राप्त हुने रकम | | | | |
| १५ | मूल्य अभिबृद्धि कर | ४९०.२४ | ६०९.१५ | ६८५.७८ |
| १६ | अन्तःशुल्क | १३४.६० | १७६.३३ | २२२.१० |
| १७ | सवारी साधन कर | ७४.६९ | १४१.२१ | १२१.९१ |
| | मनोरञ्जन कर | - | १.२१ | - |
| १८ | वन रोयल्टी | ०.१० | ०.१० | ०.०४ |
| १९ | विद्युत सम्बन्धी रोयल्टी | २६.०४ | १४.४१ | ११.४२ |
| २० | दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ४९.१४ | ८९.०० | - |
| जम्मा बाँडफाँड भई प्राप्त हुने रकम | | ७७४.८१ | १,०३१.४१ | १,०४१.२४ |
| कुल जम्मा | | १,०८२.२९ | १,४२४.२५ | १,४५०.०६ |

*स्रोतः कुश्मा नगरपालिका आर्थिक शाखा*

व्यवसाय रजिस्ट्रेशन दस्तूर र अन्य राजस्व सङ्कलनको स्थिति पनि राम्रो भएको देखिन्छ। यस नगरपालिका राजस्व सुधार कार्ययोजना, २०७७ तयार गरी आन्तरिक आय वृद्धि गर्दै थप आत्मनिर्भर बन्नुपर्छ भन्ने अवधारणाअनुसार आन्तरिक राजस्व सुधारमा जोड दिँदै अगाडि बढेको छ। आन्तरिक स्रोत सुधार अभ्यासअनुसार आर्थिक वर्ष २०७६/०७७ देखि २०७८/०७९ सम्मको स्रोत सङ्कलनमा क्रमिक सुधार भएको देखिन्छ तर यो स्रोत यहाँको स्थानीय निर्माण विकासको निम्ती त्यती पर्याप्त नभएकाले आगामी आर्थिक वर्षदेखि आन्तरिक स्रोत वृद्धि गर्न नगरपालिकाले करदाताको कर तिर्ने क्षमताको आधारमा करको दर निर्धारण गरी सबै करदाताहरूलाई करको दायरामा ल्याउने लक्ष्य लिएको छ। त्यसैगरी, नगरपालिकाले स्थानीय उद्योग तथा व्यवसाय प्रवर्धन रोजगारी सिर्जनामा योगदान पुर्‍याउने नीति अवलम्बन गर्दै जाने नीति लिएको छ। आगामी दिनहरूमा स्रोत परिचालनका विभिन्न क्षेत्रहरूलाई समन्वयात्मक रुपमा व्यवस्थापन गर्ने तर्फ नगरपालिका प्रयासरत छ।

### तालिका ३.६: दिगो विकास लक्ष्यअनुसार आन्तरिक स्रोत विनियोजन र खर्च प्राथमिकता (रु. लाखमा)

| क्रम संख्या | दिगो विकास लक्ष्य | आ.व २०७६/०७७ | | | | आ.व २०७७/०७८ | | | | आ.व २०७८/०७९ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत |
| २ | शून्य भोकमरी | ८६.८ | २५.५ | ७३.५ | ८४.७ | ०.२ | ०.१ | ०.२ | १००.० | – | – | – | – |
| ३ | स्वस्थ जीवन | ३६.३ | १०.७ | २४.५ | ६७.६ | – | – | – | – | १८.५ | २.६ | १३.२ | ७१.२ |
| ४ | गुणास्तरिया शिक्षा | ७३.४ | २१.६ | ६३.३ | ८६.३ | १.० | ०.३ | – | – | १२६.३ | १७.८ | १०२.७ | ८१.४ |
| ५ | लैंगिक समानता | २८.३ | ८.३ | १८.१ | ६४.१ | १.० | ०.३ | – | – | – | – | – | – |
| ७ | आधुनिक ऊर्जामा पहुँच | – | – | – | – | २.० | ०.५ | २.० | १००.० | – | – | – | – |
| ८ | समाबेसी आर्थिक बृद्धि र मर्यादित काम | १०.२ | ३.० | ६.९ | ६७.६ | ०.८ | ०.२ | – | – | २१.१ | ३.० | १६.० | ७५.८ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ३६.२ | १०.६ | – | – | २५.५ | ६.८ | २५.५ | १००.० | १९४.८ | २७.५ | १७३.९ | ८९.२ |
| ११ | दिगो शहर र बस्ती | १६.९ | ५.० | ९.९ | ५८.६ | ९.० | २.४ | ७.० | ७७.७ | ९८.९ | १३.९ | ३१.७ | ३२.१ |
| १३ | जलवायु परिबर्तन अनुकुलन | २.० | ०.६ | १.४ | ७०.० | – | – | – | – | – | – | – | – |
| १५ | भूसतह श्रोतको उपयोग | – | – | – | – | – | – | – | – | १५.० | २.१ | ९.३ | ६२.१ |
| १६ | शान्ति न्याय र सबल संस्था | ५०.१ | १४.७ | ३४.७ | ६९.३ | ३३५.० | ८९.५ | ३३३.४ | ९९.५ | २३४.५ | ३३.१ | २२९.१ | ९७.७ |
| जम्मा | | ३४०.२ | १०० | २३२.४ | ६८.३ | ३७४.५ | १०० | ३६८.१ | ९८.३ | ७०९.० | १०० | ५७५.८ | ८१.२ |

*स्रोतः नगरपालिकामा उपलब्ध आर्थिक तथ्याङ्कलाई दिगो विकास लक्ष्यअनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको*

दिगो विकास लक्ष्यअनुसार आन्तरिक आयबाट खर्चका प्राथमिकताको विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/०७७ का योजना तथा कार्यक्रमहरूमा लक्ष्य २: शून्य भोकमरी अन्तर्गत २५.५ प्रतिशत रकम विनियोजन भएको थियो भने त्यसको ८४.७ प्रतिशत खर्च भयो। आर्थिक वर्ष २०७८/०७९ मा भने केही प्राथमिकता परिवर्तन भई शिक्षा, स्वास्थ्य, समावेशी आर्थिक वृद्धि र मर्यादित काम, उद्योग, नवीन खोज र पूर्वाधार र दिगो शहर र बस्तीसँग सम्बन्धित लक्ष्यहरू प्राथमिकतामा परेको देखिन्छ। दिगो विकास लक्ष्य ३: स्वास्थ्य जीवनमा २.६ प्रतिशत, लक्ष्य ४: गुणास्तरीय शिक्षामा १७.८ प्रतिशत, लक्ष्य ८: समावेशी आर्थिक वृद्धिमा ३ प्रतिशत, लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधारमा २७.५ प्रतिशत, लक्ष्य ११: दिगो शहर र बस्तीमा १३.९ प्रतिशत र लक्ष्य १५: भुसतह स्रोतको उपयोगमा २.१ प्रतिशत रकम विनियोजन गरी ८९.२ प्रतिशतसम्म रकम खर्च भएको थियो। आन्तरिक स्रोतको ३३ प्रतिशत रकम कार्यालय सन्चालनमा खर्च भएको थियो। अन्य दिगो विकास लक्ष्य १, २, ५, ६, १०, १२ र १७ मा भने नगरपालिकाको आन्तरिक आयबाट रकम विनियोजन र खर्च भएको थिएन।

## ३.७ दिगो विकास लक्ष्यका सूचकको अवस्था

कुश्मा नगरपालिकामा सञ्चालित योजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यका लक्ष्य र सूचक अनुरूप पुनवर्गीकरण गरी नगरपालिकाले विभिन्न समयमा प्रकाशन गरेको नगरपालिका प्रोफाइल, वार्षिक नीति तथा योजना, आवधिक योजना, मध्यमकालीन खर्च संरचना जस्ता दस्तावेज, सम्बन्धित निकाय, विषयगत समितिहरूसँगको छलफल तथा जानिफकारहरूसँग गरिएको अन्तरवार्ताको आधारमा यहाँ प्रस्तुत गरिएको छ।

### ३.७.१ हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीवीको अन्त्य गर्ने




यस लक्ष्य पूरा गर्न स्थानीय स्तरमा ६ वटा परिमाणात्मक लक्ष्य र १३ वटा सूचक स्थानीय तहले पूरा गर्नुपर्ने हुन्छ। स्थानीय तह गरीवीको अवस्थामा जीवन यापन गरिरहेका मानिसहरूको पहिचान गर्न तथा यिनीहरू लक्षित आवश्यक स्रोत र सेवा पुर्‍याउन उपयुक्त स्थानमा रहेका हुन्छन्। स्थानीय आधारभूत सेवाहरू जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईप्रति उत्तरदायी हुने भएकोले स्थानीय तहले रोजगारीको सिर्जना, आयवृद्धि सम्बन्धमा आर्थिक विकासको रणनीति तयार पारी नागरिकको गरीवी उन्मूलन गर्ने क्षेत्रमा सफल हुन सक्छन्।

कुश्मा नगरपालिकाले गरीवी न्यूनीकरणका लागि आर्थिक वर्ष २०७८/०७९ मा कूल बजेटको ०.४ प्रतिशत रकम विनियोजन गरी कोभिड-१९ महामारीले जनजीवनमा पारेको असरलाई न्यूनीकरण गर्न आवश्यक राहत, उत्पादन एवम् उद्यमशीलता प्रवर्द्धन गरी गरीवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी आवश्यक उद्यमशीलता बढाउने कार्यक्रमहरू सञ्चालन गरेको छ। नगरपालिकामा ५१ प्रतिशत जनसङ्ख्या कृषि तथा पशुपालनमा, ६ प्रतिशत व्यापारमा, २० प्रतिशत नोकरीमा, ११ प्रतिशत दैनिक ज्यालादारीमा र १२ प्रतिशत वैदेशिक रोजगारीमा आश्रित छन्।

नगरपालिकामा राष्ट्रिय औषत १३.८ प्रतिशतभन्दा धेरै कम गरीवीको रेखामुनि रहेका जनसङ्ख्या छन्। पाँच प्रतिशत गरीवीको रेखामुनि रहेका जनसङ्ख्या भएको नगरपालिकामा ३० मिनेटको पैदल यात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू ५० प्रतिशत छन् जुन २०२२ को राष्ट्रिय औषत ६६ प्रतिशतभन्दा केही कम हो।

## तालिका ३.७: लक्ष्य १ - हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीवीको अन्त्य गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्को स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १.२ | सन् २०३० सम्ममा राष्ट्रिय परिभाषाहरूबमोजिम गरीवीका सबै आयामहरूमा बाँचिरहेका सबै उमेरका पुरुषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउने | | | |
| १.२.१ | लिङ्ग र उमेरअनुसार राष्ट्रिय गरीवी रेखामुनि रहेका जनसङ्ख्याको अनुपात (प्रतिशत) | ५.० | नगरपालिकाको प्रशासनिक तथ्याङ्क | १३.८ |
| १.२.१.१ | राष्ट्रिय गरीवीको रेखामुनि जिइरहेका सबै उमेरका महिलाहरू (प्रतिशत) | ५.० | | NA |
| १.२.२.१ | बहुआयामिक गरीवी सूचकाङ्क वास्तविक गणना (Head count) अनुपात (प्रतिशत) | ६.० | | १८.३ |
| १.२.२.२ | राष्ट्रिय गरीवी रेखामुनिका बालबालिका (५ वर्षमुनिका, प्रतिशत) | ८.० | | २१.५ |
| १.३ | राष्ट्रियरूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू र फ्लोरस् (Floors) लगायतका उपायहरू सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरिब/सङ्कटग्रस्त र कमजोर अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने | | | |
| १.३.१.१ | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | १९.० | लेखा शाखा | १२.९ |
| १.४ | सबै महिला तथा पुरुषहरू विशेषगरेर गरिब र सङ्कटग्रस्त (Vulnerable) अवस्थामा रहेका महिला र पुरुषहरूको आर्थिक स्रोतसाधनहरूमा समान अधिकार सुनिश्चित गर्ने, यसको साथै आधारभूत सेवासुविधाहरूमा पहुँच, भूमिमाथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका सम्पत्ति, उत्तराधिकार (Inheritance) पैतृक सम्पत्ति, प्राकृतिक स्रोतसाधनहरू, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगायतका वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने | | | |
| १.४.१.१ | ३० मिनटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू (कूल जनसङ्ख्याको प्रतिशत) | ५० | नगरपालिकाको प्रशासनिक तथ्याङ्क | ६६ |
| १.४.१.२ | औपचारिक वित्तीय सेवाद्वारा समेटिएका घरधुरी (कूलको प्रतिशत) | १०० | लेखा शाखा | ५८.७ |
| १.४.१.३ | बैङ्क खाता भएका घरधुरी (कूलको प्रतिशत) | १०० | | NA |
| १.५ | गरिब र सङ्कटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका मानिसहरूको उत्थानशीलता (Resilience) निर्माण गर्ने र यस्ता मानिसहरूको वातावरणसँग सम्बन्धित विषम घटनाहरूका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू (Shocks) र विपद्हरूका जोखिमहरू तथा कमजोरपनालाई कम गर्ने | | | |
| १.५.१.१ | विपद्का घटनाहरूबाट मृत्यु (सङ्ख्या) | ४२ | ईलाका प्रहरीकार्यालयको तथ्याङ्क | २६८ |
| १.५.१.२ | हराइरहेका र विपद्कोकारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा) | ५० | | ३९२ |
| १ (क) | सबै आयामहरूका गरीवी अन्त्य गर्नको निम्ति कार्यान्वयन गरिने नीति तथा कार्यक्रमहरूका लागि विकासशील राष्ट्रहरूको निम्ति खासगरी अति कम विकसित देशहरूका निम्ति पर्याप्त एवम् अनुमानयोग्य साधनहरू उपलब्ध गराउनका लागि विस्तारित विकास सहयोग लगायत विभिन्न माध्यहरूबाट स्रोतसाधनहरूको उल्लेखनीय परिचालनको सुनिश्चितता गर्ने | | | |
| १.(क)२ | आवश्यक सेवाहरू (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा)मा कूल सरकारी खर्चको अनुपात (प्रतिशत) | ५५ | नगरपालिका लेखा शाखा | NA |
| १(ख) | गरीवी निवारण कार्यक्रमहरूमा बढ्दै गएको लगानीलाई सहयोग पुर्‍याउन गरिबमुखी तथा लैङ्गिक संवेदनशील विकास रणनीतिहरूको आधारमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिस्तरमा दरिलो नीतिगत संरचनाहरू सिर्जना गर्न | | | |
| १(ख)१.२ | लैङ्गिक समानताका लागि प्रत्यक्ष योगदान पुर्‍याउने स्थानीय तहको बजेटको अनुपात (प्रतिशत) | २ | नगरपालिका लेखा शाखा | NA |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

त्यस्तै राष्ट्रिय औषत १२.९ प्रतिशत रहेको सामाजिक सुरक्षामा कूल बजेटको खर्च प्रतिशत नगरपालिकामा १९ रहेको छ। औपचारिक वित्तीय सेवाद्वारा समेटिएका घरधुरी १०० प्रतिशत रहेको छ जुन राष्ट्रिय औषत ५८.७ भन्दा राम्रो हो। त्यसैगरी नगरपालिकामा विपद्का घटनाबाट मृत्यु हुनेको सङ्ख्या ४२ छ भने ५० जना हराइरहेका व्यक्तिहरू छन्।

कोरोना महामारीको कारण अर्थतन्त्रमा आएको ह्रासले अपेक्षित आर्थिक वृद्धि हासिल गर्न सकिरहेको छैन। नगरपालिकाले दक्ष जनशक्तिको विकास, गरीवी निवारणको आधार भन्ने मुख्य सोच बनाई नगरपालिकाभित्र रहेका बेरोजगारहरूलाई रोजगारीका अवसर सृजना गर्ने र वैदेशिक रोजगारीमा जाने युवाहरूलाई तालिम तथा परामर्श सुविधाको व्यवस्था गरी सुरक्षित र व्यवस्थित बनाउने उद्देश्य लिएको छ।

### ३.७.२ भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने

यस नगरपालिकाका लागि कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने प्रमुख क्षेत्र हो। आर्थिक वृद्धिमा योगदान पुर्‍याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढङ्गले सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न जरुरी छ।नगरपालिकाको कूल जनसङ्ख्याको आधाभन्दा बढ़ी जनसङ्ख्या कृषिमा निर्भर छन्। यस नगरपालिकामा उत्पादन हुने मुख्य अन्न बालीहरूमा धान, मकै, कोदो, गहू, जौ, फापर, भटमास, केराऊ, मुसुरो आदि पर्दछन्। बदलिँदो परिस्थितिअनुसार कृषकहरू तरकारी तथा फलफूल उत्पादनतर्फ आकर्षित भई रहेका छन्। यस क्षेत्रमा उत्पादित मुख्य तरकारीहरूमा मुला रायो, भन्टा र फलफूलहरूमा केरा, आँप, सुन्तला रहेका छन्। पशुपन्छीतर्फ गाई, भैसी, बाखा भेडा, बट्टाई, कालिज तथा कुखुरा र हाँसहरूको व्यवसायिक पालन गर्दै आएका छन्।

नगरपालिकाले शून्य भोकमरीको अन्त्यतर्फ करिब ३ प्रतिशत बजेट विनियोजन गरी नगदे बालीतर्फ कृषकहरूलाई उत्पादन अभिवृद्धि र बजारीकरणका लागि पहल गर्ने, कृषि उत्पादन र वितरणमा आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण, बजारीकरण, विभेदीकरण गर्ने लक्ष्य लिएको छ। एक हजारभन्दा बढ़ी कालिज टर्की एवम् स्थानीय कुखुरा पालकहरूको व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ। खाद्यमा आत्मनिर्भर नगर भन्ने दीर्घकालीन सोचका साथ नगरपालिकाले कृषिलाई पर्यटन र उद्योगसँग जोड़दै रोजगारीका अवसर सृजना गर्ने, कृषिलाई नाफामूलक दिगो र सम्मानित व्यवसायको रुपमा रूपान्तरण गर्ने र कृषि प्रणालीलाई वातावरणमैत्री बनाउने उद्देश्य लिएको छ। त्यस्तै, पशुपन्क्षी तथा मत्स्य विकासमा कुस्मा नगरको आर्थिक सम्वृद्धिको आधार, पशु पन्क्षी र मत्स्य क्षेत्रको आधुनिकीकरण भन्ने दीर्घकालीन सोँचका साथ आफ्ना वार्षिक तथा आवधिक योजनाहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ।

पन्ध्र प्रतिशत कूल उपभोगको दुईतिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या रहेको नगरपालिकामा प्रतिव्यक्ति खाद्यान्न उत्पादन वार्षिक ३०० किलो ग्राम रहेको छ जुन २०२२ को राष्ट्रिय लक्ष्य (४१८ किलोग्राम प्रतिव्यक्ति) भन्दा केही कम हो। नगरपालिकामा हाल कायम रहेको कृषिभूमि ३६,५७९ हेक्टर छ जसमध्ये वर्षैभरि सिँचाई सुविधा पुगेको खेतीयोग्य भूमि ४० प्रतिशत छ।

तालिका ३.८: लक्ष्य २ - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने

| क. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| २.१ | सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरिब र सङ्कटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने | | | |
| २.१.२.१ | कूल उपभोगको दुईतिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या (प्रतिशत) | १५.० | कृषि शाखा | १२.१ |
| २.१.२.२ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | ३०० | कृषि शाखा | ४१८ |
| २.२ | सबै प्रकारका कुपोषण अन्त्य गर्ने, २०३० सम्ममा ५ वर्षमुनिका बालबालिकाहरूको वृद्धि रोक्ने र उचाइअनुसार कम तौल हुने सम्बन्धमा अन्तर्राष्ट्रियरूपमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू र किशोरी, गर्भवती र दूध ख्वाइरहेकी महिला तथा ज्येष्ठ नागरिकहरूको पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने | | | |
| २.२.१ | पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपना (विश्व स्वास्थ्य सङ्गठनको बालबालिका वृद्धि मानहरू) | २२.६ | | २८.६ |
| २.२.२ | प्रकार अनुसार पाँच वर्षमुनिका बालबालिकामा रहेको कुपोषण (उचाइअनुसार तौल कम हुने र बढी तौल हुने) | २.६६ | | ७ |
| २.२.२.१ | पाँच वर्ष मुनिका कम तौल हुने बालबालिका (—२SD) (प्रतिशत) | ४.० | स्वस्थ शाखा | १८ |
| २.२.२.२ | प्रजनन् उमेरसमूहका महिलाहरूमा रक्त अल्पताको स्थिति (प्रतिशत) | २८.० | | २४ |
| २.२.२.३ | ५ वर्षमुनिका बालबालिकामा रहेको रक्त अल्पताको स्थिति (प्रतिशत) | ४६.० | | २८ |
| २.३ | सन् २०३० सम्ममा विशेषत महिला, आदिवासी जनजाति, पारिवारिक कृषक, वस्तुभाउ पाल्ने व्यक्ति र मछुवारका कृषि उत्पादकत्व, जमिन, अन्य उत्पादनशील साधनहरू तथा लगानी, ज्ञान, वित्तीय सेवाहरू, बजारका साथै मूल्य अभिवृद्धि र गैरकृषि।फार्म रोजगारी जस्ता सुविधा, अवसरहरूमा सुरक्षित र समान पहुँचको माध्यमबाट सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर प | | | |
| २.३.२.२ | साना किसानहरूको औसत आम्दानी रुपैयाँमा | ८५० | | NA |
| २.३.२.३ | साना किसानहरूको औसत आम्दानी-पुरुष रुपैयाँमा | ११०० | | NA |
| २.३.२.४ | साना किसानहरूको औसत आम्दानी-महिला रुपैयाँमा | ६०० | कृषि शाखा | NA |
| २.३.२.५ | साना किसानहरूको औसत आम्दानी-आदिवासी रुपैयाँमा | ७०० | | NA |
| २.३.२.६ | साना किसानहरूको औसत आम्दानी-गैर आदिवासी रुपैयाँमा | ८५० | | NA |
| २.४ | सन् २०३० सम्ममा दिगो खाद्यान्न उत्पादन प्रणाली /पद्धतिहरू सुनिश्चित गर्ने साथै उत्थानशील (Resilient)कृषि अभ्यासहरू (Practices)जसले उत्पादकत्व र उत्पादन वृद्धि गर्दछन्, जलवायु परिवर्तन (विषम मौसम, सुख्खा, बाढी र अरू विपद्हरूसँग अनुकूलन (Adaptation) को निम्ति क्षमता बढाउँछन् र जमिन र माटोको गुणस्तर अग्रगामी रूपमा अभिवृद्धि गर्दछन् त्यस्ता अभ्यासहरू कार्यान्वयन गर्ने | | | |
| २.४.१.१ | हाल कायम रहेको कृषिभूमि (हजार हेक्टरमा) | ३.६ | कृषि शाखा | २६४१ |
| २.४.१.३ | कूल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिँचाई सुविधा पुगेको भूमि (प्रतिशत) | ४० | कृषि शाखा | ५०.५ |
| २.४.१.५ | कूल कृषिभूमिमा आवादी गरिएको भूमि प्रतिशत | ६५ | कृषि शाखा | NA |

*राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

कृषि भूमिको उचित व्यवस्थापन, सिँचाई आयोजनाको निर्माण, स्थानीय खाद्य सञ्जालको प्रवर्धन र किसानलाई कृषि प्रसार सेवा उपलब्ध गराएर आर्थिक वृद्धिमा सहयोग गर्न सकिन्छ। बाल कुपोषणको पहिचान र

निराकरण गर्न, पोषणमा सुधार गर्न, खाद्य सुरक्षा हासिल गर्न र दिगो कृषि प्रवर्धन गर्न नगरपालिका तदारुकताका साथ लागेको छ।

### ३.७.३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

स्वास्थ्य सेवा जनताको संविधान प्रदत्त मौलिक अधिकार हो। स्वस्थरुपमा बाच्ने वातावरणको साथै प्रतिरोधात्मक र उपचारात्मक जनस्वास्थ्य सेवा उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व हो। स्वस्थ जीवनको लागि उचित आहार विहार, सुग्घर सफाइ, स्वच्छ खानेपानी, प्रदुषण रहित वातावरण, सडक सुरक्षा आदि आवश्यक पर्दछ। सबैलाई आधारभूत स्वास्थ्य सेवा पुर्याउन स्वास्थ्य संस्थाहरू (अस्पताल, नर्सिङ्होम, प्याथोलोजी ल्याव फार्मेसी आदि) आवश्यक पर्दछन्। जसले गर्दा जनस्वास्थ्यमा सुधार आई नवजात शिशु मृत्युदर, मातृ मृत्युदर र बालबालिका मृत्युदरमा कमी आउँछ।

नगरपालिकामा एउटा सरकारी अस्पताल, ९ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केद्र, ३ वटा शहरी स्वास्थ्य केद्र लगायत अन्य निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन्। स्वास्थ्य क्षेत्रमा नगरपालिकाले कूल बजेटको ८.४ प्रतिशत रकम विनियोजित गरी परम्परागत रुपमा गरिदै आएका मातृशिशु कार्यक्रम, खोप कार्यक्रम, सरुवा रोग नियन्त्रण जस्ता कार्यक्रमहरूमा खर्च गरेको छ। गत आर्थिक वर्षमा नगरपालिकाले कोरोना रोकथाम तथा नियन्त्रणका लागि वडा नं ४ स्थित गुप्तेश्वर बहुमुखी क्याम्पसमा कोरोना अस्थाई अस्पतालको निर्माण गरी स्वास्थ्य सङ्कट र महामारी कुशलता पूर्वक नियन्त्रण गर्न सफल भएको थियो।

यस नगरपालिकाको स्वास्थ्य शाखाको तथ्याङ्कका आधारमा दक्ष प्रसूति कर्मीको सहयोगमा गराइएको जन्म ८४ प्रतिशत छ जुन राष्ट्रिय औषत ७३ प्रतिशतभन्दा राम्रो रहेको छ। यस्तै नगरपालिका क्षेत्रभित्र क्षयरोग लाग्ने दर प्रतिलाख जनसङ्ख्यामा ४५.५ जना रहेको तथ्याङ्कले देखाउँछ जुन राष्ट्रिय सूचक ६७ भन्दा बढी हो। नगरपालिकामा प्रोटोकलअनुसार प्रसूति पूर्व ४ पटक स्वास्थ्य सेवा लिने महिलाहरूको प्रतिशत ३६ रहेको छ जुन रष्ट्रिय औषत ७५ प्रतिशतभन्दा केही कम हो। घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरधुरीको प्रतिशत ७८ रहेको छ जुन राष्ट्रिय औषत ७५ प्रतिशतभन्दा राम्रो हो। कोभिड विरुद्धको खोप ९९.९ प्रतिशत वयस्क जनसङ्ख्याले पाएका छन्। अत्यावश्यक औषधिहरू नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरूमा उपलब्ध छ।

तालिका ३.९: लक्ष्य ३ - सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

| क. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ३.१ | सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदर (प्रत्येक १ लाख जीवित जन्ममा) लाई ७० भन्द कम गर्ने | | | |
| ३.१.१ | मातृ मृत्युदर | २ | स्वास्थ्य शाखा | ११६ |
| ३.१.२ | दक्ष प्रसूतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात (प्रतिशत) | ८४ | स्वास्थ्य शाखा | ७३ |
| ३.३ | सन् २०३० सम्ममा एचआईभी एड्स, क्षयरोग, औलोजरो र उष्णप्रदेशीय उपेक्षित रोगहरूको महामारी (Epidemics) अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवम् अन्य सरुवा रोगहरू नियन्त्रण (Combat) गर्ने | | | |
| ३.३.२ | क्षयरोग लाग्ने दर (Incidence) (प्रति १ लाख | ४५.५ | स्वास्थ्य शाखा- | ६७ |

| | | | | |
|---|---|---|---|---|
| | जनसङ्ख्यामा) | | छलफल | |
| ३.३.५(क) | कुष्ठरोगका बिरामीहरू (सङ्ख्या) | २ | स्वास्थ्य शाखा | १३७० |
| ३.३.५(घ) | डेङ्गुका बिरामी (सङ्ख्या) | १४ | स्वास्थ्य शाखा | ३६४ |
| **क्र. स.** | **परिमाणात्मक लक्ष्य तथा सूचकहरू** | **नगरपालिकाको २०२२ को स्थिति** | **तथ्याङ्कको स्रोत** | **राष्ट्रिय लक्ष्य २०२२** |
| ३.३.५(च) | पछिल्लो दुई हप्तामा पखाला लागेका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत | २६ | स्वास्थ्य शाखा | ६ |
| ३.३.५(छ) | प्रयोगशाला परीक्षणबाट पत्ता लागेका इन्फ्लुएन्जाका बिरामीहरू (सङ्ख्या) | ६०३ | स्वास्थ्य शाखा | ११३ |
| ३.७ | सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने | | | |
| ३.७.१.(क) | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (प्रतिशत) | २६.७ | स्वास्थ्य शाखा | ५३ |
| ३.८ | स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरूका साथै सबैको लागि क्षमताअनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधि तथा खोपहरूको उपलब्धता बढाउने | | | |
| ३.८.१.१ | प्रोटोकलअनुसार चारपटक पूर्व प्रसूति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा) | ७७ | स्वास्थ्य शाखा | ७५ |
| ३.८.१.२ | अस्पताल/स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने प्रतिशत | ८३.७ | स्वास्थ्य शाखा | ७४ |
| ३.८.१.३ | प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक उत्तरप्रसूति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत | ३६ | स्वास्थ्य शाखा | ६५ |
| ३.८.१.४ | हेपाटाइटिस बी भ्याक्सिनको तीनपटक डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | १०१.७ | स्वास्थ्य शाखा | ९३ |
| ३.८.१.५ | पाठेघरको क्यान्सरको निम्ति परीक्षण गरीएका ३० देखि ४९ वर्ष उमेरका महिलाहरूको प्रतिशत | १६० | स्वास्थ्य शाखा | ४७ |
| ३.८.१.६ | एचआईभी सङ्क्रमितहरूमध्ये एन्टिरेट्रोभाइरल कम्बिनेसन थेरापी पाउनेको प्रतिशत | १०० | स्वास्थ्य शाखा | ९२ |
| ३.८.१.९ | घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनट वा सोभन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत | ७८ | स्वास्थ्य शाखा | ७५ |
| ३.८.१.१० | स्वास्थ्य बिमामा आवद्ध/भर्ना भएका गरिबहरूको प्रतिशत | ९ | स्वास्थ्य शाखा | ५० |
| ३(ख) | विकासोन्मुख देशहरूमा नकारात्मक असर पुर्याईरहेका सर्ने तथा नसर्ने रोगहरूविरुद्धका खोप तथा औषधिहरूको अनुसन्धान र विकासको लागि सहयोग पुर्याउने, ट्रिप्स सम्झौता र जनस्वास्थ्यसम्बन्धी दोहा घोषणाको मर्मअनुसार विकासोन्मुख राष्ट्रहरूको अधिकार पुष्टिका लागि बौद्धिक सम्पत्ति अधिकारको व्यापारसम्बन्धी सम्झौतामा रहेका सबै प्रावधानहरूको प्रयोगलाई सुनिश्चित गर्दै आवश्यकताअनुसार जनस्वास्थ्यको संरक्षण गर्न विशेषगरी औषधि र खोपहरूमा सबैको पहुँच बढाउने | | | |
| ३(ख)१.१ | कोभिड १९ खोप कार्यक्रममा समेटिएका जनसङ्ख्याको अनुपात (प्रतिशत) | ९९.९ | स्वास्थ्य शाखा | NA |
| ३(ख)१.१.ग | कोभिड १९ खोप कार्यक्रममा समेटिएका जनसङ्ख्याको अनुपात-बालबालिका १८ वर्ष मुनिका (प्रतिशत) | ८४ | स्वास्थ्य शाखा | NA |
| ३(ख)३ क | अत्यावश्यक औषधिहरूको मौज्दात शून्य नभएका सरकारी स्वास्थ्य संस्थाहरूको प्रतिशत | १०० | स्वास्थ्य शाखा | NA |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

सबैका लागि गुणास्तरीय सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको उपलब्धता हासिल गर्ने दीर्घकालीन सोचका साथ नगरपालिकाले स्वास्थ्य संस्थाहरूको क्षमता वृद्धि गर्ने, आम नागरिकहरूमा स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने र विपद्, आपतकालीन तथा महामारीको समयमा जनस्वास्थ्य सेवाको व्यापक विस्तार गर्ने उद्देश्यबाट प्रेरित भई आफ्ना वार्षिक योजनाहरूमा बजेट विनियोजन गर्दै आएको निजी स्वास्थ्य सुविधाहरूको सञ्चालन सम्बन्धमा दर्ता, नियमन र अनुगमन गर्ने कार्ययोजना निर्माण गरी लागू गर्ने योजना रहेको छ। संविधानले जनताका यी अधिकार पूरा गर्न स्थानीय तहलाई महत्वपूर्ण अधिकार प्रदान गरेको छ। संविधान प्रदत्त जनस्वास्थ्यसँग सम्बन्धित अधिकारहरूको उपयुक्त तवरले पूरा गर्न नगरपालिका अविछिन्न लागिरहेको छ।

## ३.७.४ समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने




यस लक्ष्यभित्र परिमाणात्मक लक्ष्य ७ र सूचक २४ वटा नगरपालिकासँग सम्बन्धित रहेका छन्। नेपालमा शिक्षा (खासगरी प्राथमिक र माध्यमिक तहको शिक्षा) स्थानीय तहको जिम्मेवारी भित्र पर्ने संविधानतः व्यवस्था छ। शिक्षा जनताको मौलिक अधिकार हो। दिगो विकास लक्ष्य ४ ले सबैकालागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गरी हरेक नागरिकले शिक्षा पाउने अधिकार प्रत्याभ ूति गर्ने ध्येय राखेको छ।

गुणस्तरीय शिक्षातर्फ कुश्मा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा कूल बजेटको करिब ४३ प्रतिशत रकम विनियोजन गरी शिक्षा क्षेत्रका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। नगरपालिकाले वडा नं १० मा रहेको पुरनेश्वरमा बिमा स्थापना भएको इञ्जीनियरिङ्ग प्राविधिक शिक्षालय रहेको पूर्वाधार विकास एवम् शैक्षिक गुणस्तरमा सहयोग गर्न बजेट विनियोजन गरेको छ। त्यस्तै, यस नगरका विभिन्न विद्यालयहरूको शैक्षिक गुणस्तर र पूर्वाधार विकासका लागि आवश्यक आर्थिक एवम् भौतिक सहयोग गरी शिक्षा क्षेत्रमा यथेष्ट प्रयासहरू गरेको छ।

शिक्षा प्राप्त गर्ने अधिकार प्रत्याभूतिको लागि यस नगरपालिकाले हालको प्राथमिक विद्यालयमा विद्यार्थी खुद भर्नादर ९८.१२ प्रतिशत, जुन रष्ट्रिय लक्ष्य ९९ प्रतिशतसँग हराहारी हो। त्यसैगरी कक्षा ५ सम्मको सिकाई उपलब्धि हालको ६१.७७ प्रतिशत राष्ट्रिय लक्ष्य ५८ भन्दा केही राम्रो देखिन्छ। त्यसैगरी नगरपालिकाका शतप्रतिशत विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ जुन रष्ट्रिय औषत ४७.२ प्रतिशत भन्दा राम्रो उपलब्धि हो। वास (wash) सुविधा भने राष्ट्रिय लक्ष्य ८८.३ भन्दा धेरै कम २४.४४ प्रतिशत मात्र रहेको छ। नगरपालिकाले गैसस सँगको सहकार्यमा यस क्षेत्रमा थप काम गर्ने योजना बनाएको छ।

**तालिका ३.१०: लक्ष्य ४ - समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने**

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ४.१ | सन् २०३० सम्ममा उपयुक्त र प्रभावकारी सिकाइ परिणामहरू हासिल गर्नेगरी सबै छात्र तथा छात्राहरूले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक तथा माध्यामिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने | | | |
| ४.१.१.१ | प्राथमिक तहमा खुद भर्ना दर (प्रतिशत) | ९८.१२ | शिक्षा शाखा | ९९ |
| ४.१.१.२ | प्राथमिक विद्यालय पूरा गर्ने दर (प्रतिशत) | ८४.४४ | शिक्षा शाखा | ९३.१ |

| | | | | |
|---|---|---|---|---|
| ४.१.१.३ | एक कक्षामा भर्ना भई आठसम्म अध्ययन गर्ने विद्यार्थीहरूको अनुपात (प्रतिशत) | ७९.७९ | शिक्षा शाखा | ९२ |
| ४.१.१.६क | कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत)-गणित | ६१.७७ | शिक्षा शाखा | ५८ |
| **क्र. स.** | **परिमाणात्मक लक्ष्य तथा सूचकहरू** | **नगरपालिकाको २०२२ को स्थिति** | **तथ्याङ्कको स्रोत** | **राष्ट्रिय लक्ष्य २०२२** |
| ४.१.१.६ख | कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत) - नेपाली | ८६.०९ | शिक्षा शाखा | ७० |
| ४.१.१.६ग | कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत) - अंग्रेजी | ६४.७५ | शिक्षा शाखा | ६० |
| ४.१.१.७ | माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कूल भरना दर (प्रतिशतमा) | ७४.३८ | शिक्षा शाखा | ९० |
| ४.२ | सन् २०३० सम्ममा सबै बालबालिकाहरूलाई प्राथमिक शिक्षको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा यिनीहरूको पहुँच सुनिश्चित गर्ने | | | |
| ४.२.२.१ | पूर्व प्राथमिक शिक्षाको लागि बालअनुदान पाएका (सङ्ख्या, हजारमा) | १५ | शिक्षा शाखा | ६२० |
| ४.२.२.२ | पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरी (सङ्ख्या, हजारमा) | १४ | शिक्षा शाखा | ८९.४ |
| ४.६ | सन् २०३० सम्ममा सबै युवा तथा कम्तिमा ९५ प्रतिशत प्रौढहरू, महिला तथा पुरूष दुवैलाई साक्षरता र गणितीय सीपको सुनिश्चित गर्ने | | | |
| ४.६.१.१ | १५—२४ वर्ष उमेरका मानिसको साक्षरता दर (प्रतिशत) | ९८ | शिक्षा शाखा | ९५ |
| ४.६.१.५ | प्रतिविद्यार्थी सार्वजनिक खर्च (आधारभूत शिक्षा, रकम हजारमा) | १९.५ | शिक्षा शाखा | २२ |
| ४.(क) | बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शिक्षाका संरचना/सुविधाहरू निर्माण र स्तरोन्नति गर्ने र सबैको निम्ति सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने | | | |
| ४.(क)२ | विद्युतमा पहुँच भएका विद्यालयहरू (प्रतिशत) | ९७ | शिक्षा शाखा | NA |
| ४.(क)३ | इन्टरनेटको पहुँच भएका विद्यालयहरू (प्रतिशत) | १०० | शिक्षा शाखा | ४७.२ |
| ४.(क)४ | वास (WASH) सुविधाको पहुँचसहितको आधारभूत विद्यालय | २४.४४ | शिक्षा शाखा-छलफल | ८८.३ |
| ४.(क)५ | अपाङ्गतामैत्री विद्यालयहरू (प्रतिशत) | ५२ | शिक्षा शाखा-छलफल | NA |
| ४.(ग) | सन् २०३० सम्ममा विकासशील देशहरू विशेषगरी कम विकसित देशहरू र विकासोन्मुख साना टापु राष्ट्रहरूमा शिक्षक तालिमका निम्ति प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोग समेत उपयोग गरी दक्ष/योग्य शिक्षकहरूको आपूर्ति बढाउने | | | |
| ४.(ग)२ | न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) | १०० | शिक्षा शाखा-छलफल | ९७.५ |
| ४.(ग)३ | न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमाकार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) | १०० | शिक्षा शाखा | ९७ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

नगरपालिकामा शतप्रतिशत शिक्षकहरू तालिमप्राप्त छन् जुन रष्ट्रिय लक्ष्य ९७.५ प्रतिशत भन्दा राम्रो हो। गुणस्तरीय तथा आधुनिक शिक्षामा सर्वसुलभ तथा समान पहुँच पुर्‍याउने दीर्घकालीन सोचका साथ नगरपालिकाले शिक्षण संस्थाहरूलाई प्रकोप उत्थानशील र आधुनिक बनाउने, साक्षरता र गुणस्तरीय जीवनपर्यन्त एवम् अनुसन्धानात्मक शिक्षाको अवसर बढाउने साथै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउने उद्देश्यका साथ आफ्ना वार्षिक तथा आवधिक योजनाहरू तयार गरेको छ।

नगरपालिकाले शिक्षा क्षेत्रमा कूल २१ वटा शीर्षकका कार्यक्रमहरूका लागि आर्थिक वर्ष २०८०/८१ सम्म बजेट प्रक्षेपण गर्दै अपेक्षित लक्ष्य तोकी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

### ३.७.५ लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने

यस लक्ष्य अन्तर्गत ५ वटा परिमाणात्मक लक्ष्य तथा ११ वटा सूचक प्रत्यक्ष नगरपालिकासँग सम्बन्धित छन्। सन् २०३० सम्म समान कामको लागि समान ज्याला, समान शिक्षा, सार्वजनिक सेवाको निर्णय तहमा महिलाहरूको सङ्ख्या बढाउने, लैङ्गिक असमानता हटाउने भन्ने रहेको छ। नगरपालिकाले महिला सशक्तीकरणका बहुआयामिक बाधा अड्चनहरू हटाउँदै लैङ्गिक समानतालाई मूल प्रवाहिकरण गर्न आवश्यक छ। दिगो विकास लक्ष्य ५ ले लैङ्गिक समानता हासिल गर्ने अधिकार प्रत्याभूति गर्ने र सबै बालिका, किशोरी र महिलालाई सशक्त बनाउने ध्येयका साथ काम गरेको छ। लैङ्गिक समानता हासिल गर्न आवश्यक पर्ने सूचकहरू पूर्णरुपमा नगरपालिकाले व्यवस्थापन गर्न सकेको छैन।

नगरपालिकामा सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्दा पुरुषको सीमान्तकृत तुलनामा महिलाहरूको हैसियत कमजोर देखिन्छ। विशेषतः रोजगारी, सम्पत्ति तथा राजनैतिक अवसरमा महिलाहरूको पहुँच पुरुषको तुलनामा कम रहेको छ। नगरपालिकाले लैङ्गिक समानताको क्षेत्रमा कूल बजेटको १.५ प्रतिशत रकम विनियोजन गरी जातीय, वर्गीय र लैङ्गिक भेदभाव मुक्त तथा समृद्ध न्यायपूर्ण समाजको निर्माण, महिला वर्ग माथि हुने विभेद अन्त्यका लागि सचेतना मूलक कार्यक्रमहरूमा खर्च गरेको छ।

महिला, बालबालिका, अपाङ्गता भएका जेष्ठ नागरिक तथा सीमान्तकृतमैत्री समाजको निर्माण गर्ने दीर्घकालीन सोचका साथ महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत व्यक्तिहरूको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने र यस्ता व्यक्तिमैत्री वातावरण सृजना गर्ने लक्ष्यका साथ आफ्ना कार्यक्रमहरू तर्जुमा गरेको छ। लैङ्गिक समानताको क्षेत्रमा नगरपालिकाले विभिन्न ३६ वटा कार्यक्रमहरू सञ्चालनका लागि आर्थिक वर्ष २०८०/०८१ सम्मकालागि बजेट प्रक्षेपण गरेको छ।

### ३.७.६ सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

यस लक्ष्य अन्तर्गत २ वटा परिमाणात्मक लक्ष्य तथा ५ वटा सूचक नगरपालिकासँग सम्बन्धित छन्। सन् २०३० सम्ममा ९५ प्रतिशत घरधुरीमा पाइपद्वारा वितरित खानेपानी, सुधारिएको सरसफाई सुविधा पुर्‍याउने र खुला दिसामुक्त समुदाय साथै शहरी क्षेत्रमा सबै घर ढल निकाससँग जोड्ने राष्ट्रिय लक्ष्य रहेको छ। खानेपानी तथा सरसफाईको सुनिश्चितता नगरपालिकाको उत्तरदायित्वभित्र पर्दछ। यो कार्य स्थानीय शासनको प्रभावकारिता, प्राकृतिक स्रोतको व्यवस्थापन र स्थानीय योजनामा निर्भर गर्दछ।

कुश्मा नगरपालिकाले स्वच्छ पानी र सरसफाईको क्षेत्रमा गत आर्थिक वर्ष २०७८/०७९ मा कूल ०.७ प्रतिशत बजेट विनियोजन गरेको थियो। फ़ोहारमैला व्यवस्थापनको लागि सामुदायिक स्रोत तथा वातावरणीय विकास केन्द्र नेपालको समन्वयमा कुहिने र नकुहिने फ़ोहोरको व्यवस्थापनको लागि दीर्घकालीन योजना अवलम्बन गरी सकेको छ। त्यसै, जोखिमयुक्त फ़ोहारको अन्तिम बिसर्जनको लागि नगरपालिकाको वडा नं ४ मा जग्गा भाडामा लिई काम अगाडि बढ़ाइएको छ।

नगरपालिकाका करिब ८७ प्रतिशत घरपरिवारले पाइपबाट वितरण हुने पानीको उपभोग गरिरहेका छन् भने अझै पनि मूलको पानी प्रयोग गर्ने घरपरिवार करिब १२ प्रतिशत रहेका छन्। नगरपालिकाका वडा नं ३, १२ र १३ मा खानेपानीको सहज सुविधा पुगीनसकेको अवस्था छ। यस नगरपालिकाको ग्रामीण क्षेत्रमा अझै पनि फ़ोहार मैला व्यवस्थापनमा कठिनाई हुँदै आईरहेको छ भने शौचालय प्रयोग गर्ने जनसङ्ख्या ९५ प्रतिशत रहेको छ।

तालिका ३.११: लक्ष्य ६- सबैका लागि स्वच्छ पिउने पानी र सरसफाइको दिगो व्यवस्थापन र उपलब्धता सुनिश्चित गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ६.१ | सन् २०३० सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने | | | |
| ६.१.१.१ | सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या (प्रतिशत) | ९० | नगरपालिका प्रोफाइल | ५० |
| ६.१.१.२ | धाराको पानीको आपूर्ति पहुँच भएका घरधुरी (प्रतिशत) | ८७ | | ६८.४ |
| ६.१.१.३ | आधारभूत खानेपानीको आपूर्ति विस्तार (प्रतिशत) | ९२ | | १२.६ |
| ६.२ | सन् २०३० सम्ममा सरसफाई र स्वस्थ/आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने साथै महिला एवम् किशोरीहरू र कमजोर/सङ्कटग्रस्त स्थितिहरूमा रहेका व्यक्तिहरूको आवश्यकतालाई विशेष ध्यान दिई खुला रूपमा दिसा पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने | | | |
| ६.२.१.१ | उन्नत/सुधारिएका सरसफाईसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत) | ८० | नगरपालिका प्रोफाइल | ७८.७ |
| ६.२.१.२ | शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ९५ | | ८३.८ |
| ६.२.१.३ | सरसफाई सुविधाबाट लाभान्वित जनसङ्ख्या (प्रतिशत) | ८५ | | ६२ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

नगरपालिकाले दिगो खाने पानी तथा पूर्ण सरसफाईमा पूर्ण पहुँच गराउने दीर्घकालीन सोचका साथ स्वच्छ र गुणस्तरयुक्त खानेपानी र सरसफाई व्यवस्था गर्ने उद्देश्य राखेको छ। सोहीबमोजिम कूल १३ वटा कार्यक्रमहरू छनौट गरी उक्त कार्यक्रमका लागि आर्थिक वर्ष २०८०/०८१ सम्म बजेट प्रक्षेपण गर्दै उक्त आर्थिक वर्ष सम्ममा लक्ष्यहरू निर्धारण गरी अघि बढिरहेको छ।

## ३.७.७ धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने

यस लक्ष्य अन्तर्गत ३ वटा परिमाणात्मक लक्ष्य तथा ८ वटा सूचक नगरपालिकासँग सम्बन्धित छन्। सन् २०३० सम्ममा ९९ प्रतिशत घरधुरीमा बिजुली पुर्‍याउने, खाना पकाउन दाउराको प्रयोग गर्ने घरधुरीको सङ्ख्या १० प्रतिशतमा झार्ने, १० हजार मेघावाट बिजुली उत्पादन गर्ने र विद्युतीय चाप प्रतिवर्ष ०.८ प्रतिशतले घटाउने नेपालको राष्ट्रिय लक्ष्य रहेको छ।

जलविद्युत उत्पादनका लागि यस नगरपालिकामा कालीगण्डकी, मोदी खोला, रति खोला, फाप्रे खोला, सुन्दरे खोला आदि रहेका छन्। नगरका सबै वडाका सबै बस्तीहरू विद्युतीकरण भईसकेका छन्। नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा कूल बजेटको ०.४ प्रतिशत विनियोजन गरी विद्युतीय प्रसारण लाइनको फेज स्तर उन्नती, गरिब परिवारका लागि इन्डकसन चूलो वितरण, सड़क सोलर जडान जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ।

उज्यालो कुस्मा नगर भन्ने दीर्घकालीन सोचका साथ विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउने, ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग गर्ने तथा खाना पकाउने कार्यमा नवीकरणीय उर्जा उपलब्ध गराउने उद्देश्यका साथ आफ्ना योजना तथा कार्यक्रमहरू बनाउदै आएको छ। यस क्षेत्रमा नगरपालिकाले ९ वटा कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्दै आर्थिक वर्ष २०८०/०८१ सम्म यी लक्ष्य हासिल गर्न बजेट प्रक्षेपण गरेको छ।

### ३.७.८ स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने




यस लक्ष्य अन्तर्गत ६ वटा परिमाणात्मक लक्ष्य तथा २४ वटा सूचक नगरपालिकासँग सम्बन्धित छन्। भरपर्दो आर्थिक वृद्धि हुन सकेन भने गरीवी घट्दैन। व्यक्तिको आर्थिक उपार्जनको प्रमुख आधार भनेको रोजगारी नै हो। कृषिमा, सेवामा वा अन्यत्र भएपनि रोजगारी प्राप्त हुन सकेन भने व्यक्तिको आयआर्जन, उत्पादनमा वृद्धि र उत्पादकत्वमा पनि बढोत्तरी हुन सक्दैन।

कुश्मा नगरपालिकाभित्र रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा मालढुङ्गा, बगैचा, अरमादी, कुस्मा बजार, ठुली पोखरी आदि रहेका छन्। यस क्षेत्रमा कूल १११ वटा सहकारी संस्थाहरू र २७ वटा वित्तीय संस्थाहरू रहेका छन।साथै सुपथ मूल्यका ११ वटा सहकारी संस्थाहरू पनि सञ्चालनमा रहेका छन्। यस क्षेत्रमा २० भन्दा बढ़ी पर्यटकीय स्थलहरू रहेका छन्। यस नगरपालिकाले समावेशी, आर्थिक वृद्धि र मर्यादित कामको क्षेत्रमा करिब ५ प्रतिशत बजेट विनियोजन गरी ग्रामीण पर्यटनमा उल्लेख्य महत्व राख्ने होमस्टेलाई स्थानीय संस्कृतिको संरक्षण हुनेगरी नमुनाको रुपमा विभिन्न वडाहरूमा सञ्चालन गर्ने कार्य सुरुवात भएको छ। त्यस्तै, सहकारी शिक्षा कार्यक्रमलाई सहकारी क्षेत्रको साझेदारीमा सञ्चालन गर्ने व्यवस्था गरिएको छ। गरीवीको रेखामुनि रहेका परिवारहरूका लागि स्थानीय स्रोत साधन परिचालन गरी स्थानीयस्तरमा नै उद्यमशीलता विकास गर्न वडा नं २, ३, ८, ९ र १३ मा लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरी हाल सम्म ६९ जना नयाँ उद्यमी पैदा भएका छन्।

नगरपालिकामा वित्तीय सेवाहरूमा पहुँच ८० प्रतिशत रहेको छ भने ३० मिनेटका पैदलदूरीमा रहेको घरधुरीको सहकारीमा पहुँच २५ प्रतिशत रहेको छ। त्यसैगरी महिला र पुरूष कामदारको घण्टाको औसत कमाइ १४५ छ भने बेरोजगारहरूको सङ्ख्या ६ प्रतिशत मात्र रहेको अनुमान गरिएको छ जुन सन् २०२२को राष्ट्रिय औषत १९.५ प्रतिशतभन्दा कम हो। कृषि श्रमशक्तिको अर्धबेरोजगारी दर सम्बन्धमा नगरपालिकाले आगामी दिनमा काम गर्नेछ।

तालिका ३.१२ः स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ८.३ | उत्पादनमूलक गतिविधिहरू, सम्मानयोग्य कामको सिर्जना उद्यमशीलता, रचनात्मकता र नविनतालाई सघाउने विकासमुखी नीतिहरूको प्रवर्धन गर्ने तथा वित्तीय सेवामा पहुँच पुर्याउदै लघु, साना र मझौला आकारका उद्यमहरूको औपचारिकता र वृद्धिलाई प्रोत्साहन गर्ने, | | | |
| ८.३.१ | गैरकृषि क्षेत्रको रोजगारीमा अनौपचारिक रोजगारीको अनुपात, लिङ्गका आधारमा (प्रतिशत) | ११ | नगरपालिका प्रशासनिक तथ्याङ्क | ४२ |
| ८.३.१.१ | गैरकृषि क्षेत्रमा अनौपचारिक क्षेत्रको रोजगार जनसङ्ख्याको अनुपात | ०.११ | | NA |

| | | | | |
|---|---|---|---|---|
| ८.३.१.२ | गैरकृषि क्षेत्रमा अनौपचारिक क्षेत्रको रोजगार पुरूष जनसङ्ख्याको अनुपात (प्रतिशत) | ७ | | NA |
| ८.३.१.३ | गैरकृषि क्षेत्रमा अनौपचारिक क्षेत्रको रोजगार महिला जनसङ्ख्याको अनुपात (प्रतिशत) | ५ | | NA |
| **क्र. स.** | **परिमाणात्मक लक्ष्य तथा सूचकहरू** | **गाउँपालिकाको २०२२ को स्थिती** | **तथ्याङ्को स्रोत** | **राष्ट्रिय लक्ष्य २०२२** |
| ८.३.१.४ | वित्तीय सेवाहरूमा पहुँच (प्रतिशत) | ८० | नगरपालिका प्रशासनिक तथ्याङ्क | NA |
| ८.३.१.५ | सहकारीमा पहुँच (३० मिनेटका पैदलदूरीमा रहेको घरधुरी प्रतिशत) | २५ | | NA |
| ८.५ | सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै महिला र पुरुषहरूको निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउनुका साथै समान कामका लागि समान तलब प्रदान गर्ने लक्ष्य हासिल गर्ने, | | | |
| ८.५.१ | महिला र पुरूष कामदारको घण्टाको औसत कमाइ, पेशा, उमेर र अपाङ्गताका आधारमा (रुपैया) | १४५ | नगरपालिका प्रशासनिक तथ्याङ्क | ६३.७ |
| ८.५.२ | बेरोजगारी दर, लिङ्ग, उमेर र अपाङ्गताका आधारमा (१५-५९ वर्ष, प्रतिशत) | ६ | | १९.५ |
| ८.९ | सन् २०३० सम्ममा दिगो पर्यटन जसले रोजगारी सिर्जना गर्दछ र स्थानीय संस्कृति र उत्पादनलाई प्रवर्धन गर्छ, त्यसलाई प्रवर्धन गर्न योजना/नीतिहरू निर्माण (Devise) गरी कार्यान्वयन गर्ने | | | |
| ८.९.१.१ | पर्यटक आगमन (दश लाखमा) | ०.१ | नगरपालिका प्रशासनिक तथ्याङ्क | १.९ |
| ८.९.२ | कूल पर्यटन रोजगारीमध्ये दिगो पर्यटन उद्योगमा रोजगारीको अनुपात (प्रतिशत) | ९० | | NA |
| ८.९.२.१ | पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या (हजारमा) | ५ | | NA |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

नगरपालिकाले नगरको “समृद्धिको आधार, दिगो पर्यटकीय पूर्वाधार भन्ने दीर्घकालीन सोचका साथ दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारी वृद्धि गरी नगरको अर्थतन्त्र सुदृढ गर्ने लक्ष्य लिएको छ। पर्यटनको क्षेत्रमा नगरपालिकाले १२ वटा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकाले घरेलु तथा साना उद्योगको विकास नगरपालिकाको अर्थतन्त्र को दिगो आधार भन्ने दीर्घकालीन सोचका साथ घरेलु तथा साना उद्योगको विकास र विस्तार गरी आय तथा रोजगारी वृद्धि गर्ने लक्ष्य लिएको छ। यसतर्फ नगरपालिकाले विभिन्न १५ वटा कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको छ। त्यसैगरी, नगरपालिकाले वित्तीय संस्थाहरूसँग रहेको पूँजी, प्रविधि तथा ज्ञानको अधिकतम परिचालन गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। नगरपालिकाले सहकारी तथा वित्तीय संघसंस्थासँग सम्बन्धित १५ वटा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

## ३.७.९ उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने

परिमाणात्मक लक्ष्य ३ र सूचक ६ वटा भएको यस लक्ष्यमा नगरपालिकाको अवस्था रष्ट्रिय औषतभन्दा राम्रो देखिन्छ। पचास किलोमीटर प्रतिवर्ग किलोमीटर सडक घनत्व रहेको नगरपालिकामा सडकको पहुँचको सुविधा पर्याप्त भएतापनि कालोपत्रे सडकको घनत्व १.३५ वर्ग कि.मी. मात्र रहेकोले नगरपालिकामा भएका कच्ची सडकलाई कालोपत्रे गर्ने योजना रहेको छ। बाह्रै महिना सञ्चालन योग्य सडकको २ किलोमिटर दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्या ६३ प्रतिशत छ।

कुश्मा नगरपालिकाका मुख्य पूर्वाधारहरूमा सड्क र यातायातक्षेत्र रहेका छन्। नगरपालिकाभित्र भएका विभिन्न सड्कहरूले ग्रामीण क्षेत्रमा उत्पादित कृषि उपजहरूलाई बजारीकरण गर्न मद्दत गरिरहेको छ। निर्माण गरिए का सडक पूर्वाधारहरूमा सदावहाररुपमा यातायातका साधन सञ्चालन गरी सुरक्षित यातायातको उपलब्धता गराउदै आएको छ। यस नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा कूल बजेटको करिब १० प्रतिशत रकम विनियोजन गरी सडक सञ्जालसँग नजोडिएका बस्ती र टोल जोड्ने बाटो निर्माण, कृषि तथा पर्यटकीय सड्क स्तरोन्नति, पदमार्गहरूको निर्माण, पर्यटनमैत्री साना सवारी चालकहरूको लागि यात्रुमैत्री तालिम सञ्चालन जस्ता कार्यक्रमहरूमा खर्च गरिएको छ।

नगरपालिकाले गुणस्तरीय एवम् दिगो सड्क सञ्जालसहितको नगरपालिका भन्ने दीर्घकालीन सोच लिई सड्क सञ्जाल बिस्तार स्तरोन्नती, सडक र पदमार्गको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने उद्देश्य राख्दै आर्थिक वर्ष २०८०/०८१ सम्ममा सम्पन्न गर्ने गरी ८ वटा कार्यक्रमहरू छनौट गरी बजेट विनियोजन गरेको छ। त्यस्तै, नगरपालिकाले प्रतिस्पर्धी सर्वसुलभ तथा वातावरणमैत्री यातायात प्रणालीको विकास गर्ने दीर्घकालीन सोच लिई यो सोच पूरा गर्न निजी तथा सहकारी क्षेत्रलाई संलग्न गराउने उद्देश्य राखेको छ। यातायात क्षेत्रमा नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ सम्म सम्पन्न गर्ने गरी ६ वटा कार्यक्रमहरू छनौट गरी उक्त कार्यक्रमहरू सम्पन्न गर्नका लागि बजेट विनियोजन गरेको छ।

### ३.७.१० देशभित्र तथा देशहरूबीचको असमानता हटाउने

दिगो विकास लक्ष्य १० ले मुलुकभित्र र मुलुकहरूबीचको असमानता घटाउने क्रममा हरेक व्यक्तिको समानता र अविभेदको अधिकार, सार्वजनिक क्रियाकलाप सहभागिताको अधिकार, र सामाजिक सुरक्षाको अधिकार प्रवर्धन गर्दछ। यस लक्ष्यभित्र २ वटा परिमाणात्मक लक्ष्यका २ वटा सूचक नगरपालिकाका लागि आकर्षित भएको देखिन्छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रका वासिन्दाहरूबीचको असमानता घटाउने काम गर्न सक्छ। साथै अन्तरपालिका असमानता काम गर्न समेत सकिने देखिन्छ। नगरपालिकावासीबीच भएको असमानता घटाउन पछाडि परेको जाति, वर्ग, सम्प्रदायको पहिचान गर्ने र तिनीहरूलाई मूलधारमा ल्याउन सीप विकास, दक्षता अभिवृद्धि जस्ता तालिम दिई रोजगारीको पहुँच वृद्धि गर्ने सोच नगरपालिकाको रहेको छ।

आर्थिक सम्पन्नताको साथै सामाजिक कूरीति विरुद्ध सचेतना जगाउन र राजनैतिकरुपले सक्रिय सहभागिता बढाउन उपभोक्ता समिति, महिला समूह, आमा समूह जस्ता सामाजिक संस्थामा महिला तथा सीमान्तकृत वर्गको पहुँच वृद्धि गर्ने नीति अवलम्बन गर्ने सोच नगरपालिकाले राखेको छ। दिगो विकास लक्ष्यअनुसारका सूचकका अवस्था आङ्कलन गर्न निकट भविष्यमा तयार गर्न लागिएको नगरपालिकाको प्रोफाइलमा प्रश्नावली राख्न लगाई अवस्था पहिचान गरी सूचक तयार गरिने छ।

### ३.७.११ शहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

यस लक्ष्यमा ५ वटा परिमाणात्मक लक्ष्य र १३ वटा सूचक रहेका छन्। कुश्मा नगरपालिकामा सुकुम्वासी बस्ती छैन र ९३.७ प्रतिशत मानिसहरू सुरक्षित घरमा बस्छन्। नगरपालिकाभित्र करिब ७८ प्रतिशत नागरिकहरूको आफ्नै घर छ भने २० प्रतिशत नागरिकहरू भाड़ाको घरमा बस्दै आएका छन्। ८,४१२.१४ हेक्टर क्षेत्रफल भएको नगरपालिकाको २६.३० प्रतिशत भूभाग पाखेबारी, २९.८० प्रतिशत भूभाग वनजङ्गल रहेको नगरपालिकाका अधिकांश भागमा यातायात सुविधा उपलव्ध छ।

प्रमुख बजार केन्द्रहरूमा आधुनिक घरहरूको बाहुल्यता रहेको छ भने ग्रामीण क्षेत्रमा ढुङ्गा, माटोका घरहरू बनाउने प्रचलन कायमै छ। यस नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा दिगो शहर र बस्ती क्षेत्रमा कूल बजेटको ७.५ प्रतिशत रकम विनियोजन गरी जोखिममा रहेका बस्तीहरूको पहिचान गर्ने, लोकमार्गको आसपासका बस्तीलाई र अनाधिकृत बस्तीहरूलाई व्यवस्थित गर्ने जस्ता कार्यक्रमहरूको लागि खर्च गरेको छ।

कुश्मा नगरपालिकाले सुन्दर, सुरक्षित, विपद् उत्थानशील र एकीकृत आवास तथा बस्ती भन्ने दीर्घकालीन सोचका साथ सबैका लागि उपयुक्त, सुरक्षित तथा एकीकृत बस्ती र आवासको विकास गर्ने र ग्रामीण भेगका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्ने लक्ष्य लिएको छ। नगरपालिकाले यस लक्ष्यका लागि आर्थिक वर्ष २०८०/०८१ मा पूरा गर्ने गरी १० वटा कार्यक्रम तथा क्रियाकलापहरू छनौट गरी बजेट विनियोजन गरेको छ।

### ३.७.१२ दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने

१२ दिगो उपभोग तथा उत्पादन

यस लक्ष्यमा नगरपालिकाकालागि परिमाणात्मक लक्ष्य ३ वटा र सूचक ५ वटा आकर्षित हुन्छन्।दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्न नेपालले सन् २०३० सम्म कूल उर्जा खपतको १५ प्रतिशत जैविक उर्जामा सिमित गर्ने र माटोमा जैविक तत्व ४ प्रतिशत बनाउने लक्ष्य लिएको छ। त्यसैगरी कृषि उत्पादनको लागि भूमिको प्रयोग (आवाद गरिएको भूमिको अन्नबालीको प्रतिशत) ३० रहेको छ जून २०२२ को राष्ट्रिय औषत १४.७ प्रतिशत भन्दा राम्रो देखिन्छ।

दीर्घकालीन लक्ष्य स्थानीय सांस्कृतिक र प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै उपभोग गर्न नगरपालिकाले भूमिका खेल्नु पर्ने हुन्छ। प्राकृतिक सम्पदा जल, जमिन, जङ्गल माथिको दोहन कम गरी, सरसफाईसम्बन्धी चेतना अभिवृद्धि गर्नुपर्ने हुन्छ। नगरपालिकाभित्र रहेका खेतीयोग्य जमिनहरूमा परम्परागत स्रोतहरू तथा साना कूलो कुलेसाहरू मार्फत् सिँचाई सुविधा उपलब्ध हुँदै आएको छ। खाद्य सुरक्षाकोलागि व्यवस्थित र दिगो सिँचाई भन्ने सोचका साथ नगरपालिकाले सञ्चालनमा रहेका परम्परागत सिँचाई प्रणालीहरूको संरक्षण, सम्वर्धन गर्दै नयाँ आयोजनाहरूको विकास गरी सिँचाई सुविधा विस्तार गर्ने लिएको छ।

### ३.७.१३ जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने

१३ जलवायु परिवर्तन अनुकूलन

जलवायु परिवर्तनको असरले विश्वसमुदाय नै मारमा पर्न गईरहेको छ। नेपाल पनि यसको असरबाट मुक्त छैन यद्यपि हरितगृह नोक्सान गर्ने राष्ट्रमा नेपाल अत्यन्तै तल छ। धेरै उद्योगधन्दा भएका देशहरूबाट उत्सर्जन भएका खराब धुँवा तथा ग्याँसले विश्व वातावरणमा ठूलो प्रभाव परेको छ। जसले गर्दा जलवायु परिवर्तनका कारण कतै अनावृष्टि, कतै अतिवृष्टि भई बाढी पहिरो जाने, बोटबिरुवाले समयमा फल नदिने, कतिपय बोटबिरुवामा फल नै नलाग्ने जस्ता समस्याले गर्दा जमिनको उत्पादन र उत्पादकत्व क्षमतामा समेत ह्रास आइरहेको अवस्था छ।

नगरपालिकामा बाढी, पहिरो, असीना आगलागी, चट्याङ्ग, भूकम्प, अनावृष्टि, अतिवृष्टि जस्ता प्राकृतिक प्रकोपका साथै महामारी रोगहरूले समेत बेलाबेलामा विपद् निम्त्याई रहेको छ। गतवर्ष विपदबाट प्रत्यक्ष प्रभावित व्यक्तिहरू, बेपत्ता व्यक्तिहरू र मृतकको सङ्ख्या ५० थियो भने पचासी लाख जतिको आर्थिक क्षति भएको अनुमान छ। जलवायु परिवर्तनको प्रतिकूल असरले गर्दा हुने बेमौसमी वर्षाहरूको कारणले मानव स्वास्थ्य, कृषि तथा पूर्वाधारको क्षेत्रमा पनि नकारात्मक असरहरू परिरहेको छ।

नगरपालिकाले जलाधार व्यवस्थापनको लागि नदी, खोला, पोखरी आदि संरक्षण योजना, खोलानाला तथा तलाउ सरसफाई जस्ता कार्यक्रम, पर्यावरण संरक्षण योजनाहरू कार्यान्वयन गरेको छ। नगरपालिकाले विपद् उत्थानशील नगरपालिका भन्ने मुख्य सोचका साथ विपद्का घटनाहरूमा कमी ल्याउने तथा विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण तथा नवनिर्माणलाई उत्थानशील बनाउने उद्देश्य राखेको छ। यस नगरपालिकाले विपद् व्यवस्थापनको लागि आर्थिक वर्ष २०८०/०८१ सम्मका लागि ९ वटा कार्यक्रम तथा क्रियाकलापहरूका लागि बजेट विनियोजन गरेको छ।

### ३.७.१४: दिगो विकासको निम्ति महसागरहरू, समुद्र हरू र समुन्द्रीक स्रोतहरू संरक्षण गर्ने र दिगो रुपमा प्रयोग गर्ने

नेपाल भूपरिवेष्टित राष्ट्र भएकोले दिगो विकास लक्ष्य १४ ले नेपालसँग प्रत्यक्ष सरोकार राख्दैन।

### ३.८.१५ पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनरुस्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टयाउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने

दिगो विकास लक्ष्य १५ ले स्थलीय पर्यावरणको संरक्षण, पुनःस्थापना र दिगो व्यवस्थापन, मरुभूमिकरण र भूक्षयको नियन्त्रण र जैविक विविधताको संरक्षण गरी नेपाली जनताले वनजङ्गल, सिमसार, हिमाल तथा सुख्खा भूमिको संरक्षण र दिगो उपयोग गर्ने अधिकार प्रवर्धन गरेको छ। यस लक्ष्यमा सन् २०३० सम्म नेपालले आफ्नो क्षेत्रफलको ४२ प्रतिशत समुदायबाट पर्वर्तित वनक्षेत्र पुर्‍याउने र २३.२ प्रतिशत वन क्षेत्र संरक्षित क्षेत्र बनाउने लक्ष्य लिएको छ।

तालिका ३.१३: पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनरुस्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टयाउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्को स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १५.१ | सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताहरूअन्तर्गत दायित्वहरू अनुरुप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनीहरूको सेवाहरू विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालय र सुख्खा क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने | | | |
| १५.१.१ | कूल जमिनको क्षेत्रफलमध्ये वन क्षेत्रको अनुपात (प्रतिशत) | २९.८ | नगरपालिका तथ्याङ्क | NA |
| १५.१.१.१ | सामुदायिक व्यवस्थापन अन्तर्गत रहेको वन क्षेत्र (प्रतिशत) | १५ | | ४०.४ |
| १५.१.२.१ | संरक्षित क्षेत्र (जम्मा जमिन क्षेत्रमा वनको प्रतिशत समेत) | १५ | | २३.३ |
| १५.२ | सन् २०२० सम्ममा सबै खाले वनजङ्गलहरूको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रवर्धन गर्ने, वन फडानी रोक्ने, पाखो वनहरूको पुनर्विक्षारोपण र पुनर्स्थापना गर्ने कार्य बढाउने | | | |
| १५.२.१.१ | वनलाई कबुलियती (लिजहोल्ड) वन समूहमा हस्तान्तरण (हजार हेक्टर) | ५ | नगरपालिका तथ्याङ्क | ४४.६ |
| १५.२.१.२ | वन फडानी प्रतिस्थापन गर्न वृक्षारोपण दर (प्रतिशत) | १० | | NA |
| १५.२.१.३ | थप वृक्षारोपण गरिएको क्षेत्र (प्रतिवर्ष बेर्ना/बिरुवा, १० लाखम | १ | | NA |
| १५.५ | परिलक्ष्य १५.५ प्राकृतिक वासस्थानको क्षयीकरण घटाउन तत्काल उल्लेखनीय कार्य गर्ने, जैविक विविधतामा क्षति पुग्नबाट रोक्ने र, सन् २०२० सम्ममा सङ्कटापन्न अवस्थामा रहेका प्रजातिहरूको लोप हुनबाट जोगाउने | | | |

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १५.५.१.१ | लोपोन्मुख जडिबुटीहरू (औषधीय र वास्नादार बोटविरूवाहरू) (प्रतिशत) | ५ | नगरपालिका तथ्याङ्क | NA |

*राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरूः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

कुश्मा नगरपालिकामा कूल ९६ वटा सामुदायिक वन रहेका छन्। नगरपालिकाभित्र रहेका वन क्षेत्रमा पाउने जड़ीबूटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलनबाट गरिब, महिला तथा पिछड़िएका वर्गहरूलाई लाभान्वित गराउन नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा खाली सार्वजनिक स्थानहरूमा वृक्षरोपन, वन फडानी तथा डडेलो नियन्त्रणका लागि वडा स्तरीय संयन्त्र निर्माण जड़ीबूटी खेतीसम्बन्धी तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

नगरपालिकाको २९.८ प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ भने १५ प्रतिशत वनक्षेत्र सामुदायिक व्यवस्थापन अन्तर्गत रहेका छन्। १५ प्रतिशत संरक्षित क्षेत्र रहेको नगरपालिकाको ५ हजार हेक्टर वनलाई कबुलियती (लिजहोल्ड) वन समूहमा हस्तान्तरण गरिएको छ भने वन फडानी प्रतिस्थापन गर्न वृक्षारोपणको दर १० रहेको छ। प्रतिवर्ष १० लाखको हराहारीमा बिरुवाहरू थप वृक्षारोपण गरिन्छ। नगरपालिकाको संरक्षित वनक्षेत्रमा ५ प्रतिशत लोपोन्मुख जडिबुटीहरू (औषधीय र वास्नादार बोटविरूवाहरू) रहेको तथ्याङ्क छ।

वन र जैविकी विविधताको दिगो व्यवस्थापन, नगरको संवृद्धिमा योगदान भन्ने दीर्घकालीन सोचका साथ वन तथा जैविक विविधाताको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्ने तथा वनलाई आयआर्जनको रुपमा विकास गर्ने उद्देश्य लिएको छ। यी उद्देश्य प्राप्तिका लागि १४ वटा कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालनका लागि आर्थिक वर्ष २०८०/०८१ सम्मका लागि बजेट विनियोजन गरेको छ।

### ३.८.१६ दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच निश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने




न्यायपूर्ण र समावेशी समाज निर्माण हुन सक्यो भने मात्र सभ्य नागरिक तयार भई राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सकिन्छ। समाजमा सबै खाले जातजाति वर्ग लिङ्ग, धर्म र रीतिरीवाज भएका मानिसहरू बसोबास गर्छन्। ती मानिसहरूबीच एक-आपसमा सदाचार, भाइचारा र आपसी मेलमिलाप गरेर आ-आफ्नो पेशा अङ्गाल्ने र आवश्यक पर्दा समाजका हरेक गतिविधिका संलग्न हुने वातावरण निर्माण गर्न सकियो भने मात्र सभ्य समाज निर्माण गर्न सकिन्छ। नगरपालिका यी विषयवस्तुमा अत्यन्तै संवेदनशील छ।

कुश्मा नगरपालिकाको वार्षिक सामाजिक वित्तको १९-२० प्रतिशत रकम यस शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने लक्षसम्बन्धी कार्यहरूमा खर्च गर्दै आइरहेको छ। आन्तरिक स्रोतबाट प्राप्त रकमको पनि ३३ प्रतिशत रकम यस लक्ष्य अन्तर्गत परिचालन भएको देखिन्छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षकमा बजेटको मुख्य अंश खर्च भए पनि संस्थागत विकास र सुशासन कार्यक्रमहरू सञ्चालन भएका छन्।

सार्वजनिक निकायहरूका नीतिनिर्माण पदहरूमा ३३ प्रतिशत महिलाहरू रहेको कुश्मा नगरपालिकामा उप-प्रमुखको नेतृत्वमा न्यायिक समिति रहेको छ र यस न्यायिक समितिले छिटो, छरितो र निष्पक्षरुपमा न्याय सम्पादन गर्ने गरेको छ। समितिले आफ्नो कार्य सम्पादन गर्दा मध्यस्थता तथा मेलमिलापमा विशेष जोड दिने गरेको छ। योजना र बजेट तर्जुमा गर्दा सकभर सबै क्षेत्रका प्रतिनिधिसँग परामर्श गरी राय सुझाव लिने गरिएको छ। स्थानीय विकासका सूचकहरूलाई विद्युतीय माध्यमद्वारा पूर्णरुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनेतर्फ नगरपालिका लागिरहेको छ।

नगरपालिकाले नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकास्तरबाट हुने सेवा प्रवाहलाई चुस्त राख्नका लागि विभिन्न कानुनी दस्तावेजहरू निर्माण तथा आवश्यकताअनुरूप संशोधन गर्दै आईरहेको छ। सार्वजनिक प्रशासनिकलाई स्वच्छ, सक्षम, पारदर्शी, तथा जन उत्तरदायी बनाउने कार्यमा नगरपालिकाले पहल गर्दै आईरहेको छ। यस नगरपालिकाले सबल, जवाफदेही, पारदर्शी र समन्यायिक नगर प्रशासन भन्ने सोचका साथ नगरपालिकालाई नतिजामुखी, उत्तरदायी र जनताप्रति संवेदनशील शासन प्रणालीको प्रवर्द्धन गर्ने लक्ष लिएको छ।

### ३.८.१७ दगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने

गरीवी न्यूनिकरण तथा दिगो विकास लक्ष्यलाई सम्बोधन गर्न नगरपालिकामा हालसम्म कुन सूचकमा विशेष जोड दिई कार्यक्रम गर्ने भन्ने सम्बन्धमा खासै काम नभएको हुँदा आ.व. २०७९/०८० देखि मध्यमकालीन खर्च संरचना तयार गरी बजेट र कार्यक्रम दिगो विकास लक्ष्यसँग जोड्ने प्रकृया सुरु भएको छ। नगरपालिकाको वस्तुगत विवरण अद्यावधिक गरी आर्थिक वर्ष २०७८/०७९ मा ३ वर्षे आवधिक योजना तयार गरेको छ। नगरपालिकाले निजी क्षेत्र सहकारी र समुदायिक संस्थाहरूलाई समेत यस अभियानमा सरिक गराउने लक्ष्य राखेको छ।

नगरपालिकाको कूल बजेटको ७६.६३ प्रतिशत रकम संघीय र प्रादेशिक सरकारमार्फत् प्राप्त भएको छ। त्यस्तै राजस्व बाँडफाँटबाट १५ प्रतिशत स्रोत सृजना भएको छ। राष्ट्रिय लक्ष्य ७७.९५ प्रतिशत रहने सोच रहेता पनि नगरपालिकाको बजेटमा आन्तरिक करको हिस्सा ८ प्रतिशतको हराहारीमात्र रहेको छ। नगरपालिका यस विषयमा सजग छ र आफ्न आन्तरिक स्रोतको दायर फराकिलो पर्न गृहकार्य गरिरहेको छ।

**तालिका ३.१४ः लक्ष्य १७ - दगो विकासका लागि कार्यान्वयनका उपायहरू-साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने**

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | नगरपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १७.१ | करका साथै अरु प्रकारका राजस्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्नको लागि विकासशील देशहरूलाई दिइने अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने | | | |
| १७.१.२ | बजेटमा आन्तरिक कर राजस्वहरूको अनुपात (प्रतिशत) | ८ | लेखा शाखा | ७७.९ |
| १७.६ | विज्ञान, प्रविधि र नव प्रवर्तनमा उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र पहुँचलाई बढाउने र विद्यमान संयन्त्रहरू विशेषगरी संयुक्त राष्ट्रसंघको तहमा राम्रो सम्बन्ध कायम गरेर साथै विश्वस्तरीय प्रविधि सहजीकरण संयन्त्र समेतको माध्यमबाट आपसमा सहमति भएका शर्तहरूको अधीनमा रही ज्ञान आदानप्रदान गर्ने कार्यलाई अगाडि बढाउने | | | |

| | | | | |
|---|---|---|---|---|
| १७.६.१.१ | इन्टरनेटको घनत्व (प्रति १०० जनामा) | ८० | नगरपालिका तथ्याङ्क | ७०.९ |
| १७.८ | सन् २०१७ सम्ममा अति कम विकसित राष्ट्रहरूको निम्ति प्रविधि बैङ्क र विज्ञान, प्रविधि र नवप्रवर्तन क्षमता अभिवृद्धि संयन्त्रलाई पूर्णरूपमा सञ्चालनमा ल्याउने र विभिन्न क्षेत्रमा सघाउ पुर्‍याउने सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिने | | | |
| १७.८.१ | व्यक्तिगत इन्टरनेट प्रयोग गर्नेहरूको अनुपात (प्रतिशत) | ३० | नगरपालिका तथ्याङ्क | NA |
| १७.८.२ | १५-४९ वर्ष उमेरका इन्टरनेट प्रयोग गर्ने महिलाको अनुपात (प्रतिशत) | ६० | नगरपालिका तथ्याङ्क | NA |
| १७.८.३ | १५-४९ वर्ष उमेरका इन्टरनेट प्रयोग गर्ने पुरूषको अनुपात (प्रतिशत) | ७० | नगरपालिका तथ्याङ्क | NA |
| १७.१९ | सन् २०३० सम्ममा दिगो विकासमा प्रगतिको मापन विकासको विद्यमान पहलकदमीमा सुधार गर्ने, जसले कूल गार्हस्थ उत्पादन (कूग्राउ) लाई परिपूरण गर्नेछ र विकासोन्मुख देशहरूको तथ्याङ्कीय क्षमता-वृद्धिमा सहयोग गर्दछ | | | |
| १७.१९.२.१ | जन्मदर्ता गरेका ५ वर्ष मुनिका बालबालिकाहरूको अनुपात (प्रतिशत) | ९५ | नगरपालिका तथ्याङ्क | ७९ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

दिगो विकास लक्ष्यको कार्यसूची तयार गरी त्यसको अनुगमन गर्ने कार्यमा सामुदायिक संस्थाहरूलाई सरिक गराइने छ। त्यसैगरी दिगो विकास लक्ष्यका उद्देश्य पूरा हुने कार्यक्रमहरू निश्चित मापदण्ड तयार गरी सामुदायिक संस्थाहरूको सहभागितामा समेत सञ्चालन गर्ने प्रयास गरिनेछ। निजीक्षेत्रको सहभागितामा नगरपालिकाको आय वृद्धि हुने कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य लिइने छ।

## ३.८ कसैलाई पनि पछि नछोड्ने

दिगो विकास लक्ष्यको मुख्य ध्येय विकास अभियानमा "कसैलाई पनि पछि नछोड्ने" भन्ने हो। यस विकास प्रक्रियामा कुनै व्यक्ति वा समुदाय छुट्यो भने नेपालले कल्पना गरेको "समृद्ध नेपाल र सुखी नेपाली" को उद्देश्य पूरा हुन सक्दैन। स्थानीय सरकार नागरिकसँग दैनिकरुपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकताको बढी जानकार हुन्छ। स्थानीय पूर्वाधार विकासको जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा समेत स्थानीय सरकारको नै हुन जान्छ। सरकारको एक्लो प्रयासले मात्र दिगो विकास लक्ष्य हासिल गर्न त्यति सम्भव छैन। यसकालागि निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी क्षेत्र, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवाला पक्षहरूसँग साझेदारी हुनु नितान्त जरूरी छ।

जातीय, वर्गीय र लैङ्गिक भेदभाव मुक्त समतामूलक समृद्ध र न्यायपूर्ण समाजको निर्माणका लागि नगरपालिकाले आवश्यक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विपन्न र सामाजिकरुपले पछाडि परेका महिला लक्षित आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण अभियान तालिम तथा क्षमता विकास कार्यक्रम गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा क्षमता विकास तथा रोजगारी उन्मुख कार्यक्रम सञ्चालन गरिएको छ। नगरपालिकाबाट सञ्चालित यस मर्म लक्षित केही कार्यक्रमहरू निम्नानुसार छन्:

१. न्यून आय र गरिब परिवारहरूलाई लक्षित गरी सस्तो आवास निर्माणमा सहयोग कार्यक्रम;
२. ज्येष्ठ नागरिकहरूका लागि आश्रम एवम् सेवाकेन्द्र स्थापना तथा स्वास्थ्य उपचारको लागि आवश्यक पहल;
३. विद्यालयमा अध्ययनरत छात्रा महिनावारी हुँदा अनुपस्थित रहने अवस्था हटाउन घरपरिवार र छात्रालाई विशेष जनचेतना कार्यक्रम;

४. आर्थिक अवस्था कमजोर भएका जटिल रोगका विरामीहरूलाई अवस्था हेरेर उपचार गर्न बढीमा ५० हजारसम्म उपलब्ध गराउने नीति कार्यान्वयन;
५. "गर्भवती एवम् सुत्केरीसँग उपप्रमुख भेटघाट कार्यक्रम" अन्तर्गत "सुत्केरी आमा पोषिलो खाना" भन्ने नाराका साथ वडा कार्यालय मार्फत् सुत्केरीलाई रु. २,००० बराबरको पोषण सामग्री उपलब्ध गराउने नीति कार्यान्वयन गर्दै आएको छ।

## ३.९ लक्ष्य र प्रगतिको तुलना

दिगो विकास लक्ष्य पूरा गर्ने सवालमा हालसम्म नगरपालिका लक्ष्य सूचकअनुसारका तथ्याङ्क सङ्कलन गर्ने पद्दती निर्माण गर्ने क्रममा छ। परम्परागत योजना तथा कार्यक्रमहरूमा दिगो विकास लक्ष्यको आ न्तरिकिकरणका प्रयास भइरहेको छ। आवधिक योजना र मध्यमकालीन खर्च संरचनाबाट यसको थालनी भइसकेको छ। यस प्रतिवेदन तयार गर्ने क्रममा हाल उपलव्ध सूचनाका आधारमा आधार रेखा तयार भएको छ। हालसम्मको नगरपालिका स्तरीय लक्ष्य प्रगति र संघ र प्रदेशसँग तुलना अनुसूची २ मा प्रस्तुत गरिएको छ।

## ३.१० एक लक्ष्य र अर्को लक्ष्यबीचको सम्बन्ध र परिपूरकता

दिगो विकास लक्ष्यहरू केही लक्ष्यहरू एकअर्कामा अन्तरनिर्भर र सकारात्मक सम्बन्ध राख्दछन् भने केही लक्ष्यहरू विरोधाभासी र नकारात्मक परिणामरुपी छन्। उदाहरणको लागि दिविल ७ (दिगो र आधुनिक उर्जाको पहुँच सुनिश्चित गर्ने), दिविल २ अन्ततः शून्य भोकमरी र दिविल ६ अन्तर्गत स्वच्छ पिउने पानी र सरसफ़ाईले लक्ष्य १ मा रहेको गरीवीको अन्त्यबीच समपूरक सम्बन्ध हुन्छ भने लक्ष्य ९ अन्तरगत सडक पूर्वाधारको विस्तारले लक्ष्य ८ अन्तर्गत रोजगारीका अवसरहरू र लक्ष्य २ अन्तरगत कृषिबाट हुने आयआर्जनमा वृद्धि भएको देखिन्छ। यसले यी लक्ष्यहरूको प्रगतिले यी दुबै लक्ष्यहरूलाई एकै समयमा लाभान्वित गर्ने (परिपूरक), दिगो विकास लक्ष्यहरूको रुपमा लिन सकिन्छ। त्यस्तै, औद्योगिकीकरण, शहरीकरण र बस्ती विकास र दिगो उपभोग एवम् उत्पादनतर्फ केन्द्रित हुने लक्ष्यहरूले प्रायः वातावरण तथा जलवायु, वनजङ्गल जस्ता सम्पदाहरूको संरक्षणमा कतै न कतै प्रत्यक्ष वा अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव परेका हुन्छन्।

कुश्मा नगरपालिका आफैंले तर्जुमा गरी सञ्चालन गर्दै आएका कार्यक्रमहरूलाई बहुलक्ष्य हासिल हुने गरी तर्जुमा गर्ने प्रयास गरिएको छ भने संघ र प्रदेशबाट सशर्त अनुदानमा परेका योजनाहरूपनि एक र अर्को लक्ष्यबीच परिपूरक र समपूरक रहेका छन्।

## ३.११ दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजीकरण गर्ने पक्ष

दिगो विकासका एजेण्डा सरकारको मात्र दायित्व र आवश्यकता होइन। सार्वजनिक क्षेत्रका अलावा निजी क्षेत्र, घर परिवार, सहकारी, गैरसरकारी क्षेत्र र अन्तराष्ट्रीय गैरसरकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ। दिगो विकासका लागि सन् २०३० एजेन्डाले दिगो विकास लक्ष्यहरूको सफल कार्यान्वयनका लागि समावेशी सहभागिता र प्रभावकारी सरोकारवाला संलग्नताको आवश्यकतालाई मान्यता दिन्छन्। कुश्मा नगरपालिकामा दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजीकरण गर्ने पक्ष निम्न बमोजिम छन्:

१. नगरपालिकाले विभिन्न समयमा प्रकाशित गरेका नगर प्रोफाइल, शैक्षिक पार्श्वचित्र, मध्यमकालीन खर्च संरचना, विभिन्न ऐन, नियम तथा कार्यविधिहरूले दिगो विकास लक्ष्यसम्बन्धी योजना तथा कार्यक्रमहरू;
२. राष्ट्रियस्तरबाट प्रकाशित दिगो विकास लक्ष्यसम्बन्धी नीतिगत दस्तावेज तथा स्थानीयकरण स्रोत पुस्तिकाहरू,

३. संघ तथा प्रदेश सरकारहरूको दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी पठाइएको वित्तीय हस्तान्तरण तथा योजना खाका,
४. गाउँपालिका स्तरमा जनप्रतिनिधिहरू, नगरपालिका कर्मचारीहरू, विषयगत समितिका सदस्यहरू दिगो विकास लक्ष्य हासिल गर्नका लागि सकारात्मक र तत्पर रहनु, सहकारीगैसस  सीमान्तकृत वर्ग, पत्रकार र अपाङ्गता भएका व्यक्ति तथा युवाका प्रतिनिधिहरूसँगको अन्तरक्रियामा सहयोगी भूमिका निर्वाह गर्न उत्साहित देखिनु ,निजी संघसंस्थाहरूबाट पनि दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी हातहरू तत्पर रहेको पाइनु।

दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय स्रोत र साधनले मात्र सम्भव नहुने हुनाले नगरपालिकाले प्रादेशिक र संघीय सरकार र अन्तरराष्ट्रिय समुदायको सहयोग, सहकार्य र समन्वयको आवश्यकता पर्दछ र यसका लागि नगरपालिकाबाट आवश्यक पहलकदमीको थालनी भएको छ।

## ३.१२ दिगो विकास लक्ष्य कार्यान्वयनमा बाधा पुर्‍याउने पक्ष

कुश्मा नगरपालिकाको दिगो विकास लक्ष्य कार्यान्वयनमा बाधा पुर्‍याउने पक्षहरू निम्न बमोजिम रहेका छन्ः

१. अन्तर सरकार र अन्तर निकायबीच समन्वयको प्रभावकारिता;
२. नगरपालिकास्तरमा बहुसरोकारवालासँग समन्वय र सहभागिताको कमी;
३. सम्पूर्ण दिगो विकास लक्ष्यहरूलाई सम्बोधन गर्ने नीति तथा कार्यक्रम तर्जुमा भइनसकेको अवस्था;
४. जनप्रतिनिधि, कर्मचारी लगायत अन्य सरोकारवाला निजी तथा गैर सरकारी पक्षहरूमा दिगो विकास लक्ष्यसम्बन्धी पूर्ण ज्ञानको कमी;
५. नगरपालिकास्तरमा दिगो विकास लक्ष्य पूर्ण आन्तरिकीकरण भइनसकेको अवस्था;
६. स्रोतको उपलव्धता र प्रभावकारी परिचालन हुन नसक्नु, र
७. उपलव्ध जनशक्तिको क्षमता विकास गरी कार्यकुशलता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रशिक्षणको कमी।

# अध्याय ४: दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनुपर्ने पक्ष

दिगो विकास लक्ष्यको स्थानीकरण भनेको राष्ट्रिय लक्ष्यलाई प्रदेशका सन्दर्भमा र नगरपालिकाका तहमा सान्दर्भिक बनाएर प्राथमिकीकरण गर्ने र सोही अनुरूप नीति, कार्यक्रम तर्जुमा, समन्वय र कार्यान्वयन गर्ने कुरा हो। नेपालमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई तीव्रता दिन नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू अवलम्बन गर्दै संस्थागत तथा वित्तीय व्यवस्था गरेको छ। नगरपालिकामा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र समग्र प्रगति अनुगमनको लागि दिगो विकास लक्ष्य कार्यान्वयन समिति क्रियाशील बनाई सिमित स्रोत र असीमित आवश्यकताबीच सामञ्जस्यता कायम गर्नुपर्ने हुँदा योजना छनौट गर्दा एकभन्दा बढी दिगो विकासका लक्ष्य पूरा गर्न सहयोग गर्ने खालका आयोजना छनौट गर्नु उपयुक्त हुन्छ। यसका लागि निम्नानुसारका कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छः

## ४.१ नगरपालिकामा अपनाउनुपर्ने दिगो विकास लक्ष्यमैत्री योजना र बजेट तर्जुमा प्रक्रिया

यस कुश्मा नगरपालिकाले विक्रम सम्वत् २०७८ सालमा निर्माण गरेको आवधिक योजना र आर्थिक वर्ष २०७८/०७९ मा बनाएको मध्यमकालीन खर्च संरचनालाई मार्गदर्शक दस्तावेजकोरुपमा लिई दिगो विकास लक्ष्यमैत्री कार्यक्रमहरू आफ्नो अल्पकालीन योजनाहरूमा समावेश गर्दै आएको छ। हालसम्म नगरपालिकाले दिगो विकास लक्ष्य ४ र ९ अन्तर्गत गुणस्तरीय शिक्षा र पूर्वाधारको क्षेत्रमा आफ्ना कार्यक्रमहरू र बजेट विनियोजन केन्द्रित गरेको देखिन्छ। नगरपालिकाले योजना तथा बजेट तर्जुमा गर्दा योजनाको लाभ र लागत विश्लेषण गरी दिगो प्रतिफल दिने खालको योजना छनौट गर्न विशेष जोड दिनुपर्ने छ। योजना तथा बजेट तर्जुमा गर्नु पूर्व योजना/आयोजना छनौट प्राथमिकीकरणको आधार र मापदण्ड तयार गरी योजना तथा कार्यक्रम सञ्चालन गर्दा दिगोपनाका लागि समाजका सबै पक्षको सहभागिता जुटाउने प्रयास गर्नुपर्ने छ। दिगो विकास लक्ष्यको समष्टिगत क्षेत्रहरूलाई समेटी आगामी आर्थिक वर्षदेखि आफ्ना वार्षिक कार्यक्रमहरू र बजेटलाई दिगो विकास लक्ष्यअनुसार सांकेतीकरण गर्दै जानुपर्ने छ।

## ४.२ दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचक प्राप्त गर्न नगरपालिकाले ध्यान दिनुपर्ने पक्षहरू

यस नगरपालिकाको दिगो विकास लक्ष्यका हालसम्मको सूचकहरूको अवस्था, नगरपालिकाले लक्ष्य हासिल गर्नका लागि विगतमा गरेका प्रयास तथा कार्यक्रमहरू र आगामी आर्थिक वर्षका लागि तय गरिएका कार्यक्रमहरूको बारेमा खण्ड ३.७.१ देखि ३.७.१७ सम्म वर्णन गरिएको छ। यस्का आधारमा नगरपालिकाले आगामी दिनहरूमा चाल्नुपर्ने कदमहरूको बारेमा बुँदागतरुपमा चर्चा गरिएको :

(क) नगरपालिकाले आगामी दिनमा आन्तरिक तथा बाह्य रोजगारीमा गएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने, वैदेशिक रोजगारमा जानेहरूका लागि अभिमुखीकरण र परामर्श सेवा उपलब्ध गराउने र विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनशील कार्यमा लगानी गर्ने वातावरण बनाउनेतर्फ ध्यान दिन जरूरी छ। अतः लगानी अभिवृद्धि गरी रोजगारीका अवसरहरू सृजना गर्नेतर्फ नगरपालिकाले कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ।

(ख) निर्वाहमुखी र परम्परागत खेती प्रणालीबाट न्यून उत्पादन हुने भएकोले कृषिमा यान्त्रिकीकरण, व्यावसायीकरण गर्दै नगदेबाली उत्पादनमा किसानहरूलाई उत्प्रेरित र अनुदानमुखी कार्यक्रमहरू

सञ्चालन गर्न जरूरी देखिन्छ। खाद्य सुरक्षातर्फ नगरपालिकाले सहकारी, निजी, गैसस, वित्तीय संस्था तथा नगरपालिकाभित्र रहेका कृषक समूहहरूसँग समन्वय र साझेदारी गर्दै चिस्यान केन्द्रहरू र खाद्य डिपोहरूको विस्तरमा जोड दिनुपर्ने आवश्यकता छ।

(ग) नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गर्दै आएको आधारभूत सेवालाई गुणस्तरीय बनाउनकालागि स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण तथा प्राविधिक सामग्रीको व्यवस्थापनलाई अभिवृद्धि गर्दै लैजानु पर्ने आवश्यकता छ।

(घ) दक्ष र सक्षम शैक्षिक जनशक्ति उत्पादनका लागि शिक्षालाई प्रविधिसँग जोड्दै अघि बढ्ने कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ।

(ङ) लैङ्गिक समानताको क्षेत्रमा नगरपालिकाले सञ्चालन गर्दै आएको कार्यक्रमहरूलाई निरन्तरता दिदैं यस क्षेत्रमा समस्याको रुपमा रहेको लैङ्गिक हिंसाका घटनाहरू न्यूनीकरण गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ। अझै पनि मानिसहरूमा छोरी र बुहारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने तर्फ नगरपालिकाले पहल गर्नुपर्ने आवश्यकता छ।

(च) श्रमिकहरूको ज्यालामा अहिले पनि लैङ्गिक विभेद कायम रहदै आएकोले नगरपालिकाले यसतर्फ विशेष पहलकदमी लिई नगरपालिकामा कार्यरत विभिन्न उद्योग, गैसस तथा सहकारीसँग समन्वय गर्दै उचित कार्यक्रमहरू तय गर्नुपर्ने आवश्यकता छ।

(छ) नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि केही सकारात्मक पहल गर्दै आएता पनि यस क्षेत्रमा प्लास्टिकजन्य फोहोर, मरेका पशुहरूको र मिति गुज्रेका सामानहरूको व्यवस्थापन प्रमुख चुनौतीको रुपमा रहेकाले यस्ता चुनौतीहरूको सामना गर्दै वैकल्पिक विधिहरू अवलम्बन गर्न नगरपालिकाले उचित कदम चाल्नु पर्ने आवश्यकता छ।

(ज) नगरपालिका क्षेत्रमा विद्युत विस्तार भएता पनि निरन्तर विद्युत आपूर्तिको सुनिश्चितता गर्नका लागि नयाँ ट्रान्स्फरमर जडान, काठका पोलहरू परिवर्तन गर्ने जस्ता कार्यक्रमहरूको लागि बजेट विनियोजन गर्नु पर्ने आवश्यकता छ। विशेतः नगरपालिकाको ग्रामीण क्षेत्रहरूमा छरिएर रहेका बस्तीहरूमा वैकल्पिक ऊर्जाकोरुपमा सौर्य ऊर्जायलाई विस्तार गर्दै लैजाने योजनाहरू कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

(झ) कोभिड-१९ महामारीले तहसनहस बनाएको आर्थिक क्षेत्रलाई पुनर्उत्थान र चलायमान बनाउनको लागि नगरपालिकाले औद्योगिक पूर्वाधारहरूको निर्माण, दक्ष जनशक्तिको उत्पादन, विदेशी लगानीको हस्तान्तरण, युवाहरूलाई स्वदेशमै श्रम गर्नसक्ने वातावरणको सृजना गर्नेतर्फ नगरपालिका अग्रसर हुनुपर्ने महसुस गरिएको छ।

(ञ) पूर्वाधार विकासतर्फ वातावरणमैत्री आवास व्यवस्थापन गर्ने, शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थितरुपले बसोबास गरेका घरपरिवारलाई उचित व्यवस्थापन गर्ने, अव्यवस्थित रुपमा भईरहेको शहरी विकासलाई व्यवस्थापन गर्दै अघि बढ्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

(ट) वनजङ्गल क्षेत्रको सदुपयोगको लागि जडीबुटी खेती, सङ्कलन तथा वैज्ञानिक व्यवस्थापनको विषयमा पर्याप्त अनुसन्धान तथा प्रयोगलाई प्राथमिकता दिई दुर्लभ र उच्च मूल्यका जडीबूटिको निजी जमिनमा खेती गर्ने कार्यलाई अघि बढाउनु पर्ने देखिन्छ।

## ४.३ स्रोतहरूको आधार र विनियोजन पुनः प्राथमिकीकरण गर्ने तरिका

आयस्रोत सुनिश्चित गरी परिचालन गर्दै स्रोतहरूको आधार र विनियोजन पुनः प्राथमिकीकरण गर्न कुश्मा नगरपालिकाले निम्नानुसार गर्नु पर्नेछः

(क) नगरपालिकाको आन्तरिक आय बढाउन नगरपालिकावा लाई थप आर्थिक भार नपर्ने गरी आम्दानीका स्रोत र दायरा फराकिलो पार्ने। यसकालागि कार्यदल गठन गरी अध्ययन गर्ने;

(ख) स्रोत जुटाउन व्यापक जनसहभागिता जुटाउनुको साथै योजना र कार्यक्रमहरू छनौट गर्दा समेत भवीष्यमा दिगो स्रोत प्राप्त हुने विषयमा विशेष ध्यान दिने;

(ग) नगरपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको कार्यान्वयन दक्षताका साथ विश्वास हासिल गर्न ध्यान दिने;

(घ) सहभागिता मूलक योजना प्रक्रियामा टोलबस्ती हुँदै वडाको प्राथमिकीकरणबाट नगरपालिकामा प्राप्त भएका योजनाहरूलाई उपलव्ध स्रोतका आधारमा प्राथमिकीकरण गरी बाँडफाँट गर्ने;

(ङ) बजेट विनियोजनलाई पुनःप्राथमिकीकरण गर्दा रोजगारी वृद्धि हुने परियोजनालाई महत्वका साथ प्राथमिकता दिने।

नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्नका लागि छनौट गरी अल्पकालीनरुपमा सञ्चालन गरेका कार्यक्रमहरूको नतिजा मूल्याङ्कन गर्न सक्षम जनशक्ति तथा तथ्याङ्क प्रणाली विकास गर्दै जाने लक्ष्य लिएको छ। दिगो विकास लक्ष्यका सूचकहरूमा रहेको अवस्था अद्यावधि गर्दै नगरपालिकालाई तुलनात्मक रुपमा पछि परेका क्षेत्रहरूमा बजेट पुनः प्राथमिकीकरण सजिलो हुने विश्वास गरिएको छ। उदाहरणका लागि नगरपालिकाले पूर्वाधार विकास, शिक्षा तथा स्वास्थ्यमा उल्लेख भएका दिगो विकास लक्ष्यका अधिकांश सूचकहरू हासिल गरिसकेको छ भने गरीवी निवारण तथा लैङ्गिक समानताको क्षेत्रमा पछि परेको छ। आगामी आर्थिक वर्षमा यी क्षेत्रका कार्यक्रमहरूमा रकम पुनःप्राथमिकीकरण गर्न आवश्यक छ।

## ४.४ दिगो विकास लक्ष्य प्राप्त गर्न चाहिने वित्तीय र मानवीय स्रोतहरू परिचालन विधि

दिगो विकास लक्ष्य हासिल गर्न यस नगरपालिकाले आफ्ना परम्परागत आर्थिक स्रोतहरूका अलावा निजी तथा सहकारी र गैरसरकारी संस्थाहरूलाई लगानी प्रोत्साहनको लागि वातावरण बनाउँदै जानुपर्ने छ। निजी क्षेत्रहरूलाई प्राविधिक शिक्षा (लक्ष्य ४) पूर्वाधार क्षेत्र (लक्ष्य ९), पर्यटन क्षेत्र (लक्ष्य ८) तथा कृषिक्षेत्र (लक्ष्य २) लगानीका लागि थप प्रोत्साहन गर्दै सहकारीताको विकास गर्नुपर्ने छ। निजी क्षेत्रहरूलाई लगानीमैत्री वातावरण सिर्जना गर्नका लागि नगरपालिकाले आवश्यक नीतिनियम तथा कार्यविधि बनाई समन्वय गर्नुपर्ने आवश्यकता रहेको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवायुवतीहरूलाई कृषि क्षेत्रमा (लक्ष्य २) लगानी गर्ने वातावरण बनाउँदै जानुपर्ने अवस्था रहेको छ। साथै सामाजिक कुरीति विसङ्गती तथा महिलाहिंसा न्यूनीकरण (लक्ष्य ५) गर्न नगर क्षेत्रमा रहेका युवा क्लव र महिला समूहलाई परिचालन गरी जनचेतना अभिवृद्धि गर्ने कार्यमा अघि बढ्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

## ४.५ राजनीतिक र विकास एजेन्डाबीच समन्वय र सन्तुलन कायम गर्ने विधि

विकास र राजनीति अन्तरसम्बन्धित छन्। स्थिर राजनीतिक अवस्थाले विकासलाई गतिशील बनाउँछ। बहुआयामिक, बहुउद्देश्यीय, गतिशील एवम् सकारात्मक परिवर्तनको प्रक्रिया राजनीतिबाटनै सुरु हुन्छ। नगरपालिकाका नागरिकको अपेक्षालाई सम्बोधन गर्न र स्थानीय आवश्यकताअनुरूप विकास गतिविधिहरू सञ्चालन गर्न स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरूको ठूलो भूमिका रहन्छ।

(क) विभिन्न राजनैतिक दलका प्रतिवद्धताहरूको साझा विन्दु पहिल्याई नगरपालिकाले गर्नसक्ने कार्यक्रमहरूको पहिचान गरी नीति तथा कार्यक्रममा समेट्ने र सोहीअनुरूप बजेट विनियोजन गरी कार्यान्वयन गर्ने;

(ख) राजनैतिक र विकास एजेन्डाबीच सन्तुलन कायम गरी विकास योजनाहरू सुचारु गर्ने कार्यमा जोड दिने;

(ग) निर्वाचित जनप्रतिनिधिहरूले जुनसुकै राजनीतिक दललाई प्रतिनिधित्व गरेता पनि कुनै राजनीतिक पूर्वाग्रह नराखी स्थानीय विकासका नीति, योजना तथा कार्यक्रमहरूलाई समग्र नगरवासीको हितका लागि निरन्तरता दिने।

## ४.६ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रमबीच सन्तुलन गर्ने विधि

यस नगरपालिकाले आफ्ना आवधिक योजनाअनुसार मध्यमकालीन खर्च संरचना र मध्यमकालीन खर्च संरचनाले प्राथमिकतामा राखेका कार्यक्रमहरूलाई आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्दै आएको छ। निश्चित लक्ष्य र समयसीमाभित्र सम्पन्न गर्नेगरी सञ्चालित कार्यक्रमहरू समयमा नै सम्पन्न नहुने एक प्रमुख समस्याको रुपमा रहेको छ। प्राकृतिक विपत तथा महामारी, काम ओगटेर समयमा नै सम्पन्न नगरी लागत बढाउने नियति जस्ता कारणले प्रस्तावित कार्यक्रमहरू समयमा नै सम्पन्न हुने कठिनाइले गर्दा दिगो विकास लक्ष्य हासिल हुन केही चुनौती रहेका छन्। आगामी आर्थिक वर्षदेखि मानवीय कारणले समयमा सम्पन्न नहुने कार्यक्रमहरूमा न्यूनीकरण गरी वार्षिक कार्यक्रमहरूलाई आवधिक कार्यक्रमसँग सन्तुलन गर्दै अघि बढ्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

## ४.७ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रममा लगानीका प्राथमिकता तोक्ने विधि

कुश्मा नगरपालिकाले शिक्षा, स्वास्थ्य र सडक पूर्वाधारको क्षेत्रमा अपेक्षित सफलता हासिल गरेको र गरीवी निवारण, कृषि, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरू सापेक्षिकरुपमा पछि परेका हुनाले यस्ता क्षेत्रमा वित्तीय हस्तान्तरण, आन्तरिक स्रोत तथा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप लगानी बढाउनु पर्ने देखिन्छ। दीर्घकालीन सोच पूरा गर्न आवश्यकता र सम्भाव्यता आध्यन गरी संघ र प्रदेशसँगको समन्वयमा योजना तथा कार्यक्रम तयार गर्ने; मध्यमकालीन विकास लक्ष्यलहरू आवश्यकताअनुसार परिमार्जन र परिस्कृत गर्दै लैजाने र वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन लक्ष्यहरू मध्यनजर गर्दै बजेट विनियोजन गर्ने पद्दतीको अवलम्बन गर्दै अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्यहरूमा सन्तुलन कायम गर्नुपर्ने छ।

## ४.८ दिगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिकालाई प्रोत्साहनको व्यवस्था

कुश्मा नगरपालिका आफ्ना विकास योजनाहरू सञ्चालन गर्न संघ र प्रदेशबाट प्राप्त वित्तीय हस्तान्तरणको रकममा निर्भर रहेको छ। आन्तरिक स्रोतबाट उठेको रकमले मात्र आफ्ना एकल अधिकार क्षेत्रभित्र परेका कार्यक्रमहरूलाई चित्त बुझ्दो तरिकाले सम्बोधन गर्न सकिरहेको छैन। विशिष्ट नतिजामूलक कार्य सम्पादन गर्न गराउन प्रोत्साहनको व्यवस्था गर्दा थप प्रभावकारी कार्यान्वयन गराउन सकिन्छ। संघ र गण्डकी प्रदेश सरकार तथा सम्बन्धित विषयगत निकायहरूले यस्ता केही प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा ल्याएका छन्। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उत्कृष्ट कार्य सम्पादन गर्ने स्थानीय तहलाई वित्तीय समानीकरण अन्तर्गत स्थानीय तहले पाउने अनुदानको न्यूनतम बाहेकको रकममध्ये २.५ प्रतिशत प्रोत्साहनका लागि छुट्याएको छ। यस्तै, संघीय सरकारको विकृतिमुक्त स्थानीय तहलाई नगद एक लाख प्रोत्साहन प्रदान गर्ने, युवामैत्री स्थानीय तह विकासका लागि प्रोत्साहन कार्यक्रम, कृषि क्षेत्रको रुपान्तरणमा काम गर्ने स्थानीय तहलाई प्रोत्साहन स्वरुप ५५ करोड रुपैयाँ थप अनुदानको व्यवस्था जस्ता प्रोत्साही

योजनाहरू सञ्चालन छन्। यस्ता कार्यक्रमहरूले नगरपालिकालाई जनताको सेवा गर्दै विकासका योजनाहरू सञ्चालन गर्न हौसला पुगेको छ।

## ४.९ स्रोत परिचालन गर्न पालिकाको समुदाय, गैह्रसरकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्था, प्रदेश सरकार र संघीय सरकारसँगको सम्बन्ध

कुश्मा नगरपालिकाले प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणलाई आधार मानी आफ्ना वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विशेषगरी आन्तरिक स्रोत परिचालन र वृद्धिका लागि नगरपालिकाले लिएका नीतिहरू खण्ड ३.६ मा प्रस्तुत गरिएको छ। नगरपालिकाले लिएका उक्त नीतिहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन थप प्रयास गर्नुपर्ने छ। अनुगमन र मूल्याङ्कन गर्न, स्रोतवृद्धि गर्न, तालिम, सूचना प्राप्त गर्न गण्डकी प्रदेशको भूमिका रहन्छ भने स्रोत उपलब्ध गराउन, सामाजिक सुरक्षामा जोड़ दिन, तालिम प्राप्त जनशक्ति उपलब्ध गराउन, ऐन कानुन बनाउन, अन्तरराष्ट्रिय समन्वय गराउन संघीय सरकारको प्रमुख भूमिका रहन्छ। नगरपालिकाले यस क्षेत्रमा सञ्चालित निजी तथा गैसस क्षमता अभिवृद्धि गरी प्रभावकारी कार्य सम्पादनकालागि विभिन्न तालिमहरू प्रदान गर्दै आएको छ। विकास कार्यमा निजी क्षेत्रको आवद्धतालाई सहज बनाउन विभिन्न नीति तथा कार्यविधिहरू तर्जुमा गर्दै आएको छ। नगरपालिकाले निजी तथा गैससलाई गरीवी न्यूनीकरणमा सहयोग गर्ने कार्यहरू सञ्चालन गर्न थप प्रोत्साहन गर्नुपर्ने आवश्यकता रहेको छ। साथै, गैससहरूले एकद्वार प्रणालीबाट परिचालन गर्न आवश्यक व्यवस्थाको खाँचो रहेको छ।

## ४.१० प्रस्तावित कार्य कार्यन्वयनको लागि अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आङ्कलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ। विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ।

कुश्मा नगरपालिकाको लक्ष्यअनुसारको प्रगति मापन गर्न आफ्नो क्षेत्राधिकार भित्रका विषयगत ऐन, कानुन, नियम, निर्देशिका, कार्यविधि निर्माण गर्दा अनुगमन तथा मूल्याङ्कनको व्यवस्थासहित निर्माण गर्ने, आयोजना तथा कार्यक्रमको वर्गीकरण गरी प्राथमिकताअनुसार अनुगमन तथा मूल्याङ्कनको अवधि-मासिक, त्रैमासिक अथवा वार्षिक अन्तराल तय गर्ने, नतिजामूलक अनुगमन र मूल्याङ्कन खाका तयार गरी प्रचलनमा ल्याउने, नतिजा मापनका सरल सूचक एवम् फारमहरूको प्रयोग गर्ने, विकास प्रक्रियाका सबै चरणमा नतिजा सुनिश्चित गर्ने, कार्यक्रम तर्जुमा, अनुगमन र मूल्याङ्कनलाई नतिजासँग आबद्ध गर्ने र लगानी र क्रियाकलापलाई नतिजासँग आबद्ध गर्ने र हासिल भएका नतिजालाई शिक्षा लिई निर्णय गर्ने परिपाटीको विकास गर्नुपर्ने छ।

# अनुसूची-१

## स्थानीय तहका क्षेत्र अधिकार

| स्थानीय तहको संवैधानिक अधिकार तथाकार्यदिशा (अनुसूची –८) | अधिकारको साझा सूची (अनुसूची –९) |
|---|---|
| • नगर प्रहरी<br>• सहकारी संस्था<br>• एफ.एम. सञ्चालन<br>• स्थानीय कर, सेवा शुल्क तथा दस्तुर<br>• स्थानीय सेवा व्यवस्थापन<br>• स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन<br>• स्थानीयस्तरका विकास आयोजना तथा परियोजना<br>• आधारभूत र माध्यमिक शिक्षा<br>• आधारभूत स्वास्थ्य र सरसफाई<br>• स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, र जैविक विविधता<br>• स्थानीय सडक, ग्रामीण सडक र सिँचाई<br>• नगरसभा र मध्यस्थताको व्यवस्थापन<br>• स्थानीय अभिलेख व्यवस्थापन<br>• जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण<br>• कृषि तथा पशुपालन, कृषि उत्पादन ,पशु स्वास्थ्य ,सहकारी<br>• जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन<br>• बेरोजगारको तथ्याङ्क सङ्कलन<br>• कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण<br>• खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा<br>• विपद् व्यवस्थापन<br>• जलाधार, वन्यजन्तु ,खानी तथा खनिज पदार्थको संरक्षण<br>• भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | • खेलकुद र पत्रपत्रिका<br>• स्वास्थ्य<br>• विद्युत, खानेपानी तथा सिँचाई<br>• कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>• वन, जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>• सामाजिक सुरक्षा र गरीवी निवारण<br>• व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क<br>• पूरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय<br>• सुकुम्बासी व्यवस्थापन<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• सवारी साधन अनुमति |

# अनुसूची २ः

## संघीय कानुन, ऐन, नियम

| ऐन | निर्देशिका - अध्यादेश |
|---|---|
| • स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>• लेखापरीक्षण ऐन, २०७५<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४<br>• कर्मचारी समायोजन ऐन २०७४<br>• सूचनाको हकसम्बन्धी ऐन-२०६४ | • गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६<br>• स्थानीय शासन स्रोत पुस्तिका<br>• स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश २०७४ |
| **कार्यविधि** | **नियमावली** |
| • कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन)कार्यविधि, २०७६<br>• नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६३<br>• सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ (संशोधनसहित)<br>• दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५—२०३०)<br>• राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/०७७—२०८१/०८२) | • कर्मचारी समायोजन नियमावली २०७४<br>• निजामती सेवाका कर्मचारीहरूको आचरणसम्बन्धी नियमावली २०६५<br>• सूचनाको हकसम्बन्धी नियमावली |

# अनुसूची-३

**गण्डकी प्रदेशले तर्जुमा गरेका कानुन, ऐन, नियम**

| ऐन | निर्देशिका - अध्यादेश |
|---|---|
| • प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४<br>• मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५<br>• प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५<br>• प्रदेश लोकसेवा आयोग ऐन, २०७६<br>• प्रदेश सुशासन ऐन, २०७६<br>• गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधासम्बन्धी ऐन, २०७६<br>• प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०७६<br>• गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७<br>• गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ | • गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९<br>• स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९<br>• गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८<br>• नमुना कार्यालय मापदण्ड, २०७६<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण निर्देशिका एवम् सूचक, २०७९<br>• नीति तथा कार्यक्रमसम्बन्धी अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८<br>• सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका, २०७७<br>• विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धी मार्गदर्शन, २०७७<br>• सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७७<br>• सार्वजनिक निकायको औपचारिक बैठक तथा समारोह सञ्चालन निर्देशिका, २०७६<br>• मन्त्रिपरिषद्का सदस्यहरूको आचारसंहिता, २०७४ |

| कार्यविधि | नियमावली |
|---|---|
| • मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९<br>• आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७६ (दोस्रो संशोधन समेत मिलाइएको)<br>• व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ (चौथो संशोधनसहित)<br>• विशिष्ट व्यक्ति सम्मान गर्ने सम्बन्धी कार्यविधि,२०७८<br>• गण्डकी प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८<br>• नमुना कार्यालय छनौट कार्यविधि, २०७८<br>• प्रदेश निजामती सेवा पुरस्कारसम्बन्धी कार्यविधि, २०७<br>• स्थानीय तहमा स्वयम् सेवक परिचालनसम्बन्धी कार्यविधि, २०७७<br>• विदा पर्यटन कार्यविधि, २०७६<br>• गण्डकी प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | • प्रदेश सरकार, प्रदेश नं ४ (कार्य विभाजन) नियमावली, २०७४<br>• गण्डकी प्रदेश सरकार(कार्य विभाजन) नियमावली,२०७४ को अनुसूची हेरफेर<br>• प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४<br>• सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६<br>• गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली,२०७७<br>• प्रदेश सुशासन नियमावली, २०७७<br>• गण्डकी प्रदेश लोकसेवा आयोग नियमावली, २०७८<br>• निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६<br>• प्रदेश सरकार, प्रदेश नं. ४ को कार्यविभाजन नियमावली २०७४ |

# अनुसूची- ४

## कुश्मा नगरपालिका आफैंले बनाएका कानुन, ऐन, नियम तथा कार्यविधि

| ऐन | नियमावली, कार्यविधि, आचारसंहिता, निर्देशिका |
|---|---|
| • कुश्मा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन गर्न बनेको ऐन, २०७५<br>• कुश्मा नगरपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५<br>• कुश्मा नगरपालिकाको सहकारी ऐन, २०७५ पहिलो संशोधन<br>• कुश्मा नगरपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५<br>• कुश्मा नगरपालिकाको फोहोरमैला व्यावस्थापन सम्बन्धी ऐन, २०७५<br>• कुश्मा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६<br>• कुश्मा नगरपालिकाको न्यायिक समिति (कार्यविधि) ऐन, २०७६<br>• नगर प्रहरी व्यावस्थापन ऐन २०७७ | • कुश्मा नगरपालिकाको कार्यविभाजन नियमावली, २०७४<br>• कुश्मा नगरपालिकाको कार्यसंपादन नियमावली, २०७४<br>• कुश्मा नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४<br>• कुश्मा नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४<br>• कुश्मा नगरपालिका पदाधिकारीहरुको आचारसंहिता, २०७४<br>• कुश्मा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५<br>• कुश्मा नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५<br>• कुश्मा नगरपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७५<br>• कुश्मा नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५<br>• कुश्मा नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५<br>• कुश्मा नगरपालिकाको एफ. एम. रेडियो (व्यावस्थापन तथा संचालन) कार्यविधि, २०७५<br>• कुश्मा नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५<br>• कुश्मा नगरपालिकाको टोल विकास संस्था संचालन कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकाको भवन निर्माण सम्बन्धी कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यावस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नति तथा सेवा थप सम्बन्धी कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकाको घर बहाल कर व्यावस्थापन कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकाको बालमैत्री स्थानिय शासन कार्यविधि, २०७६<br>• कुश्मा नगरपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि, २०७७<br>• संपत्ति कर व्यवस्थापन कार्यविधि, २०७७<br>• कुश्मा नगरपालिकाको अभिलेख तथा सुचना केन्द्र संचालन कार्यविधि, २०७७<br>• कुश्मा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि, २०७७<br>• कुश्मा नगरपालिकाको बाल समूह गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७७<br>• कुश्मा नगरपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन कुश्मा नगरपालिका कृषि तथा पशु फर्म दर्ता तथा कार्यक्रम संचालन कार्यविधि, २०७७ कार्यविधि, २०७७<br>• कृषि अनुदानमा संचालन हुने कार्यक्रमहरुको कार्यविधि, २०७७<br>• कृषि यान्त्रीकरण अनुदान तथा परिचालन सम्बन्धी कार्यविधि २०७७<br>• कृषक समूह गठन तथा व्यावस्थपन कार्यविधि, २०७७<br>• साना सिंचाई कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ |

# सन्दर्भ सूची


| क्र.सं | सामाग्री |
| --- | --- |
| १ | सार्वजनिक खरिद पुनरावलोकन प्रतिवेदन,२०७५ |
| २ | सहकारी झलक, २०७७ |
| ३ | स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ |
| ४ | स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका, २०७७ |
| ५ | दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदन, २०७६ |
| ६ | न्यायिक समितिका असल अभ्यासहरू - नेपाल नगरपालिका संघ |
| ७ | नगरपालिकाको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७७ - नेपाल नगरपालिका संघ |
| ८ | राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ |
| ९ | दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका २०७७ |
| १० | दिगो विकास एजेण्डा २०३० र दिगो विकास लक्ष्यहरूबारे जानकारी पुस्तिका २०७४ - गैरसरकारी संस्था महासंघ नेपाल |
| ११ | दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, डिसेम्बर २०१७ - राष्ट्रिय योजना आयोग |
| १२ | विकास योजनाको अवधारणा, विकासक्रम र संवैधानिक एवम् कानुनी व्यवस्था २०७४ - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १३ | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ |
| १४ | स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरणसम्बन्धी निर्देशिका, २०७४ |
| १५ | स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९ |
| १६ | स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९ |
| १७ | स्थानीय शासन स्रोत पुस्तिका, २०७४ |
| १८ | बजेट पुस्तिका २०७८-७९, कुश्मा नगरपालिका |
| १९ | पालिकाको मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० - २०८१/८२) |
| २० | राष्ट्रिय योजना आयोग, २०१८ः दिगो विकास लक्ष्यको लागि आवश्यकता पहिचान र लगानी रणनीति, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल। |
| २१ | राष्ट्रिय मानव अधिकार आयोग, नेपालः संवाहक मानव अधिकार जर्नल, अङ्क २०, नेपालमा दिगो विकास लक्ष्य र मानव अधिकार — डा. गिरिधारी शर्मा पौडेल। |
| २२ | कुष्मा नगरपालिकाले हालसम्म प्रकाशित गरेका ऐन, कानुन, नीति, नियम, कार्यविधि, नियमावली तथा अन्य दस्तावेजहरू |

प्रकाशकः
कुश्मा नगरपालिका
गण्डकी प्रदेश, पर्वत, कुश्मा
फोनः (+९७७) ०६७-४२०१४१
इमेलः kushmamun@gmail.com
वेबः kushmamun.gov.np